# परिच्छेद एक

# परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

मनोवैज्ञानिकहरुले प्रारम्भिक वाल्यवस्थालाई महत्वपूर्ण अवस्थाको रुपमा मानेका छन् । यस अवस्थामा जुन व्यवहारको विकास हुन्छ त्यो पछिसम्म रहन्छ । यस अवस्थामा व्यक्तिको ९० प्रतिशत दिमागको विकास भइसकेको हुन्छ । त्यसकारण यो अवस्थालाई तीव्र वृद्धि र विकासको अवस्था भनिएको हो । यस अवस्थामा उनीहरुलाई असंख्य ज्ञानेन्द्रिय धारणा सिकाउनाले पछिको विकासमा सहयोग पुग्दछ । तसर्थ बालविकास शिक्षाको अवधारणाको विकास भएको पाइन्छ ।

मानव विकासको सन्दर्भमा प्रारम्भिक बाल्यवस्थालाई उर्वर अवस्था मानिन्छ । मनोवैज्ञानिकहरुले २ वर्षदेखि ६ वर्षसम्मको अवस्थालाई प्रारम्भिक वाल्यवस्थाको रुपमा लिने गरेका छन् । यस उमेरका बालबालिकाहरु विशेष गरेर खेलौनासँग रमाउने, जिज्ञासु र अरुको नक्कल गर्ने स्वभावका हुन्छन् । यस अवस्थाको अन्ततिर साथी बनाउने र विद्यालय जाने हुनाले यस अवस्थालाई पूर्व बाल समूह उमेर र पूर्व विद्यालय उमेर भनिन्छ । यस्ता बालबालिकाहरु अत्यन्तै चकचके र जिज्ञासु स्वभावका हुन्छन् । यस्ता बालबालिकाको क्रियात्मक र संज्ञानात्मक विकासमा तीव्रता पाइन्छ (वेलवासे र साथीहरु, २०६६) । यस उमेरका बालकको भविष्य यिनीहरुलाई दिइने ज्ञान, सीप, धारणा र प्रयोगात्मक क्रियाकलापमा भर पर्दछ । तसर्थ उनीहरुको शारीरक, मानसिक, सामाजिक, सम्वेगात्मक विकासका लागि बालविकास कार्यक्रम सञ्चालन गर्नुपर्दछ ।

पूर्ववाल्यावस्था मानव विकासको आधार स्तम्भ हो । यस अवस्थाका बालबालिकाहरुले आफ्नो वातावरणबारे विशेष जानकारी हाँसिल गर्न खोज्दछन् । यसकारण यस अवस्थालाई खोजपूर्ण अवस्था भनी नामाङ्करण गरिन्छ । यस खोजीको क्रममा उनीहरुले वातावरणलाई आफैले अनुभव गर्न खोज्दछन् । आफ्ना वरिपरीको प्रत्येक वस्तु छुने चलाउने प्रवृत्ति उनीहरुको हुन्छ । यस अवस्थाका बालबालिकाहरुमा आफूभन्दा ठूला व्यक्तिको नक्कल गर्ने प्रवृत्ति अत्याधिक हुन्छ । यस अवस्थाका बालबालिका निकै रचनात्मक हुन्छन् । तसर्थ उनीहरुको सिकाइ अनुकूलको वातावरण तयार पार्नुपर्दछ । यसका लागि बालबालिकालाई बालशिक्षाको आवश्यकता पर्दछ ।

बालशिक्षाले बालबालिकाको शारीरिक, मानसिक, सम्वेगात्मक र बौद्धिक पक्षको विकास हुन्छ । विद्यालय आउने बानी वा आदतको विकास हुन्छ । स्वतन्त्र रुपमा अन्तरनिहित व्यवहार प्रस्फुटन हुने मौका पाउँछ । उसको स्वतन्त्र व्यक्तिवादी भावनाको विकास हुन्छ भने अर्कोतिर सामुहिक कार्यमा संलग्न भइ सहयोगात्मक र सामाजिक समायोजनका व्यवहारहरु सिक्न सक्दछन् । यी कुराहरुले गर्दा प्रारम्भिक बालविकास केन्द्रमा शिक्षण किाइ क्रियाकलाप आवश्यक परेको हो । शिक्षण सिकाइ क्रियाकलापबाट

व्यवहारमा आएको परिवर्तनले प्राथमिक कक्षाको शिक्षण सिकाइमा सहजता र सिकाइ उपलब्धिमा वृद्धि हुन्छ । बालशिक्षा वा प्रारम्भिक बालविकास कार्यक्रमले बालकको सर्वांगिण विकासमा सहयोग गर्दछ ।

हर्लक (१९९७) ले बालविकास केन्द्रको महत्वलाई उल्लेख गर्दै बालविकास केन्द्रलाई दोस्रा घरका रुपमा लिएका छन् । बालविकास केन्द्रले बालकलाई समायोजन हुन मद्दत गर्नु पर्छ ।

यसरी पूर्ववाल्यावस्थाका बालबालिकाको चौतर्फि विकास गर्ने उद्देश्यले सञ्चालित विभिन्न कार्यक्रमलाई बालशिक्षा भनिन्छ । मानव विकासको आधारस्तम्भको रुपमा पूर्ववाल्यवस्थालाई लिने गरिन्छ । यस अवस्थामा भएको विकासले पछिको विकासमा असर पुऱ्याउने हुनाले उनीहरुलाई सकरात्मक विकासतिर डोऱ्याउनु अभिभावक तथा शिक्षकको कर्तव्य हुन आउँछ । पूर्ववाल्यवस्थाका बालकहरुले खेल तथा क्रियाकलापको माध्यमबाट सिक्दछन् भन्ने कुरा विभिन्न सिद्धान्तले व्याख्या गरेका छन् । बालबालिकाको सर्वाङ्गिण विकास गर्ने एउटा थलोका रुपमा बालविकास केन्द्रलाई लिइन्छ ।

बालबालिकाको आदत, कुशल बानीहरु प्राप्त गर्न बालविकास केन्द्रमा सहयोगी कार्यकर्ता र बालबालिकाबीच हुने मनोरञ्जनात्मक अन्तरक्रियालाई शिक्षण सिकाइ क्रियाकलाप भनिन्छ । जहाँ बालक हाँस्छ रमाउँछ, गीत गाउँछ, सहयोगी कार्यकर्तासँग विभिन्न क्रियाकलापमा संलग्न भइ जान आदत बानीहरु निर्माण गर्दछ । साथै साथी, सहयोगी कार्यकर्ता, विषयवस्तु र केन्द्रको वातावरण बीचको अन्तरक्रियाबाट सिकाइ अनुभव प्राप्त गर्दछ । बालकले स्वतन्त्र रुपमा खेल, गीत संगीतबाट सिक्दछ, विभिन्न बाल सामग्रीबाट अनुभव प्राप्त गर्दछ । यसरी सिक्दा सहयोगी कार्यकर्ता वा शिक्षिकाले सहजीकरण गर्दछिन् । यसैलाई प्रारम्भिक बालविकास केन्द्रमा शिक्षण सिकाइ क्रियाकलाप भनिन्छ ( गौतम, २०६८) ।

बालमनोविज्ञान तथा बालविकास सम्बन्धी शिक्षाविदहरुको यथेष्ट अनुसन्धान तर्कहरु र सिद्धान्तहरु प्रतिपादन गरेको पाइन्छ । सर्वप्रथम मारीया मन्टेश्वरी, सिग्मण्ड फ्रायड कोहनवर्ग इरिकइरिसन, जिन पियाजे मुख्य रहेका छन् ।

प्रारम्भिक बाल्यावस्थाको सिकाइ सम्बन्धमा विभिन्न सैद्धान्तिक आधार तथा सिकाइ सिद्धान्तहरु विकसित हुँदै गएका छन् । John Deway (1859-1952) लाई प्रगतिवादी शिक्षाका पिताका रुपमा लिइन्छ । उनले बालकेन्द्रित शिक्षण विधिको विकास गरेका थिए । उनका सिद्धान्तहरु नर्सरी विद्यालयसँग सम्बन्धित छ । उनले खेल र अभिभावक शिक्षामा बढी जोड दिएका छन् । फ्रोवेल (सन् १७८२-१८५२) को विचारमा गरेर सिक्ने वातावरण बालकका लागि उपयुक्त हुन्छ, जसका लागि शारीरिक चाल, हाउभाउ गीत खेल रंगहरुको प्रयोग, कथाकथन विधि प्रयोग गरेर सिकाउन सकिन्छ । शिक्षाले बालकलाई समाजको योग्य सदस्य बनाउनुपर्ने उनको सिद्धान्तले मान्यता राखेको छ । बालकेन्द्रित शिक्षण

प्रक्रियालाई आत्मसात गर्दै बालकलाई क्रियाकलापोन्मुख बनाउन उनले किन्डरगार्डेन विधि प्रतिपादन गरेका छन् । यसरी नै मारिया मन्टेश्वरी (१८७०-१९५२) को शिक्षण विधि सम्बन्धी धारणा इन्द्रिय तालिमबाट शिक्षा प्रदान गर्नुपर्ने भन्ने छ । उनको विधिमा बालकको रुचि र चाहना अनुसार वैयक्तिक गुणलाई उजागर गर्ने गरी स्वतन्त्रतापूर्वक बालकले सिक्न पाउनुपर्ने र सिक्ने क्रममा ज्ञानेन्द्रियको अधिकतम प्रयोग, स्थूल अङ्ग र साना अङ्गको प्रयोग गरी बालक आफैले सिक्ने वातावरण निर्माण गरी सहजीकरण गर्नु शिइक्षकको दायित्व हुन आउँछ । (रिजाल, २०६६)

यसरी पूर्व प्राथमिक कक्षाका बालबालिका बढी चुलबुले, खेल मन पराउने, गीत गाउने कथा सुन्ने, आफ्नै संसारमा रमाउने हुन्छन् । त्यसैले यसमा बढी वाधा अड्चन नगरी डर धम्की आदि नदेखाइ उनीहरमा भएको जाँगरलाई कायम राख्न सहभागी आधार प्रक्रियाबाट सिकिने कुरामा जोड दिएको पाइन्छ । पाठ्यपुस्तक लिएर शब्द, वाक्य कण्ठ गरेर घोक्न लगाउँदा दिर्घकालीन नहुने हुँदा सुनेर छोएर र हेरेर र अनुसन्धान गर्न लगाएर सिकाउनुपर्ने साथै यसको लागिशिक्षकको परिश्रम, मेहनत र लगनशीलताको पनि आवश्यक पर्दछ ।

नेपाल सरकार शिक्षा तथा खेलकुद मन्त्रालय शिक्षा विभागले प्रकाशन गरेको प्रारम्भिक बालविकास निर्देशिका २०६१ र Save the Children Norway को Annual Report (2001) ले बालकको ३ वर्षदेखि ८ वर्ष उमेर सम्म दिइने शिक्षालाई बालशिक्षा मानेको छ । नेपालको सन्दर्भमा सामान्यतया ३ वर्षदेखि ५ वर्ष उमेर सम्मका बालबालिकाहरुका लागि दिइने शैक्षिक कार्यक्रमलाई प्रारम्भिक बालशिक्षा मानेको छ । त्यसैगरी भारतमा ICDS कार्यक्रमका रुपमा सञ्चालन छ । (Bijaya Rattan, 1977) चीनमा निम्न कक्षा (नर्सरी), माध्यमिक कक्षा (के.जी.) र वरिष्ठ कक्षा (माथिल्लो केजी) गरी तीन तहमा विभाजित गरी पूर्वप्राथमिक कक्षा सञ्चालन गरेको पाइन्छ । (शर्मा एण्ड शर्मा, २०६६)

नेपालका शिक्षासम्बन्धी गठन भएका विभिन्न समिति आयोग तथा योजनाकाहरुले पूर्वप्राथमिक शिक्षालाई परिभाषा गरी सञ्चालनको लागि सुझाव प्रस्तुत गरेका छन् । सर्वाङ्गिण राष्ट्रिय शिक्षा समिति २०१८ ले ३ वर्ष नाघिसकेका तर ५ वर्ष ननाघेका बालबालिकाहरुलाई प्रत्येक टोल र गाउँमा १।१ वटा मनोरञ्जन र खेलकुदको व्यवस्था भएको बाल उद्यानको स्थापना गर्न पूर्वप्राथमिक विद्यालयको व्यवस्था गर्नुपर्ने सुझाव पेश गरेको थियो । पूर्वप्राथमिक शिक्षाको औपचारिक परिभाषाका सम्बन्धमा शिक्षा ऐन २०२८ ले ३ वर्ष उमेर पूरा गरेको तर ५ वर्ष उमेर पूरा नगरेका बालबालिकालाई दिइने शिक्षालाई पूर्व प्राथमिक शिक्षाको रुपमा परिभाषित गरेको छ । त्यस्तै राष्ट्रिय शिक्षा आयोग २०४९ ले ४ वर्ष उमेर पुगेका बालबालिकाको चौतर्फि विकासलाई ध्यानमा राखी १ वर्षे पूर्व प्राथमिक शिक्षालाई प्रोत्साहन गर्नुपर्ने कुरामा जोड दिएइको पाइन्छ । उच्च स्तरीय राष्ट्रिय शिक्षा आयोग २०५५ ले शैक्षिक संरचनाभित्र १ वर्षे पूर्व प्राथमिक शिक्षाको व्यवस्था गर्नुपर्ने कुरामा जोड दिएको छ । (बासुकला, २०५५, पेज ८८) यसरी नै उच्चस्तरीय कार्य समिति २०५८ को प्रतिवेदनमा शिशु विकास कार्यक्रम ३ वर्ष

हुनुपर्ने र त्यस्तो कार्यक्रम सञ्चालन रेखदेख र व्यवस्थापन दायित्व गा.वि.स. को हुनुपर्ने र त्यसको लागि एकमुष्ट अनुदान दिनुपर्ने तथा उक्त कार्यक्रमलाई अधिराज्यव्यापी रुपमा विस्तार गर्नुपर्ने कुरा उल्लेख गरिएको छ । यसरी पूर्वप्राथमिक शिक्षालाई प्राथमिक शिक्षाकै तलतिर फैलिने हाँगोका रुपमा लिएको छ । हाल शिक्षा विभागले बालविकासकेन्द्रलाई दुई किसिमले सञ्चालन गर्ने व्यवस्था गरेको छ ।

बालबालिकाको उमेर अनुसार चौतर्फी विकास, सिकाइ क्षमता विकास, कक्षा १ मा भर्ना हुन तयार गर्ने अभिप्रायले समुदायले सञ्चालन गरेको केन्द्रलाई समुदायमा आधारित बालविकास केन्द्र भनिन्छ । यस प्रकारको केन्द्रमा ३ र ४ वर्ष उमेर समूहका बालबालिकालाई एउटा स्थानमा राखेर सिक्ने वातावरण बनाइन्छ । यस प्रकारको केन्द्र प्राथमिक विद्यालयको पहुँचभन्दा करिब १०-१५ मिनेट टाढा हुनुपर्ने छ । यस्तो केन्द्रमा प्रत्येक नयाँ ३ वर्ष उमेर पुगेका बच्चा भर्ना गरिन्छ । यसरी नै ४ वर्ष उमेर पुगेका बालबालिकाको चौतर्फी विकास गर्ने र कक्षा १ को निमित्त तयार गर्ने उद्देश्यले पूर्वप्राथमिक कक्षामा सञ्चालन गरिने शैक्षिक कार्यक्रमलाई पूर्व प्राथमिक शिक्षा भनिन्छ (शिक्षा विभाग, २०६७) ।

पूर्वप्राथमिक तह वा बालविकास केन्द्रलाई व्यवस्थित गर्ने क्रममा नेपाल सरकार शिक्षा तथा खेलकुद मन्त्रालय, शिक्षा विभाग बालविकास शाखा सानोठिमी भक्तपुरले प्रारम्भिक बालविकास पाठ्यक्रम दिग्दर्शन २०६२ जारी गरेको छ । त्यसै संस्थागत र सामुदायिक स्तरमा सञ्चालित बालविकास तथा पूर्वप्राथमिक कक्षाहरुमा एकरुपता ल्याउन “प्रारम्भिक बालविकास केन्द्रको न्यूनतम मापदण्ड मार्गदर्शक पुस्तिका २०६७” लागू गरिएको छ ।

शिक्षा विभाग, प्रारम्भिक बालविकास केन्द्रको न्यूनतम् मार्गदर्शक पुस्तिका, २०६७ मा उल्लेख भए अनुसार प्रारम्भिक बालविकास केन्द्र सञ्चालन गर्न शिक्षण सिकाइ क्रियाकलाप सञ्चालनका लागि छुट्टै कक्षाकोठा व्यवस्थापन, आवश्यक भौतिक र शैक्षिक व्यवस्था गर्नुपर्दछ । भौतिक व्यवस्थापन अन्तर्गत केन्द्रको भवन, शौचालय, खेल्ने चौर, खानेपानी बस्ने गुन्द्री वा कार्पेट हुनुपर्ने शैक्षिक व्यवस्थापन अन्तर्गत बालबालिकाको उमेर अनुसार सिकाइ क्षेत्र छुट्याइएको उपयुक्त कक्षाकोठा व्यवस्थापन तथा बालबालिकाको उमेर सुहाउँदो उपयुक्त शिक्षण सिकाइ र उपयुक्त भित्री र बाहिरी वातावगरण व्यवस्थापन हुनुपर्ने र तालिम प्राप्त सहजकर्ता हुनुपर्दछ ।

नेपालमा केही वर्ष अघिदेखि प्रारम्भिक बालविकास केन्द्रको विस्तार प्रभावकारी सिकाइमा जोड दिँदै आएको पाइन्छ । महिलाहरु घरबाहिरको काममा व्यस्त हुने हुनाले महिलाहरुको पनि त्यसप्रति चासो बढ्दै गएको छ भने सामुदायिक विद्यालयमा एक वर्षे बालशिक्षा कार्यक्रम सञ्चालन भएको छ । संस्थागत विद्यालयबाट सञ्चालित पूर्वप्राथमिक कक्षामा धेरै बोझिलो ज्ञानपक्षमा जोड दिने पाठ्यक्रम र पाठ्यवस्तुमा आधारित कक्षा व्यवस्थापन उपयोग भइरहेको छ भने बालशिक्षा तथा पूर्वप्राथमिक कक्षा सञ्चालनको लागि प्रयाप्त बजेटको अभाव देखिन्छ । नेपाल सरकार शिक्षा मन्त्रालयले एकातिर बालविकास केन्द्र खोल्ने कुरालाई प्रोत्साहन गरेको छ भने अर्कोतिर बालमैत्री वातावरण सिक्न उत्प्रेरित

गर्ने र सो अनुसार बालकले सिक्ने वातावरण मिलाई शिष्टाचार र चारित्रिक गुण विकास गर्ने क्रियाकलाप गर्नुपर्दछ । प्रारम्भिक बालविकासको लक्ष्य हासिल गर्न कक्षाकोठामा उपयुक्त सिकाइ वातावरण तयार गरी कक्षा आकर्षक, चुनौतिपूर्ण तथा केटाकेटीहरुलाई सृजनशील बन्न अवसर प्रदान गर्ने खालको हुनुपर्दछ भनेको छ, तर बजेटको अभाव लगायत संस्थागत विद्यालयको नाफामुखी प्रवृत्तिका कारण बालमैत्री शिक्षण हुन नसकेको अवस्था छ । साथै तालिम प्राप्त र दक्ष शिक्षकको अभाव छ । यस नेपालमा सामुदायिक र संस्थागत विद्यालयमा सञ्चालित बालकक्षामा शिक्षण सिकाइ क्रियाकलाप सम्बन्धी अध्ययन गर्ने प्रयास गरिएको छ ।

## १.२ समस्याको कथन

प्रारम्भिक बाल्यावस्था मानव जीवनको ज्यादै महत्वपूर्ण अवस्था हो । नेपालमा गर्भदेखि ५ वर्षको अवस्थालाई प्रारम्भिक वाल्यावस्थाको रुपमा लिइन्छ । बालबालिकाको समुचित विकासमा देशको भविष्य निर्भर गर्दछ । नेपालमा वि.सं. २०५६ सालमा शिक्षा मन्त्रालयको स्थापना भएपश्चात् शिशुकक्षाहरु समुदायमूलक बालविकास केन्द्रका रुपमा सञ्चालन हुन थाले । पूर्व वाल्यावस्थाका बालबालिकाहरुका सर्वाङ्गिण विकासमा सहयोग पुऱ्याउने उद्देश्यले प्रारम्भिक बालविकास केन्द्र अथवा पूर्वप्राथमिक कक्षाहरु सञ्चालन गरिएका छन् । आर्थिक वर्ष २०६७०६८ सम्ममा नेपालमा ३३,४०४ बालविकास केन्द्र खुलिसकेका छन् भने थप २००० बालविकास केन्द्र खोल्ने त्रिवर्षिय योजनाको लक्ष्य रहेको छ ।

प्रारम्भिक बालविकास सम्बन्धी विभिन्न शिक्षा योजना, नीति र अध्ययनबाट प्राप्त नतिजा अनुसार प्रारम्भिक बालविकास केन्द्रले बालबालिकाको विकासका निम्ति आन्तरिक र बाह्य क्रियाकलाप गराउनुपर्नेमा जोड दिएको छ । बालबालिकाले वातावरणबाट नयाँ चित्र र ज्ञान प्राप्त गर्दछन । बालबालिकालाई सजिलो रप्राकृतिक रुपले सिक्नको लागि सुरक्षित र स्वतन्त्र रुपले सिक्ने वातावरण तयार पार्नुपर्दछ ।

बालबालिकालाई स्वतन्त्र रुपले सिक्नको लागि कक्षाकोठामा विभिन्न सिकाइ क्षेत्रको व्यवस्थापन गर्नुपर्ने हुन्छ र बालबालिकालाई अनौपचारिक रुपमा स्वतन्त्र वातावरणमा सिकाउनु पर्दछ । प्रारम्भिक बालविकास केन्द्रमा विभिन्न भाषिक, जातिगत, संस्कार, आर्थिक पृष्ठभूमिबाट बालबालिका आएका हुन्छन् । यी सबैलाई बुझेर शिकक्षण गर्नु एउटा चुनौतिपूर्ण कार्य रहेको छ ।

यसभन्दा अगाडि बालविकास केन्द्रको वर्तमान अवस्था, सामुदायिक विद्यालयमा सञ्चालित बालकक्षामा भएका शिक्षण सिकाइ क्रियाकलाप, मन्टेश्वरी विधिबाट शिक्षण भएका र अन्य विधिबाट शिक्षण सम्बन्धी विभिन्न अध्ययन भएका छन् । मेरो अध्ययन संस्थागत र सामुदायिक विद्यालयमा कस्ता-कस्ता शिक्षण सिकइ क्रियाकलाप भएका छन् । दुई विद्यालयबीचको शिक्षण सिकाइ क्रियाकलापमा के फरक छन् ? प्रारम्भिक बालविकास शिक्षण गर्ने शिक्षकको कस्ता समस्या भोग्नु परेको छ । यिनै कुरालाई

मध्यनजर गरी "सामुदायिक र संस्थागत विद्यालयमा सञ्चालित बालविकास केन्द्रमा शिक्षण सिकाइ क्रियाकलापको तुलनात्मक अध्ययन" शिर्षकमा यो अध्ययन गर्ने प्रयास गरिएको छ ।

## १.३ अनुसन्धान प्रश्नहरु

प्रारम्भिक बालविकास केन्द्र तथा पूर्वप्राथमिक कक्षाको शिक्षण सिकाइ क्रियाकलाप सम्बन्धी अध्ययन अनुसन्धान गर्न निम्नलिखित अनुसन्धानात्मक प्रश्नहरुमा आधारित छ हुनेछ जसले अध्ययनको उद्देश्य पूरा गर्न सहयोग पुग्नेछ ।

(क) शिक्षण सिकाइ क्रियाकलापको लागि के-कस्ता योजनाहरु तयार गरिएको छ । योजनाहरुको कार्यान्वयनको अवस्था कस्तो छ ?

(ख) शैक्षिक जनशक्तिको अवस्था कस्तो छ ?

(ग) कक्षाकोठाको भौतिक र शैक्षिक व्यवस्थापनको अवस्था कस्तो छ ?

(घ) बाह्य वातावरण व्यवस्थापनको अवस्था कस्तो छ ?

(ङ) विषयवस्तु अनुसार बौद्धिक विकास, शारीरिक विकास, सामाजिक विकासको लागि कस्ता कस्ता क्रियाकलाप गरिएको छ ?

(च) मूल्याङ्कन प्रक्रिया र पृष्ठपोषणको अवस्था कस्तो छ ?

(छ) बालशिक्षा पढाउने शिक्षकले कस्ता कस्ता समस्या भोग्नु परेको छ ?

## १.४ अध्ययनको औचित्य

पूर्वप्राथमिक वा प्रारम्भिक बालविकास केन्द्रमा हुने शिक्षण सिकाइ क्रियाकलापप्रक्रिया वास्तविक र संवेदनशील अनुभवमा आधारित हुनुपर्दछ । प्रारम्भिक बालविकास केन्द्रलाई प्रभावकारी रुपमा सञ्चालन गर्न आन्तरिक र बाह्य वातावरणको व्यवस्थापन गर्नुपर्दछ । आन्तरिक वातावरण भन्नाले कक्षाकोठा व्यवस्थापन वा कोठाभित्रको वातावरणलाई सम्झनुपर्दछ । कक्षामा विभिन्न सिकाइ क्षेत्रहरु अथवा क्रियाकलाप क्षेत्रको व्यवस्था गरेको हुनुपर्दछ । बालबालिकालाई स्वभाविक वातावरणमा सिक्ने किसिमको बालकेन्द्रित शिक्षण पद्धतिमा जोड दिनुपर्दछ । तर बालविकास केन्द्रका सहयोगी कार्यकर्ताले परम्परागत विधिबाट शिक्षण गरेको पाइन्छ भने कक्षाकोठाको रचना र व्यवस्थापन निरन्तर रुपमा परम्परागत भएकोले उपयुक्त शिक्षण सिकाइ वातावराण सहज बन्न सकेको छैन तसर्थ बालबालिकाको सिकाइ उपलब्धि सोचेजस्तो हुन सकेको छैन । अतः यस अध्ययनले बालविकास केन्द्रमा शिक्षण सिकाइ क्रियाकलापको वास्तविक अवस्था के छ ? संस्थागत र सामुदायिक विद्यालयमा सञ्चालन गरिएका बालविकास केन्द्रमा कस्ता-कस्ता क्रियाकलाप सञ्चालन भएका छन् ? सवल पक्षहरु के के छन् ? शिक्षण सिकाइमा भएका कमीकमजोरी सुधार गरी शिक्षक वा विद्यार्थीको व्यवहार परिवर्तन सिकाइ उपलब्धि वृद्धि गर्ने उपायहरु पहिचान गर्न सहयोग गर्ने हुनाले यस अध्ययनको महत्व रहेको छ । यसको साथै यस अध्ययनको महत्वलाई बुँदागत रुपमा निम्नानुसार उल्लेख गर्न सकिन्छ ।

- प्रारम्भिक बालविकास कार्यक्रम वा पूर्व प्राथमिक कक्षा सञ्चालन गर्ने संस्थालाई सहयोग पुग्नेछ ।
- पूर्व प्राथमिक तहका बालबालिकाका अभिभावकलाई सामुदायिक र संस्थागत विद्यालयको बालशिक्षाको सिकाइ क्रियाकलापको स्थिति पत्ता लगाइ क्षमता अभिवृद्धि गर्न सहयोग पुग्नेछ ।
- बालशिक्षा वा पूर्वप्राथमिक शिक्षा सम्बन्धी भावी कार्यक्रम तय गर्न सहयोग पुग्नेछ ।
- प्रारम्भिक बालविकास कार्यक्रम वा पूर्वप्राथमिक शिक्षा सम्बन्धी चासो लिने व्यक्तिलाई सहयोग पुग्नेछ ।

## १.५ अध्ययनको उद्देश्य

यस अध्ययनको उद्देश्य निम्नानुसार रहेको छ ।

(क) संस्थागत र सामुदायिक विद्यालयमा सञ्चालित बालविकास केन्द्रमा शिक्षण सिकाइ क्रियाकलापको अवस्था पहिचान गर्नु ।

(ख) शिक्षण सिकाइका क्रममा शिक्षकले भोगेका समस्याहरु पहिचान गर्नु ।

## १.६ अध्ययनको परिसीमा

यस अध्ययनलाई समय, स्रोत र साधनको परिधिमा रही निम्न क्षेत्रमा सीमित गरिएको छ ।

(१) काठमाडौं जिल्लामा रहेको एउटा सामुदायिक र एउटा संस्थागत विद्यालयमा यो अध्ययनलाई सीमित गरिएको छ ।

(२) यो अध्ययनलाई खेल समूह (Play group) कक्षामा केन्द्रित गरिएको छ ।

(३) यो अध्ययनमा बालविकास केन्द्रमा भइरहेको शिक्षण सिकाइ क्रियाकलापमा कक्षाकोठा व्यवस्थापन अन्तर्गत भौतिक व्यवस्थापन र सिकाइ केन्द्रको व्यवस्थापन तथा ती केन्द्रमा हुने शिक्षण सिकाइ क्रियाकलापमा केन्द्रित छ ।

(४) यस अध्ययनमा अन्तरर्वार्ता, प्रश्नावली, कक्षा अवलोकन जस्ता साधनको अवलोकनकर्ताद्वारा नै निर्माण गरी सूचनाको सङ्कलन गरिएको छ ।

(५) प्रारम्भिक बालविकास केन्द्रको राष्ट्रिय न्यूनतम मापदण्ड मार्गदर्शक पुस्तिका - २०६७ लाई आधार मानी सोही अनुसार शिक्षण सिकाइ क्रियाकलाप तथा कक्षाकोठा व्यवस्थापन अध्ययन गरी दुवै विद्यालयबीच तुलना गरिएको छ ।

## १.७ शब्दावलीका परिभाषाहरु

**पूर्व प्राथमिक तहः** ४ वर्ष उमेर पुगेका बालबालिकाको चौतर्फी विकास गर्ने र कक्षा १ को निमित्र तयार गर्ने उद्देश्यले पूर्व प्राथमिक कक्षामा सञ्चालन गरिने कार्यक्रमलाई पूर्व प्राथमिक शिक्षा भनिन्छ ।

**बाल शिक्षा :** ३ र ४ वर्ष उमेर समूहका बालबालिकालाई एउटा स्थानमा राखेर सिक्ने वातावरण बनाई सञ्चालन गरेको कार्यक्रमलाई बालशिक्षा भनिन्छ ।

**खेल समूह :** विद्यालय जाने बानी बसाल्ने, सफासुग्घर रहने बानी बसाल्ने उद्देश्यले खेलको माध्यमबाट सिकाइ गर्न सञ्चालन गरेको समूहलाई खेल समूह भनिन्छ ।

# परिच्छेद दुई
# सम्बन्धित साहित्यको पुनरावलोकन

कुनै पनि अनुसन्धान ज्ञानको निश्चित धरातलमा रहेर गरिन्छ । अनुसन्धान गर्नको लागि अनुसन्धान कर्तामा पूर्वस्थापित सिद्धान्तको ज्ञान हुनु आवश्यक हुन्छ । सम्बन्धित साहित्यको समीक्षाले अनुसन्धानकर्ताले जान्न खोजेको, अध्ययन गर्न खोजेको र अनुसन्धान कार्यमा कुनै पनि प्रयास नगरिएको कुराको अध्ययन गर्ने कार्यको लागि ज्ञान दिन्छ । सम्बन्धित साहित्यको समिक्षाले पहिला गरिएको अनुसन्धानात्मक कार्यहरुका बीचमा रहेको दुरीलाई कम गर्नमा सहयोग पुऱ्याउँछ । सम्बन्धित साहित्यको समीक्षाले नै अनुसन्धानात्मक कार्यमा निरन्तरता प्रदान गर्ने र विगतमा भएको अनुसन्धानको आवश्यक नक्कलपन हटाउन सहयोग गर्दछ पूर्व साहित्यको अध्ययनबाट प्राप्त गरिएका ज्ञानले अध्ययनकर्तालाई स्रोतहरुको सम्बन्धित विधिहरुको पहिचानले अनुसन्धानकर्ताको ज्ञान वृद्धि गराउँछ । उपरोक्त महत्वलाई मध्यनजर गर्दै प्रारम्भिक बालविकास केन्द्रमा सञ्चालन गरिने शिक्षण सिकाइक्रियाकलापसँग सम्बन्धित विभिन्न शिक्षाविद्को सैद्धान्तिक विचार यस विषयसँग सम्बन्धित दस्तावेजहरु जस्तै (पूर्ववाल्यावस्थाको परिचय, पूर्ववाल्यवस्थाको शिक्षा, शिक्षण सिकाइ क्रियाकलाप, बालविकास सम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रयासहरु) सैद्धान्तिक तथा अनुसन्धानात्मक साहित्यको निम्नानुसार पुनरावलोकन गरिएको छ ।

## २.१ सैद्धान्तिक साहित्यको समीक्षा

सैद्धान्तिक साहित्यको समीक्षा अन्तर्गत पूर्वप्राथमिक तथा बालशिक्षाको सैद्धान्तिक पक्षमा योगदान पुऱ्याएका दार्शनिक रुसो बालमनोवैज्ञानिक, फ्रोबेल, मारीया मण्टेश्वरी लगायत अन्य शिक्षाविद्हरुले दिएको विचार र प्राप्तिका बारेमा उल्लेख गरिएको छ ।

जिनज्याक रुसो (सन् १७१२-१७७८) का अनुसार इन्द्रियजन्य ज्ञानका लागि बालकलाई बिना डर त्रास अभिप्रेरित गर्नु पर्दछ उनको शिक्षण विधि सम्बन्धी मान्यता भनेको बालकेन्द्रित शिक्षण विधि हो । उनको भनाइमा शिक्षा दिन बालकलाई प्रकृति उन्मुख बनाउनु पर्दछ । उनको अनुसार पहिलो ५ वर्षको उमेरमा बालकहरुलाई किताबी ज्ञानले उनीहरुको स्वच्छ विचारलाई दुषित पार्ने हुँदा बालविकास हुने खालका शारीरिक क्रियाकलापलाई जोड दिनु पर्दछ । शिक्षकले किताबी ज्ञान नदिने, प्राकृतिक वातावरणमा शिक्षा दिने, स्वतन्त्रतापूर्वक सिक्ने कार्यमा सहयोग गर्ने, ज्ञानेन्द्रियको स्वभाविक विकास गराउने बालकलाई अवलोकन र क्रियाकलापबाट सिकाउने, गाली दण्ड र सजाय नदिने र शिशुलाई माया गर्ने जस्ता सैद्धान्तिक कुरामा ध्यान दिनुपर्दछ ।

यसरी प्राकृतिक वातावरणमा स्वतन्त्रतापूर्वक ज्ञानेन्द्रियको विकासहुने गरी बालकलाई सिक्नु दिनुपर्दछ ।

फ्रोबेल (सन् १७८२-१८५२) का विचारमा गरेर सिक्ने वातावरण बालकका लागि उपयुक्त हुन्छ । जसका लागि शारीरिक चाल हाउभाउ, गीत खेल, रंगहरुको प्रयोग, कथाकथनन विधिहरु प्रयोग गरेर सिकाउन सकिन्छ । शिक्षाले बालकलाई समाजको योग्य सदस्य बनाउनुपर्ने उनको सिद्धान्तले मान्यता राखेको छ । राम्रो वातावरण शिशुलाई दिन सके मात्र शिशुको चौतर्फि विकास हुन्छ भन्ने मान्यता राख्ने फोर्वेलले किन्डर गार्डेन नामाकरण गरी आफ्नो विद्यालयलाई बाटिकासँग तुलना गरेका थिए । बगैंचाका फूलहरुसँग शिशुहरुको तुलना गरी फ्रोबेलले आत्म क्रियाकलापबाट सिकाउनुपर्ने कुराहरुलाई बढी जोड दिएका छन् । किताबी ज्ञान नभइ स्वतन्त्र रुपमा बालकेन्द्रित सिकाइ हुनुपर्ने उनको मान्यता थियो । फ्रोबेलको विचारमा बालबालिकाहरुमा अन्तरनिहित नैसर्गिक मानवीय गवुणहरुको स्वच्छ विकास गर्नु शिक्षणको उद्देश्य हो । उनको भनाइमा शिक्षक एक साथी, दाजु, दिदी तथा अभिभावक एवम् संरक्षकको रुपमा हुनुपर्दछ, जसबाट शिशु निर्धक्क आफ्नो विचार अनुसार भाव व्यक्त गर्न सक्ने हुन्छ ।

यसबाट के भन्न सकिन्छ भने खेल गीत संगीतद्वारा शिक्षा दिने सिद्धान्तमा जोड दिँदै बालकको स्वतन्त्र विकास हुने शिक्षण सिकाइ क्रियाकलाप गर्नुपर्दछ ।

मारिया मन्टेश्वरी (सन् १८७०-१९५२) को शिक्षण विधि सम्बन्धी धारणा इन्द्रिय तालिमबाट शिक्षा प्रदान गर्नुपर्ने भन्ने छ । उनको विधिमा बालकको रुचि चाहना अनुसार वैयक्तिक गुणलाई उजागर गर्ने गरी स्वतन्त्रतापूर्वक बालकको सिक्न पाउनुपर्ने र सिक्ने क्रममा ज्ञानको अधिकतम प्रयोग स्थल अङ्ग र साना अंगहरुको प्रयोग गरी बालक आफैले सिक्ने वातावरण निर्माण गरी सहजीकरण गर्नु शिक्षकको दायित्व हुन आउँछ । मन्टेश्वरीको विचारमा प्रत्येक बालकको जन्मैदेखि बौद्धिक क्षमता हुन्छ तर वातावरणले विभिन्नता दिन्छ । उपयुक्त वातावरण भएमा बालकको मानसिक र बौद्धिक विकास तीव्र गतिमा हुन्छ । त्यसैले बाल्यकालमा सिकाइलाई टेवा पुऱ्याउने वातावरण पनि बनाउनुपर्दछ जसको लागि बालकलाई प्राकृतिक वातावरण तथा घर बाहिरको वातावरणसहित खेल्न प्रोत्साहन गर्ने जस्तो, माटो, पानी, बालुवा, रुख, फूल आदि । उदाहरणको लागि माटोबाट आकार बनाउने, पात र फूलको चित्र कोर्ने र सजावट गर्ने मन्टेश्वरीको विचारमा स्वतन्त्रता बालबालिकाको मौलिक अधिकार हो र सोही वातावरणमा बालबालिकाहरु आत्म निर्भर हुने कोशिश गर्दछन् । तसर्थ स्वतन्त्र वातावरणमा व्यक्तिवादी भावनाको विकास गर्नु मन्टेश्वरी शिक्षाको उद्देश्य हो । मन्टेश्वरीले मांशपेशीको तालिमलाई प्रारम्भिक बालशिक्षाको महत्वपूर्ण अंगको रुपमा लिएका छन् । शरीरका विभिन्न अंगलाई अभ्यास गराइ राख्नु पर्दछ यसो गर्नाले मांशपेशी बाबजुद हुन्छन् । जसको फलस्वरुप शरीरका विभिन्न क्रियाकलाप हिँड्ने दगुर्ने लेख्नेजस्ता क्रियाकलापमा सन्तुलन आउँछ । ज्ञानेन्द्रियहरु ज्ञानका प्रवेशद्वार भएकोले ज्ञानेन्द्रियहरुको अभ्यासले तर्कपूर्ण चिन्तन र युक्तिपूर्ण निर्णय दिन सक्ने छन् । त्यसकारण सानै उमेरदेखि ज्ञानेन्द्रियको तालिम नितान्त आवश्यक छ ।

जीन पियाजे (सन् १८९६) का धारणा अनुसार बालबालिकाको विकास चरणलाई चार चणमा वर्गीकरण गरेका छन् । जसअनुसार बालविकास केन्द्रका बालबालिकाको चरण दोस्रो पूर्व क्रियात्मक

अवस्थामा पर्दछ । यो चरणमा क्रमिक रुपले विकास भइरहन्छ । विकासको गति अत्यन्त छिटो हुन्छ । यसकारण यस उमेरका नानीहरुको भाषिक विकास छिटो हुन्छ । ज्ञानेन्द्रीय र कर्मेन्द्रियका साथै बोलेर सिक्दछन् । संकेत प्रयोग गरेर सिक्दछन् र उनीहरुको सिकाइ प्रतिकात्मक हुन्छ । बढी आतमकेन्द्रित हुन्छन् । यो चरणमा बालबालिकालाई नक्कल गर्न, चित्र बनाउन, बहाना बनाउन सांकेतिक खेलहरु, भाषिक खेलहरु प्रयोग गरी शिक्षण गर्न सकिन्छ । क्रियाकलाप पछि ज्ञान प्राप्त हुन्छ भन्ने उनको मान्यता छ ।

यसरी स्वतन्त्र वातावरणमा व्यक्तिवादी भावनाको विकास गर्न ज्ञानेन्द्रियहरु क्रियाशील हुने शिक्षण सिकाइ क्रियाकलाप गर्नुपर्दछ जसका लागि सही समयमा सही सामग्री उपलब्ध गराएर बालबालिकाहरुलाई क्रियानकलापद्वारा अनुभव गर्न दिनुपर्दछ जसले गर्दा बालबालिकाले ज्ञान हाँसिल गर्न सक्छन् ।

## २.२ सम्बन्धित अध्ययनको समीक्षा

सेरिड (२०५५) ले शिशुकक्षा कार्यक्रमको प्रभावकारिता शिर्षकमा शिशु शिक्षा कार्यक्रमको पहिचान गर्न गरेको अध्ययन अनुसार शिशु कक्षा नचढी प्राथमिक तह पढ्नेको तुलनामा बालकक्षा पढेर प्राथमिक तह पढ्नेको औषत उपलब्धि १५ प्रतिशतले बढी छ भने रमाइलो वातावरणमा पढ्ने लेख्ने सीपको विकास, साथी बनाउने र गुणस्तरीय साथी बनाउने आदि कार्यमा बालकक्षा महत्वपूर्ण रहेको पाइएको छ ।

जोशी (२०५९) सेरिडले प्रकाशित गरेको विकासको निम्ति शिक्षा लेख संग्रहमा "प्रारम्भिक बालबालिकाहरुका लागि उपयुक्त सिकाइ सिद्धान्त" अन्तर्गत बालकले जन्मेपछि नै सिक्न सुरु गर्दछ । सिक्ने प्रक्रिया निरन्तर चलिरहन्छ । सबै बालकले एकै किसिमले सिक्न सक्दैनन् । ५ वर्षसम्मको बालकले ज्ञानेन्द्रिय र शरीरको प्रयोगबाट सिक्दछन्, १० वर्षको बालकले ठोस वस्तुको प्रयोग गरेर सिक्दछ र १५ वर्षको बालकले मस्तिष्कले सोचेर गुनेर सिक्दछ । त्यस्तै कुनै बालकले ढिलो गतिमा त कुनैले छिटो गतिमा सिक्दछन् । प्रारम्भिक अवस्थाका बालबालिका पढेर, सुनेर, हेरेर, भन्दा नक्कल गरेर खेलेर र अनुभव गरेर सिक्दछन् । एक अनुसन्धानकर्ताका अनुसार पढेर १० प्रतिशत, सुनेर २६ प्रतिशत, सुनेर र हेरेर ५० प्रतिशत र अनुभवबाट ९० प्रतिशत सिकाइ हुन्छ । तसर्थ अनुभवबाट सिक्ने क्रियाकलाप बढी प्रभावकारी हुन्छ ।

श्रेष्ठ (२०६४, पेज (३७-४१) ले 'पाठ्यक्रम तथा मूल्यांकन सम्प्रेषण' प्रारम्भिक बालशिक्षा एक चिनारीमा पूर्वप्राथमिक विद्यालयमा बालबालिकाहरु चुलबुले, खेल्न मन पराउने, गीत गाउने, कथा सुन्ने र आफ्नै संसारमा रमाउने हुनाले कुनै पनि शिक्षकको शिक्षण कार्यमा दक्षता हुनुपर्दछ र बालमनोभावनामा अनुरुप शिक्षण गर्न सक्नुपर्दछ । प्रारम्भिक बाल शिक्षामा विषयहरुको साथे अन्य क्रियाकलापहरु पनि गर्न लगाउनु पर्दछ । बालबालिकाको इच्छा विपरित क्रियाकलाप गराउनु हुँदैन ।

बालबालिकाको सर्वांगिण विकासमा कक्षाकोठाको व्यवस्थापन पक्षले ज्यादै महत्वपुर्ण भूमिका खेल्ने भएकोले कक्षाकोठा आकर्षक बनाउनुपर्दछ । यसको साथै बालबालिकाहरुका लागि आवश्यक पर्ने शैक्षिक सामाग्रीहरु तथा खेलौनाहरु प्रयाप्त राख्नु पर्दछ ।

शिक्षा विभागको रिपोर्ट २०६५ अनुसार सबैका लागि शिक्षा लक्ष्य अनुरुप पारम्भिक बालशिक्षा विकास डकार संरचनाा आधारित छ । नेपालमा प्रारम्भिक बालविकास शिक्षा तथा पूर्वपाथमिक बालशिक्षालाई बालबालिकाको सामाजिक, सम्वेगात्मक, बौद्धिक तथा भौतिक विकासको शैक्षणिक आधार मानिन्छ ।

विभिन्न प्रकारका प्रारम्भिक बालविकास कार्यक्रम, विद्यालयमा आधारित प्रारम्भिक बालविकास केन्द्रहरु र निजी क्षेत्रमा सञ्चालित पूर्वप्रामिक कक्षाहरु तथा विद्यालयहरु (जस्तै नर्सरी, किन्डर गार्डेन, मन्टेश्वरी आदि) यी सबै एउटै छाताभित्र संस्थागत गरिएका छन् ।

नेपालमा र हाल बालविकास केन्द्र तथा पूर्वप्राथमिक विद्यालयहरु ३३४०४ छन् तीन मध्ये ८६.१ प्रतिशत समुदायमा आधारित र १३.९ प्रतिशत निजी स्तरमा सञ्चालित छन् । ती बालविकास केन्द्रमा १०५६४३० बालबालिका अध्ययनरत छन् जसमध्ये ४८.१ प्रतिशत छात्रा रहेका छन (DOE, 2012) ।

अवस्थी (२०६६) ले सुर्खेत जिल्लालाई आधार मानेर प्रारम्भिक बालविकास केन्द्र र यसको वर्तमान अवस्था सम्बन्धी अध्ययन गर्नुभएको रहेछ । उहाँको अध्ययनको उद्देश्य बालविकास केन्द्रको वर्तमान अवस्था पहिचान गर्ने र समस्याको खोजी गर्ने रहेछ । उक्त अध्ययनको लागि उद्देश्यमूलक ढंगबाट १० वटा बालविकास केन्द्र छनोट गर्नुभएको रहेछ । बालविकास केन्द्रको स्थलगत अवलोकन, प्र.अ. शिक्षकसँग अन्तर्वार्ता आदिबाट सूचना संकलन गरी प्राप्त सूचनाको विश्लेषण गर्दा बालबालिकाको शारीरिक, मानसिक, सामाजिक र सम्वेगात्मक व्यवहारलाई परिवर्तन गर्ने गरी शिक्षण सिकाइ क्रियाकलाप तर तालिमको अभावले सबै क्रियाकलाप अपेक्षित रुपमा उल्लेख गर्न नसकेको उल्लेख गरेका छन् । उहाँले ती बालविकास केन्द्रमा शिक्षण सिकाइका लागि डोरी, सिटी, नेलकटर ऐना कायो, साबुन, पानी, रुमाल, चार्ट, चित्र, तस्वीर, फूल, बल रङ्गीत कागज, मादल आदि प्रयोग गरेको पाइएको उल्लेख छ । तर प्रयाप्त खेल सामग्री र शिक्षण सिकाइको लागि आफ्नै भवन नभएको निष्कर्ष निकालिएको छ ।

गौतम (२०६८) ले पर्वत जिल्लालाई आधार मानी प्रारम्भिक बालविकास केन्द्रमा शिक्षण सिकाइ क्रियाकलापको बारेमा अध्ययन गर्नुभएको रहेछ जसमा प्राप्त निष्कर्ष अनुसार पाठ्यक्रम, शिक्षक निर्देशिका र अन्य सन्दर्भ सामग्रीको अभावमा पूर्वतयारी र वा योजनाबद्ध शिक्षण सिकाइ नभएको देखिन्छ । बजारबाट खरिद सामग्रीको तुलनामा स्थानीय सामग्रीको बढी प्रयोग भएको देखिन्छ । बालविकास केन्द्रको आन्तरिक व्यवस्थापन अन्तर्गत सिकाइ क्षेत्रको व्यवस्थापन नभएको र सिकाइ क्षेत्रका क्रियाकलाप पनि नभएको पाइयो । बाह्य वातावरण अन्तर्गत खानेपानी र शौचालयको व्यवस्था भए पनि

पिङ चाकाचुली चिप्लेटी, भऱ्याङ र पर्खालको व्यवस्थापन भएको छैन । विषयवस्तु अनुसार सन्तोषजनक क्रियाकलाप भएता पनि इन्द्रियको लागि, हातको लागि कम मात्रामा क्रियाकलाप भएका छन् । स्थानीय सामग्रीको प्रयोग स्वतन्त्रता खेलको अवसर दिइएको र मनोरञ्जनात्मक क्रियाकलाप भएका छन् । सबै बालविकास केन्द्रमा पाठ्यक्रम र शिक्षक निर्देशिकाको व्यवस्था गर्नुपर्ने, बालमैत्री फर्निचरको निर्माण गर्नुपर्ने, बालमैत्री फर्निचरको निर्माण गर्नुपर्ने, सिकाइ क्षेत्रको व्यवस्थापन गरी शिक्षण सिकाइ गर्नुपर्ने, विषयवस्तुअनुसार क्रियाकलाप खास गरी इन्द्रियको लागि हातका लागि सहयोगको लागि र सम्वेगात्मक विकासको प्रशस्त क्रियाकलाप गर्नुपर्ने, समय विभाजन गरी आराम गर्ने र खाजा खाने समय छुट्याउनुपर्ने, बाह्य वातावरणलाई व्यवस्थित बनाइ खेल र मनोरञ्जनबाट प्रभावकारी शिक्षण सिकाइ क्रियाकलाप गर्न पिङ, भऱ्याङ सुरक्षित पर्खाल जस्ता कुराको व्यवस्थापन गर्नुपर्ने, समय-समयमा अनुगन निरीक्षणका साथै पुनर्ताजगी तालिम दिनुपर्ने सुझाव प्रस्तुत गरेका छन् ।

यसरी माथि गरिएको अध्ययनको समीक्षाबाट के भन्न सकिन्छ भने बालबालिकालाई स्वतन्त्र रुपमा अनुभवबाट सिक्न दिनुपर्दछ । इन्द्रियको विकास हुने खालका क्रियाकलाप गराउनु पर्दछ । खेल र गीतको माध्यमबाट मनोरञ्जनात्मक ढङ्गले सिक्ने अवसर प्रदान गर्नुपर्दछ । ठोस सामाग्रीको प्रयोगबाट सिकाउनु पर्दछ । आन्तरिक र बाह्य वातावरणको उचित व्यवस्थापन गर्नुपर्दछ । सहयोगी कार्यकर्ताले वार्षिक योजना, भाषिक, साप्ताहिक र दैनिक योजना बनाई शिक्षण गर्नुपर्दछ । कक्षाकोठा बालमैत्री भौतिक व्यवस्थापन गर्नुपर्दछ । तर अधिकांश सरकारी र निजी तवरबाट सञ्चालित बालविकास केन्द्रमा यो अवस्था छैन । त्यसैले सामुदायिक र संस्थागत विद्यालयमा सञ्चालित बालविकास केन्द्रमा कस्ता-कस्ता क्रियाकलाप भएका छन् सो अध्ययन गर्न सामुदायिक र संस्थागत विद्यालयमा सञ्चालित बालविकास केन्द्रको शिक्षण सिकाइ क्रियाकलापको तुलनात्मक अध्ययन शीर्षक छनोट गरिएको हो ।

## २.३ बालशिक्षाको विकासमा भएका प्रयासहरु

प्रारम्भिक बालशिक्षाको विकासमा विभिन्न समयमा विभिन्न कार्यक्रम गरिउको छ । प्रारम्भिक बालशिक्षालाई जीवनको आधार स्तम्भ र जीवनको महत्वपूर्ण अवस्थाको रुपमा स्वीकार गरेका छन् । तसर्थ प्रारम्भिक वाल्यावस्थाको विकासमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रुपमा विभिन्न प्रयासहरु भएका छन् ।

### २.३.१ बालशिक्षाको विकासमा भएका राष्ट्रिय प्रयासहरु

नेपालमा पूर्वप्राथमिक शिक्षाको इतिहास धेरै लामो छैन । यसको सुरुवात वि.सं. २००७ मा काठमाडौंमा मन्टेश्वरी स्कूलको स्थापना भए देखि नै बालविकास कार्यक्रम शुरु भएको मान्न सकिन्छ । कलेज अफ एजुकेशनको मातहतमा वि.सं. २०११ मा मण्डेश्वरी स्कूल, ल्याबोरेटरीमा परिणत भएपछि LKG, UKG मा रुपान्तरण भएको पाइन्छ (Journal of ECD 2006)

सर्वांगिण राष्ट्रिय शिक्षा समिति वि.सं. २०१५ ले पूर्व प्राथमिक शिक्षामा जोड दिए अनुसार वि.सं. २०२२ सालदेखि बालमन्दिरको माध्यमबाट सीमित मात्रामा शिशु शिक्षा प्रदान गर्दै आएको थियो । वि.सं. २०३६ सालमा तत्कालीन श्री ५ को सरकारले निजी क्षेत्रमा निजी विद्यालयहरु खुल्न थाले कतिपय निजी विद्यालयहरुमा १-३ वर्षको पूर्वप्राथमिक कक्षाहरु सञ्चालन गरेका छन् ।

नेपालमा पञ्चवर्षिय योजनामा पूर्वप्राथमिक विद्यालयका सम्बन्धमा अध्ययन गर्दा आठौं पञ्चवर्षिय योजना २०४९-२०५४ मा पूर्व प्रतिवद्धतालाई दोहोर्‍याउँदै बालबालिका सम्बन्धी ऐनलाई कार्यान्वयन गर्न बालबालिका सम्बन्धी नियमावली २०२१ को व्यवस्था समेत गरेको थियो । यसै समयमा राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन २०४९ ले दिएको सुझाव अनुसार गा.वि.स. र न.पा.को सिफारिस र जिल्ला शिक्षा अधिकारीको समेत अनुमतिमा पूर्व प्राथमिक विद्यालय खोल्न पाउने व्यवस्था गरेको थियो ।

नवौं पञ्चवर्षिय योजना (२०५४-२०५९) मा मुलुकमा प्रारम्भिक बालविकास कार्यक्रमको विस्तारको लागि सरकारले वि.सं. २०५४ सालपछि आधारभूत शिक्षा परियोजना अन्तर्गत प्राथमिक विद्यालयमा एक वर्षे शिशु कक्षा सञ्चालन गरेको थियो । स्थानीय स्वायत्त शासन ऐन, २०५५ एवम् नियमावली २०५६ ले पूर्व प्राथमिक विद्यालय खोल्न र सञ्चालन गर्न गा.वि.स. र नगरपालिकालाई अधिकार समेत दिएको थियो । यसले गर्दा दुर्गम र ग्रामीण इलाकामा बस्ने सुविधा विहिन समुदायका पाँच वर्षमुनिका बालबालिकाहरुका लागि समेत उपयुक्त बालविकास कार्यक्रम कार्यान्वयनमा जोड दियो । दशौं पञ्चवर्षिय योजना (२०५९-२०६४) १३,००० प्रारम्भिक बालविकासको अवधारणा र कक्षा सञ्चालन विधि र दर्शनबारे तालिम दिने व्यहोरा उल्लेख गरेको थियो । त्यसैगरी सबैका लागि शिक्षा कार्यक्रम ( २००४-२००८) ले प्रारम्भिक बालविकास कार्यक्रमको विकास र विस्तारमा जोड दिएको छ । जसका लागि समुदायमा आधारित प्रारम्भिक बालविकास केन्द्र तथा विद्यालयमा आधारित पूर्व प्राथमिक कक्षा सञ्चालन, समुदायमा आधारित गैरसरकारी संघसंस्था तथा स्वयम् सेवक संस्था सँगको साझेदारी विकास, विद्यमान प्रारम्भिक बाल्यवस्था विकास, पूर्वप्राथमिक कक्षाहरुको मूल्यांकनमा आधारित राष्ट्रिय योजना आयोगद्वारा 'घ' र 'ग' श्रेणीमा वर्गीकत अति संवेदनशील तथा सुविधा विमुख क्षेत्रहरुमा कार्यक्रम लक्षित हुने, समाहित शिक्षा अन्तर्गत बालबालिकाको सर्वांगिर्ण विकासमा जोड दिन, अभिभावक शिक्षामा जोड दिने जस्ता लक्षित कार्यक्रम तय गरेको छ (अधिकारी, २०६९) ।

नेपालको त्रिवर्षिय योजना (२०६७/२०६८-२०६९/२०७०) मा पूर्व प्राथमिक विद्यालय वा प्रारम्भिक बालविकास केन्द्र समेतको सहजै देखिने ५१ प्रतिशत लक्ष्य रहेकोमा ६६.२ प्रतिशत पुगिसकेको छ भने २०१५।१६ सम्मा ९९ प्रतिशत पुर्‍याउने लक्ष्य रहेको छ । नेपाल सरकारको आर्थिक सर्वेक्षण २०६७०६८ अनुसार २६ हजार ७ सय ७३ बालविकास केन्द्र खुलिसकेको छ भने चालुवर्षमा २ हजार बालविकास केन्द्रहरु स्थापना गर्ने लक्ष्य राखेको थियो भने त्रिवर्षीय योजनामा करिब ६००० बालविकास केन्द्र खोल्ने लक्ष्य राखेको छ । नेपाल सरकारले विद्यालय क्षेत्र सुधार कार्यक्रम अनुसार प्रारम्भिक बालविकास केन्द्रमा बालमैत्री वातावरण सृजना गर्न तथा मातृभाषामा सिक्न पाउने बाल अधिकार

सुनिश्चित गर्नु मातृभाषालाई सिकाइको माध्यमको रुपमा प्रयोग गर्नुपर्दछ भनेको छ । नेपाल सरकारले विद्यालय क्षेत्र सुधार अनुसार प्रारम्भिक बालशिक्षा तथा विकास कार्यक्रममा बालबालिकाको पहुँच तथा विकास कार्यक्रममा बालबालिकाको पहुँच तथा सहभागिता बढाउने लक्ष्य राखेको छ । त्रिवर्षिय योजनामा पूर्व प्राथमिक वा प्रारम्भिक बालविकास केन्द्रको विस्तार गर्ने, सामुदायिक र संस्थागत विद्यालय बीच साझेदारी र समन्वय कायम गरी सामुदायिक शैक्षिक स्तर अभिवृद्धि गर्न यी दुवैमा रहेका असल अभ्यासको उपयोग गर्ने उद्देश्य सहित प्रारम्भिक बालविकास शिक्षामा, विपन्न, दलित र सिमान्तकृत समुदायका बालबालिकाको पहुँच विस्तार गरी यस कार्यमा संलग्न सरकारी र सामुदायिक तथा अन्य निकायका कार्यक्रमलाई समन्वयात्मक रुपमा अगाडि बढाउँदै बालविकास केन्द्रको व्यवस्थापनमा सुधार ल्याउन स्थानीय निकायलाई क्रियाशील बनाउने कार्यनीति जस्ता लक्षित कार्यहरु गर्ने जस्ता कार्यक्रमहरु गरिएको छ भनी पूर्वप्राथमिक शिक्षाको विकास र विस्तारमा जोड दिएको छ ।

शिक्षा विभाग (२०६७) द्वारा प्रकाशित Consolidated Report मा उल्लेख भए अनुसार, राज्यको प्रारम्भिक बाल विकास कार्यक्रमहरु अन्तर्गतका बालविकास केन्द्रहरु ३ र ४ वर्ष उमेर समूहका लागि लक्षित गरेर सञ्चालनमा छन् । यी बालविकास केन्द्रहरु समुदाय र सामुदायिक विद्यालयमा आधारित छन् र कतिपय बालविकास केन्द्रहरुलाई विभिन्न गैरसरकारी संस्थाहरु सेम छ चिल्डेन यू एस. नर्वे इ.टि.सि., जवान नेपाल, यूनिसेफ समेतले साझेदारको भूमिका निर्वाह गरिरहेका छन् । हालसम्म नेपालमा ३१ हजार ६ सय ९९ वटा बालविकास केन्द्रहरु सञ्चालनमा रहेको देखिन्छ । जसमध्ये समुदायमा आधारित ६३३२ सामुदायिक विद्यालयमा आधारित २०४४१ संस्थागत विद्यालयमा आधारित ४३१६ छन् ।

### २.३.२ प्रारम्भिक बालशिक्षाको विकासमा भएका अन्तर्राष्ट्रिय प्रयासहरु

प्रारम्भिक बाल शिक्षाको विकासमा विभिन्न देशहरुले अनवरत प्रयास गरेका छन् । यिनै प्रयासहरु मध्ये पहिलो प्रयासका रुपमा सन् १९५० नोभेम्बर २० को संयुक्त राष्ट्रसंघको बालअधिकार घोषणा पत्रलाई लिन सकिन्छ । यस विश्वव्यापी घोषणापत्रका १०१ सिद्धान्तलाई बालबालिकाहरुको मौलिक हको अधिकारको रुपमा उपयोग गर्न पाउने व्यवस्था गरिएको थियो ।

त्यसरी नै दोस्रो प्रयासको रुपमा सन् १९६० मा बालअधिकार घोषणा पत्रबाट प्रेरित भई यूनिसेफ (UNICEF) बाल अधिकारको सुनिश्चितता गर्न सदस्य राष्ट्रहरुसँग परामर्श गर्न थाल्यो र सन् १९६१ देखि हुन्छ पीडित बालबालिकालाई आपतकालीन सहयोग पुऱ्याउँदे आएको थियो ।

तेस्रो प्रयासको रुपमा सन् १९८९ नोभेम्बर २० मा संयुक्त राष्ट्रसंघीय बालअधिकार सम्बन्धी महासन्धीलाई लिन सकिन्छ । यस महासन्धीले बालअधिकार सम्बन्धी ५४ वटा धारा प्रस्तुत गरेको छ ।

चौथो प्रयासको रुपमा सन् १९९० मा थाइल्याण्डको जोमटिनमा सबैका लागि शिक्षा विश्व सम्मेलन (Education for all world conference) लाई लिन सकिन्छ । यस सम्मेलनले छोरा र

छोरीबीचको विभेदलाई हटाउन जोड दिँदै प्राथमिक विद्यालय जाने उमेरका करिब ८० प्रतिशत बालबालिकाहरुलाई आधारभूत शिक्षामा विश्वव्यापी पहुँच र प्राथमिक शिक्षाको उपलब्धिमा जोड दिइएको छ । जसमा १५० देशका झण्डै २००० शिक्षासँग सम्बन्धित व्यक्तिहरुले भाग लिएका थिए ।

पाँचौ प्रयासको रुपमा सन् १९९५ मा चिनको राजधानी बेइजिङमा भएको चौथो महिला विश्वसम्मेलनलाई लिन सकिन्छ । यस सम्मेलनले लैङ्गिक भेदभावलाई हटाइ छोरा र छोरीलाई समान रुपमा सानै उमेरदेखि शिक्षा दिनुपर्ने कुरा उल्लेख गरेको पाइन्छ ।

सन् २००० मा डकार सम्मेलनबाट स्वीकृत कार्यक्रम अनुसार सबैका लागि शिक्षाको लक्ष्य लक्ष्य प्राप्त गर्न नेपाल सरकारले सबैका लागि शिक्षा कार्ययोजना सन २००१ - २०१५ अनुसार र सबैका लागि शिक्षा सन् २००४-२००९ मार्फत् सघन प्रारम्भिक बाल स्याहार तथा शिक्षाको विस्तार र सुधारमा जोड दिएको छ ।

## २.४ अवधारणा निर्माण

सैद्धान्तिक साहित्यको अध्ययन गर्दा के स्पष्ट हुन्छ भने प्रारम्भिक वाल्यवस्थाको विकास सम्बन्धमा धेरै अध्ययन अनुसन्धन भएको पाइन्छ । बालमनोवैज्ञानिकहरुले पूर्ववाल्यवस्थाको विकासले पछिको विकासमा सहयोग पुऱ्याउने हुनाले यस अवस्थाको विकास सही तरिकाले गराउनु पर्ने कुरा उल्लेख गरेका छन् । यस अवस्थाको संज्ञानात्मक विकास अन्य उमेर समूहमा भन्दा छिटो हुने तथा सिकाइ पनि छिटो हुने हुनाले उनीहरुलाई गरेर सिक्ने वातावरण तयार पार्नु पर्दछ जसको लागि वालशिक्षा प्रदान गर्नुपर्दछ । सेरिड २०५५ ले शिशु क्षिाको प्रभावकारिता विषयमा अध्ययन गरेको थियो । त्यस्तै अर्याल (२००२) ले A Study of Early Childhood Education Programme in Nepal नामक Ph.D. शोधपत्र तयार गर्नुभएको छ । जोशी (२०५९) ले “प्रारम्भिक बालबालिकाहरुका लागि उपयुक्त सिकाई सिद्धान्त” भन्ने लेख तयार गर्नुभएको थियो । त्यस्तै अवस्थी (२०६६) ले सुर्खेत जिल्लालाई आधार मानेर प्रारम्भिक बालविकास केन्द्र र यसको वर्तमान अवस्था सम्बन्धी अध्ययन गर्नुभएको छ । गौतम (२०६८) ले पर्वत जिल्लालाई आधार मानी प्रारम्भिक बालविकास केन्द्रमा शिक्षण सिकाइ क्रियाकलापको बारेमा अध्ययन गर्नुभएको छ । यो अध्ययनलाई आधार मानेर मेरो अध्ययन काठमाडौं जिल्लालाई आधार मानी “प्रारम्भिक बालविकास केन्द्रमा शिक्षण सिकाइ क्रियाकलापको तुलनात्मक अध्ययन” गर्ने प्रयास गरेको छ ।

अवधारणात्मक ढाँचा भन्नाले अध्ययन गर्ने अनुसन्धानकर्तालाई मार्ग निर्देशन गर्ने मानसिक नक्सा हो । सामुदायिक र संस्थागत विद्यालयमा सञ्चालित प्रारम्भिक बालविकास केन्द्र तथा पूर्व प्राथमिक कक्षमा हुने शिक्षण सिकाइ क्रियाकलापको तुलनात्मक अध्ययन गर्नको लागि निम्नानुसारको अवधारणा ढाँचा निर्माण गरिएको छ ।

**शिक्षण सिकाइ क्रियाकलापको लागि अनुसन्धानको ढाँचा**

संस्थागत र सामुदायिक विद्यालयको तुलना

↓

योजना तथा पूर्व तयारी

↓

- पाठ्यक्रम
- शिक्षक निर्देशिका
- तालिम सामग्री
- शिक्षण योजना
- शैक्षिक सामग्री

↓

शिक्षण सिकाइ क्रियाकलाप

**आन्तरिक र बाह्य वातावरण कक्षाकोठाको आकार**

- सिकाइ केन्द्र
  - भाषा क्षेत्र
  - गोटी क्षेत्र
  - विज्ञान क्षेत्र
  - गणित क्षेत्र
  - संगित क्षेत्र
  - श्रृजनात्मक क्षेत्र
- सुरक्षित पर्खाल
- खेल सामग्री
- शौचालय र खानेपानी

**शिक्षकको प्रस्तुतिकरण**

- सुरुवात
- उत्प्रेरणा र पुन:स्मरण
- क्रमिकता र स्पष्टता
- अनुभव प्रदान
- मूल्याङ्कन र पृष्ठपोषण
- सारांश
- सहकार्य
- बालबालिकाको सहभागिता र सक्रियता

**विषयवस्तु अनुसार क्रियाकलापको अवस्था**

- दिमागको लागि
- शरीरको लागि
- इन्द्रियको लागि
- सामाजिक समायोजन
- हातको लागि
- सम्वेगात्मक विकासको लागि

# परिच्छेद तीन
## अनुसन्धन विधि

अनुसन्धान विधि त्यो विध हो, जसले पूर्व निर्धारण गरिएको अध्ययनलाई पूरा गर्न सहयोग गर्दछ । अनुसन्धान कार्यलाई निश्चित समय र खर्चमा सम्पन्न गर्न अनुसन्धन विधिको आवश्यकता पर्दछ । यो परिमाणात्मक, गुणात्मक र मिश्रीत गरी तीन किसिमका हुन्छन् । यस अध्ययनका प्रक्रिया, समस्या र घटनाको यथास्थिति र प्राकृतिक अवस्थामा नै अध्ययन गरिने हुँदा गुणात्मक अध्ययन विधि प्रयोग गरिएको छ ।

### ३.१ अनुसन्धान ढाँचा

अनुसन्धान ढाँचा अध्ययनको लागि गरिने उपसिति, तार्किक आधारभूत तथा संगठित योजना हो । अनुसन्धान ढाँचा अनुसन्धन कार्यको पूर्व योजना वा ढाँचा हो । अनुसन्धान कार्यलाई निश्चित समय र खर्चमा सम्पन्न गर्न अनुसन्धान ढाँचाको आवश्यकता पर्दछ । समय र खर्चमा सम्पन्न गर्न अनुसन्धान ढाँचाको आवश्यकता पर्दछ । यो अध्ययन समस्य ार घटनाको वास्तविक गहिराइमा गएर व्याख्यात्मक वा वर्णनात्मक सूचना सङ्कलन गरिने हुँदा गुणात्मक विधि ढाँचाको प्रयोग गरिएको छ । यो अध्ययन काठमाडौंको स्यूचाटारमा रहेको अमरज्योति उच्च मा.वि. र एशियन बोर्डिङ् स्कूल स्यूचाटार खेल समूह कक्षामा सीमित रहने छ । सम्बन्धित दुवै किसिमका विद्यालयमा भ्रमण गरी स्थलगत सर्वेक्षण ढाँचाको प्रयोग गरिनेछ । विद्यालयका प्र.अ. सँग सम्पर्क कायम गरी, प्र.अ., सहयोगी कार्यकर्ता, अभिभावक बालबालिका छनोट गरी प्रश्नावली, असंरचित अन्तर्वार्ता लक्षित समूह छलफल दस्तावेज अध्ययन कक्षा अवलोकन फाराम आदिको प्रयोग गरी त्यसबाट प्राप्त सूचनाको विश्लेषण र व्याख्या गरिएको छ ।

### ३.२ जनसंख्या र नमुना छनोट

अध्ययन गरिने समूहसँग सम्बन्धित सम्पूर्ण सदस्यलाई जनसंख्या भनिन्छ भने उक्त जनसंख्यालाई प्रतिनिधित्व गर्न सक्ने गरी छनोट गरिएको त्यसको उपसमूहलाई नमुना भनिन्छ अर्थात् अध्ययनसाग सम्बन्धित सम्पूर्ण जनसंख्याको प्रतिनिधित्व गर्ने जनसंख्याको सानो समूहलाई नमुना जनसंख्या भनिन्छ । अध्ययन अनुसन्धानको लागि उपलब्ध समय, श्रोत, साधन आदिको सीमित दायरामा रहेर सम्पूर्ण जनसंख्या अध्ययन गर्न असम्भव हुने हुँदा आफ्नो अध्ययन कार्यका लागि सम्भव हुन सक्ने गरी जनसंख्यालाई केही प्रतिनिधिमूलक एकाइहरुको छनोट गरी सुविधाजनक नमुना छनोट विधि प्रयोग गरी आवश्यक सूचनाको संकलन गरिएको छ । जसका लागि निम्नानुसार नमुनाको छनोट गरी शोधकार्य पूरा गरिएको छ ।

### ३.२.१ विद्यालय छनोट

संस्थागत र सामुदायिक विद्यालयका प्रारम्भिक बालविकास केन्द्रमा शिक्षण सिकाइ क्रियाकलापको अवस्था पहिचान गरी त्यसका सवल र दुर्वल पक्षहरु पहिचान गर्न सामुदायिक विद्यालय अन्तर्गत अमरज्योति उच्च मा.वि. स्यूचाटार र संस्थागत विद्यालय अन्तर्गत एशियन बोर्डिङ स्कूलमा सञ्चालित प्रा.वि.के. छनोट गरिएको छ । अनुसनधनकर्तालाई पायक पर्ने र कम लगानीमा वास्तविक सूचना प्राप्त गर्न सजिलो हुने भएकोले उक्त क्षेत्र छनोट गरिएको छ। छनोटमा परेका २ वटै विद्यालयका पूर्वप्राथमिक कक्षाका सबै विद्यार्थी, प्रधानाध्यापक, कक्षा शिक्षक वा सहयोग कार्यकर्ता र अभिभावक रहने छन् जसलाई उद्देश्यात्मक/उद्देश्यमूलक नमुना छनोटद्वारा छनोट गरिएको छ।

### ३.२.२ प्रधानाध्यापकको छनोट

प्रारम्भिक बालविकास केन्द्रको शिक्षण सिकाइ क्रियाकलापको अवस्था पहिचान गर्न सम्बन्धित विद्यालयका १ जना प्रधानाध्यापक स्वतः छनोट हुनेछ। जसलाई अनुसूची ६ मा देखाइएको छ।

### ३.२.३ शिक्षकको छनोट

बालविकास केन्द्र तथा पूर्वप्राथमिक कक्षाको शिक्षण सिकाइ क्रियाकलापको अवस्था पहिचान गरी बालविकास केन्द्रको शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्न सहयोगी कार्यकर्ता तथा शिक्षिकाको भूमिका महत्वपूर्ण हुन्छ । उनले बालबालिकालाई आफूले चाहेको दिशामा डोऱ्याउन सक्छिन् र शिक्षण सिकाइ प्रक्रियासँग पूर्ण परिचित हुन्छिन् भने आन्तरिक र बाह्य व्यवस्थापनमा प्रत्यक्ष संलग्न हुन्छिन् अतः प्रारम्भिक बालविकास केन्द्रको सिकाइ क्रियाकलापको अवस्था पहिचान गरी सवल र दुर्वल पक्षको पहिचान गर्न सम्बन्धित विद्यालयका बालशिक्षा तथा पूर्वप्राथमिक कक्षामा शिक्षण गर्ने सम्पूर्ण शिक्षकको छनोट गरिएको छ।

### ३.२.४ अभिभावकको छनोट

आफ्ना बालबालिका बाल विकास केन्द्रमा प्रवेश गरेपछि के कस्ता सकारात्मक वा नकारात्मक व्यवहार देखिए त्यो कुराको जानकारी अभिभावकलाई हुन्छ । आफ्ना बालबालिकाको व्यवहारको बारेमा अभिभावक जानकार हुन्छन् । विद्यालयको भौतिक व्यवस्थापन, विद्यालयको समग्र वातावरण, प्र.अ., विद्यालयका शिक्षक, सहयोगी कार्यकर्ताको व्यवहारको बारेमा अभिभावकले चासो राख्ने गर्दछन् । तसर्थ सम्बन्धित विद्यालयका ५ जना महिला र ५ जना पुरुष अभिभावक समूह छलफलको लागि उद्देश्यमूलक नमुना छनोट विधिबाट छनोट गरिएको छ। जसलाई अनुसूची १ मा देखाइएको छ।

### ३.२.५ बालबालिकाको छनोट

प्रारम्भिक बालविकास केन्द्रको शिक्षण सिकाइ क्रियाकलापमा प्रत्यक्ष सहभागी हुने र त्यसबाट प्रभावित हुने बालबालिका नै हुन् । यस अध्ययनको लागि सत्य तथ्य सूचना प्राप्त गर्न पनि सम्बन्धित E.CD Center का बालबालिका प्रमुख हुन्छन् । बालस्वभाव अनुसार उनीहरुले देखेका र भोगेका कुराहरु सहज रुपमा बताउँछन् तसर्थ बालविकास केन्द्रको शिक्षण सिकाइ क्रियाकलापको अवस्था पहिचान गर्न सम्बन्धित विद्यालयका १० जना खेल समूह कक्षाका बालबालिकालाई गोलाप्रथाद्वारा छनोट गरिएको छ । छलफलमा सहभागी बालबालिकाको विवरण अनुसूची २ मा राखिएको छ ।

## ३.३ साधनको निर्माण

अनुसन्धान कार्यको लागि आवश्यक तथ्यांक प्राप्त गर्न सूचना संकलनका लागि प्रयोग गरिने औजारलाई अध्ययनका साधनहरु भनिन्छ । कुनै पनि अध्ययनको उद्देश्य पूरा गर्न आवश्यक पर्ने सूचनाहरु संकलन गर्नका लागि विभिन्न औजारहरु निर्माण गरिन्छ । यस अध्ययनसँग सम्बन्धित सूचनाहरु संकलन गर्न, अवलोकन, बालबालिका, अभिभावक, प्रधानाध्यापक, बालबालिका आदि प्रश्नावली, अन्तर्वार्ता, लक्षित समूह छलफलका साथै दस्तावेज अध्ययन आदिको माध्यमबाट सूचना संकलन गरिएको छ ।

### ३.३.१ विद्यालय सर्वेक्षण फाराम

विद्यालयको समग्र भौतिक साथै शैक्षिक र बाह्य वातावरण व्यवस्थापनको लागि विद्यालय सर्वेक्षण फाराम तयार गरिएको थियो । जसलाई अनुसूची ३ मा राखिएको छ ।

### ३.३.२ अवलोकन फाराम

यस अध्ययनको लागि सहयोगी कार्यकर्ता र बालबालिकाद्वारा गरिने सम्पूर्ण क्रियाकलाप अवलोकन गर्न तयार पारिएको फाराम नै अवलोकन फाराम हो । अध्ययनकर्ता बालबालिका केन्द्रको खेल समूह कक्षामा शिक्षण सिकाइ क्रियाकलाप अवलोकन गर्न प्रत्यक्ष सहभागी भई सहभागीतात्मक अवलोकन विधिको प्रयोग गरिएको छ । कक्षाकोठा व्यवस्थापन, शिक्षण सिकाइ क्रियाकलापको योजना, सिकाइको लागि आन्तरिक वातावरण व्यवस्थापन वा सिकाइ क्षेत्रको व्यवस्थापन, बाह्य वातावरण व्यवस्थापन, विषयवस्तुअनुसार क्रियाकलाप, दैनिक समय विभाजन र सो अनुसार कार्य तथा मूल्यांकन प्रणाली विद्यार्थी सहभागिता सम्बन्धी सूचनाहरु स.कलन गर्न अवलोकन फारम निर्माण गरिएको छ । जसलाई अनुसूची ४ मा देखाइएको छ ।

### ३.३.३ अन्तर्वार्ता सूची

दुई वा दुईभन्दा बढी व्यक्तिहरु आमन्ने सामन्ने बसेर निश्चित उद्देश्य र प्रश्नहरुमा केन्द्रित भइ दोहोरो वार्तालाप गरी सूचनाहर संकलन गरिने प्रक्रियालाई अन्तर्वार्ता भनिन्छ । यस अध्ययनमा छनोटमा परेका २ वटै विद्यालयका प्र.अ. र शिक्षकसँग असंरचित अन्तर्वार्ता प्रश्नावलीको माध्यमबाट प्रारम्भिक बालविकास केन्द्रमा भइरहेको शिक्षण सिकाइ क्रियाकलापको अवस्था पहिचान गरी सवल र दुर्वल पक्षको खोजी गर्न योजना, पूर्वतयारी, भौतिक व्यवस्थापन, सहयोगी कार्यकर्ताको प्रस्तुतीकरण, आन्तरिक र बाह्य वातावरण व्यवस्थापन, अनुगमन र मूल्यांकन आदिजस्ता कुराहरुको जानकारी प्राप्त गर्नको लागि प्र.अ. र शिक्षकसँग अन्तर्वार्ता गरी आवश्यक पर्ने सूचनाहरु संकलन गरिएको छ । शिक्षक र प्रधानाध्यापकसँगको अन्तर्वार्ता प्रश्नावलीलाई अनुसूची ५ र ६ मा राखिएको छ ।

### ३.३.४ अभिभावकसँग समूह छलफल

बालकको रुचि, चाहना र आवश्यकता अनुसार क्रियाकलाप भएको छ छैन भन्ने कुरा नजिकबाट थाहा पाउन वा परिचित हुने व्यक्ति अभिभावक भएको र विद्यालय वा बालविकास केन्द्रका हरेक गतिविधिमा संलग्न हुने, सुझाव दिने, सहयोग गर्ने व्यक्ति पनि अभिभावक भएकोले बालविकास केन्द्रको शिक्षण सिकाइ क्रियाकलापका सवल र दुर्वल पक्षहरु पहिचान गर्न तथा उनीहरुको धारणा विचार के छ ? बुझ्नको लागि अभिभावकसँग समूह छलफल गरिएको छ । जसलाई अनुसूची ७ मा देखाइएको छ ।

### ३.३.५ बालबालिकासँग समूह छलफल

बालविकास केन्द्रको शिक्षण सिकाइ क्रियाकलापमा संलग्न भएपछि उनीहरुले प्राप्त गरेको अनुभव के कस्तो छ ? उनीहरुको रुचि चाहना के छ ? बालबालिका के चाहन्छन् र के भइरहेको छ ? भन्ने प्रश्नको खोजी गर्न बालबालिकाको समूह बनाई छलफल गरिएको छ । जसलाई अनुसूची ८ मा देखाइएको छ ।

### ३.३.६ दस्तावेज अध्ययन

यस अध्ययनमा छनोटमा परेका बालविकास केन्द्रमा शिक्षण सिकाइ क्रियाकलापको अवस्था पहिचान गर्न छनोटमा परेका बालविकास केन्द्रका दस्तावेज अध्ययन गरी सूचना संकलन गरिएको छ ।

## ३.४ सूचना संकलन प्रक्रिया

यस अध्ययनका लागि सूचना संकलन गर्नका लागि अध्ययनकर्ता स्वयम् काठमाडौं महानगरपालिका अन्तर्गत पर्ने १।१ वटा सामुदायिक र संस्थागत विद्यालयमा गई पूर्वप्राथमिक तहको खेल

समूहसँग शिक्षक, विद्यार्थी र अभिभावकसँग आवश्यकतानुसार साधनहरको छुट्टाछुट्टै रुपमा प्रयोग गरी सूचना संकलन गरिएको छ । प्राथमिक र द्वितीय सूचनाको स्रोतको आधारमा सूचना संकलन गरिएको छ ।

## ३.५ सूचनाको विश्लेषण प्रक्रिया

अध्ययनको उद्देश्य पूरा गर्न निर्माण गरिएका अवलोकन फाराम, अन्तर्वार्ता फाराम, समूह छलफल निर्देशिका तथा सूचनालाई आवश्यकतानुसार सांकेतिकरण वर्गीकरण तथा तालिकीकरण गरी वर्णनात्मक विधिबाट उद्देश्य अनुरुप सिलसिला मिलाएर शाब्दिक रुपमा विश्लेषण र व्याख्या गरिएको छ ।

# परिच्छेद चार

## तथ्यांकको प्रस्तुतीकरण, विश्लेषण र व्याख्या

कुनै पनि अध्ययन अनुसन्धान कार्यका लागि तथ्यांकको संकलन गरिसकेपछि ती तथ्यांकहरुलाई उपयुक्त ढंगबाट प्रस्तुत गरी विश्लेषण र व्याख्या गर्नुपर्ने हुन्छ । यस अध्ययमा सामुदायिक बाल विकास कक्षाको शिक्षण सिकाइ क्रियाकलापको अवस्था पहिचान गर्ने र शिक्षण सिकाइका क्रममा परीक्षकले भोगेका समस्या पहिचान गर्नु प्रमुख उद्देय रहेको थियो । यिनै उद्देश्य पूरा गर्नको लागि काठमाडौं जिल्लाको स्यूचाटार गा.वि.स. मा रहेको एउटा सामुदायिक र एउटा संस्थागत विद्यालयमा आधारित बालविकास कक्षामा गइ कक्षा अवलोकन,प्र.अ. र प्रारम्भिक बालविकास शिक्षण गर्ने शिक्षकसँग अन्तर्वार्ता आन्तरिक र बाह्य वातावरणको स्थलगत अवलोकन अभिभावक र बालबालिकासँग समूह छलफल गरी संकलन गरिएका सूचनाका आधारमा विश्लेषण र व्याख्या गरिएको छ । सूचना संकलनको क्रममा छनोटमा परेका प्र.अ. शिक्षक अभिभावक आदिको थप सुझाव र सल्लाहलाई समेत समावेश गरिएको छ । मुलतः यो अध्ययन सामुदायिक रस.स्थागत विद्यालयमा सञ्चालित बालविकास कक्षामा भइरहेको शिक्षण सिकाइ क्रियाकलापको अवस्था अध्ययनबाट प्राप्त तथ्यांक वा सूचनालाई निम्नानुसार व्याख्या गरिएको छ ।

### ४.१ शैक्षिक जनशक्तिको स्थिति

शैक्षिक जनशक्ति कुनै पनि शैक्षिक संस्थाको स्तर निर्धारण गर्ने आधार हो । शैक्षिक स्तरले शिक्षकको क्षमता पत्ता लगाउन सहयोग गर्दछ । यस अध्ययनमा संस्थागत र सामुदायिक विद्यालयको खेल समूह कक्षामा कार्यरत शैक्षिक जनशक्तिको अवस्था निम्नानुसार उल्लेख गरिएको छ ।

**तालिका ४.१**

**शिक्षकको तालिम र योग्यताको अवस्था**

| अवस्था | सामुदायिक | संस्थागत |
|---|---|---|
| योग्यता | उ.मा.वि. | उ.मा.वि. |
| अनुभव | ५ | ७ वर्ष |
| तालिम | ८ दिने आधारभूत | छैन |
| शिक्षक संख्या | २ | १ |
| लिङ्ग | महिला | महिला |

स्रोतः स्थलगत अध्ययन, २०७० ।

माथिको तालिका अध्ययन गर्दा सामुदायिक र संस्थागत दुवै विद्यालयका बालविकास कक्षामा शिक्षण गर्ने शिक्षकको योग्यता बाह्र कक्षा पास रहेको पाइयो । दुइवटै विद्यालयमा ५ वर्षभन्दा माथि शिक्षण अनुभव भएको शिक्षकको व्यवस्था गरेको पाइयो । सामुदायिक विद्यालयका बालविकास शिक्षण गर्ने शिक्षकले ८ दिने आधारभूत तालिम लिएको पाइयो भने संस्थागत विद्यालयको बालविकास शिक्षण गर्ने शिक्षकले कुनै पनि तालिम नलिएको पाइयो । संस्थागत विद्यालयमा एक जना शिक्षक रहेको र सामुदायिक विद्यालयमा २ जना शिक्षक रहेको पाइयो । विद्यार्थी शिक्षक अनुपात सामुदायिकमा १७:१ र संस्थागतमा सामुदायिकमा ३३ जना विद्यार्थी रहेको र संस्थागतमा १८ जना रहेको पाइयो ।

यसरी दुइवटै विद्यालयका शिक्षकको योग्यता न्यूनतम मापदण्ड पुस्तिकाले तोकेको भन्दा बढी योग्यता भएको पाइयो । साथै सामुदायिक विद्यालयका शिक्षकले ८ दिने आधारभूत तालिम लिएको पाइयो ।

## ४.२ भौतिक व्यवस्थापनको अवस्था

विद्यालय प्राप्त शैक्षिक सामग्रीहरु कक्षाकोठामा राखी शिक्षण सिकाइमा अधिकतम प्रयोग हुने किसिमबाट भएको व्यवस्थापनलाई कक्षाकोठा व्यवस्थापन भनिन्छ । उपयुक्त कक्षाकोठा व्यवस्थापन त्यसलाई मान्न सकिन्छ जहाँ शिक्षकको अनुपस्थितिमा पनि विद्यार्थीको सिकाइ क्रियाकलाप भइराखेको हुन्छ । अर्को शब्दमा भन्ने हो भने कक्षामा राखिएका ती शैक्षिक सामग्रीबाट विद्यार्थीको सिकाइ प्रति जिज्ञासा उत्पन्न गराउन सकोस् त्यसलाई कक्षाकोठा व्यवस्थापन भनिन्छ ।

कक्षाकोठाभित्र गरिने विभिन्न क्रियाकलापको लागि कक्षाकोठाको उपयुक्तआकार फर्निचरको व्यवस्था, फराकिलो हावा खुल्ने प्रकाश आवत जावत गर्ने, उज्यालो देखिने बिजुली बत्ती र पंखाको व्यवस्था, शिक्षण सिकाइ क्रियाकलाप गर्दा घुमफिर गर्ने ठाउँ, शैक्षिक सामग्री राख्ने ठाउँ सिकाइ क्षेत्र प्रदर्शन गर्ने स्थान, सम्पूर्ण विद्यार्थीले देख्न सक्ने बसाइको व्यवस्था आराम गर्ने र सुत्ने स्थान भित्ते लेखन आदिको व्यवस्था हुनुपर्दछ । प्रारम्भिक बालविकास केन्द्रका लागि कम्तिमा प्रति बालबालिका र वर्गमिटर क्षेत्रफलको कोठा अर्थात् १८ फिट लम्बाइ १६ फिट उचाई, उज्यालो प्रकाश आउने, हावा आवतजावत गर्ने, स्थानीय वातावर(ा अनुकूल भएको ४ वटा झ्याल लगाउन मिल्ने घर वा मिल्ने कोठा हुनुपर्दछ ( राष्ट्रिय न्यूनतम मार्गदर्शक पुस्तिका, २०६७) । बालविकास केन्द्रको स्थलगत अध्ययन गर्दा सामुदायिक र संस्थागत विद्यालयको बाह्य वातावरण व्यवस्थापन र कक्षाकोठा व्यवस्थापनको अवस्था निम्नानुसार पाइयो ।

### ४.२.१ बाह्य वातावरण व्यवस्थापन

प्रारम्भिक बालविकास केन्द्रका बालबालिकाको सर्वाङ्गिण विकास हुने खालका क्रियाकलाप कक्षाकोठाभित्र मात्र समेट्न सकिँदैन । बालक प्रकृतिप्रेमी हुन्छ । त्यसैले त विद्वान् रुसो बालकलाई प्रंकृतिमा छोड उसले आफै सिक्छ भन्दछन् । बाहिरी वातावरणका विभिन्न पक्षहरुको बालकलाई सुरक्षित र रमाइलो अनुभूति दिन सकिन्छ । शारीरिक विकास गर्न, खेलको क्रियाकलापको लागि बाह्य वातावरण व्यवस्थापन हुनुपर्दछ । प्रारम्भिक बालविकास केन्द्रको राष्ट्रिय न्यूनतम मापदण्ड पुस्तिका - २०६७ ले बाहिरी वातावरण व्यवस्थापन अन्तर्गत बालबालिकालाई खेल्न उपयुक्त खेल सामग्रीको व्यवस्था - जस्तै चिप्लेटी, टायरको टनेल, डिकिच्याउ, पिङ्ग, भऱ्याङ्ग, बालहरु, स्किपिङ्ग, जिगस, शीतलका लागि चौरमा रुख र राम्रोका लागि फूलबारी बगैंचाको व्यवस्था गर्ने चौरलाई घेरावालरले वारेको हुनुपर्ने मापदण्ड राखेको छ । यो अध्ययनको छनोटमा परको विद्यालयका बालविकास केन्द्रको बाह्य वातावरणको स्थलगत अवलोकन गरी निम्न अवस्था पहिचान गरिएको छ ।

सामुदायिक र संस्थागत विद्यालय दुवैमा शौचालयको व्यवस्था भएको पाइयो । सामुदायिक विद्यालयमा खानेपानी धारा नभएको खानेपानीका लागि जारको व्यवस्था गरिएको पाइयो । बास्केटकोर्ट र रुख भएको पाइयो । संस्थागत विद्यालय एसियन बोर्डिङमा बास्केटबल, चिप्लेटी, धारा रहेको पाइयो । दुइवटै बालविकास केन्द्र विद्यालय हाताभित्र भएकोले बाहिरको वातावरण असुरक्षित देखियो । बालबालिकालाई खेल्न बाहिर लगेको पाइएन । सम्पूर्ण क्रियाकलाप कक्षाकोठाभित्र सीमित रहेको पाइयो । दुइवटै बालविकास केन्द्रमा टायरको टनेल, डिकिच्याउ, पिङ्ग, स्किपिङ, जिगस, फुलवारी, रुख आदिको व्यवस्था नभएको पाइयो ।

यसरी सामुदायिक र संस्थागत दुइवटै विद्यालयमा सञ्चालित बालविकास केन्द्रको बाह्य वातावरण व्यवस्थापन राम्रो पाइएन । बाह्य वातावरणमा शिक्षण सिकाइ क्रियाकलाप पनि नभएको पाइयो ।

### ४.२.२ कक्षाकोठामा भौतिक व्यवस्थापन

सामुदायिक र संस्थागत विद्यालयमा सञ्चालित प्रारम्भिक बालविकास केन्द्रमा शिक्षण सिकाइ क्रियाकलापको अवस्था पहिचान गर्ने क्रममा कक्षाकोठाको भौतिक अवस्थाको स्थलगत अवलोकन गरी तथ्यांक संकलन गरिएको थियो । छनोटमा परेका विद्यालयका बालविकास कक्षाको कक्षाकोठा व्यवस्थापन सम्बन्धी संकलित सूचनालाई निम्नानुसार प्रस्तुत गरी विश्लेषण र व्याख्या गरिएको छ ।

**तालिका ४.२**

**कक्षाकोठामा भौतिक व्यवस्थापनको अवस्था**

| भौतिक विवरण | सामुदायिक | संस्थागत |
|---|---|---|
| कक्षाकोठा | १२ मिटर र ८ मिटर | १० मिटर र ८ मिटर |
| ढोका | ढोका-१ (उपयुक्त) | ढोका - १ |
| झ्याल | ३ | १ |
| फर्निचर | कुर्ची-१ (शिक्षकको लागि टेबल-४ (सानो), टेबल-२ | छैन |
| कालोपाटी/सेतोपाटी | छैन | सेतोपाटी-१ |
| कार्पेट/चकटी | छ (पातलो खालको) चकटी-३३ वटा | छ (वाक्लो उपयुक्त किसिमको) |
| भित्ते लेखन | तीनतिर | तीनतिर |
| पुस्तकालय | छैन | छैन |
| आराम गर्ने स्थान | २ वटा वेड | एउटा वेड |

स्रोतः स्थलगत अध्ययन, २०७० ।

माथिको तालिकालाई अध्ययन गर्दा सामुदायिक विद्यालय अमरज्योति (उ.मा.वि.) को कक्षाकोठा उपयुक्त र फराकिलो देखिन्छ । बालकक्षा भुइतलामा नभएर माथिल्लो तलामा रहेको पाइयो । प्रारम्भिक बालविकासकेन्द्र अर्थात् पूर्वप्राथमिक कक्षाको न्यूनतम मापदण्ड अनुसार यदि विद्यालय २ तले भएमा बालविकास केन्द्रका लागि भुइतलामा कक्षाकोठा उपलब्ध गराउनु पर्नेछ भन्नेमान्यतालाई ध्यान नदिएको पाइयो । कक्षाकोठामा ३ वटा झ्याल रहेको पाइयो । प्रकाश राम्रो आउने भए पनि झ्याल एकैतिर भएकोले हावाको आवतजावत नभएको पाइयो । चारवटा सानो टेबल, शिक्षकको लागि एउटा कुर्ची,टि.िभ र अन्य सामग्री राख्नको लागि २ वटा टेबल शैक्षिक सामग्री राख्ने एउटा दराज रहेको पाइयो । कक्षाको तीनतिर भित्तेलेखन गरिएको छ । आराम गर्नको लागि २ वटा बेड राखिएको छ । संस्थागत विद्यालय (एसियन बोर्डिङ) को कक्षाकोठाको आकार उपयुक्त किसिमको छ । एउटा मात्र झ्याल भएकोले हावाको आवत जावत राम्रो छैन ।यसमा पनि तीनतिर भित्तेलेखन गरिएको छ । बाक्लो चिसो नआउने कार्पेट राखिएको पाइयो । डेस्क, बेन्च, कुर्ची नभएको पाइयो ।

यसरी सामुदायिक र संस्थागत दुइवटै विद्यालयमा सञ्चालित बालविकास केन्द्रमा कार्पेटको व्यवस्था भएको पाइयो । सामुदायिक विद्यालयको कक्षाकोठाको कार्पेट पुरानो र च्यातिन लागेकोले अर्को फेर्नुपर्ने देखियो । अमरज्योति बालविकास केन्द्रमा चारैपटि विद्यार्थीले भेट्ने गरी कालोपाटी सेतोपाटी नराखेको पाइयो भने एसियन बालविकास केन्द्रमा तीनतिर कालोपाटी, सेतोपाटी नभएको पाइयो । दुवै

बालविकास केन्द्रमा भित्तेलेखन भएको पाइयो । पुस्तकालय नभएकोले पुस्तकालयको व्यवस्था गर्नुपर्ने देखियो ।

### ४.३ शिक्षण सिकाइ क्रियाकलापको लागि योजना र पूर्व तयारीको प्रस्तुतीकरण अवस्था

कक्षाकोठामा शिक्षण गर्नुभन्दा पहिले नै कुन विधिको प्रयोग गर्ने, कसरी शिक्षण सिकाइ क्रियाकलाप गर्ने, कस्ता शैक्षिक सामग्रीको प्रयोग गर्ने भनी शिक्षण गर्नुपूवै तयार पारिने कार्यलाई योजना र पूर्वतयारी भनिन्छ । जसले शिक्षण सिकाइ क्रियाकलापलाई अर्थपूर्ण र प्रभावकारी बनाउन सहयोग गर्दछ । सामुदायिक र संस्थागत विद्यालयमा सञ्चालित बालविकास केन्द्रमा शिक्षण सिकाइको लागि योजना, पूर्वतयारी र प्रस्तुतिकरणलाई निम्न अनुसार विश्लेषण र व्याख्या गरिएको छ ।

#### ४.३.१ योजना र पूर्व तयारीको अवस्था

प्रारम्भिक बालविकासकेन्द्रमा विना तयारी गरिएको क्रियाकलापले बालकको सबै पक्षलाई समेट्न सक्दैन के क्रियाकलाप गर्ने कसरी गर्ने, के सामग्री प्रयोग गर्ने भन्ने कुराले अर्थपूर्ण र प्रभावकारी शिक्षण सिकाइमा सहयोग पुग्ने भएकोले पूर्वतयारीको अवस्थासँग सम्बन्धित सूचनालाई कक्षा अवलोकन र शिक्षक अन्तर्वार्ताको माध्यबाट संकलन गरी निम्नानुसार प्रस्तुतीकरण विश्लेषण र व्याख्या गरिएको छ ।

**तालिका ४.३**

**शिक्षण सिकाइ क्रियाकलापको लागि पूर्व तयारीको अवस्था**

| क्रियाकलाप | सामुदायिक | संस्थागत |
|---|---|---|
| पाठ्यक्रम | छ | छैन |
| शिक्षक निर्देशिका | छ | छैन |
| तालिमबाट प्राप्त सामग्री | छ | छैन |
| वार्षिक कार्य तालिका | छ | छ |
| वार्षिक योजना | छैन | छैन |
| दैनिक योजना | मानसिक तयारी | मानसिक तयारी |
| स्थानीय सामग्री | छैन | छैन |
| बजारबाट किनेको | छ | छ |
| समय विभाजन | छ | छ |

स्रोतः स्थलगत अध्ययन, २०७० ।

माथिको तालिका अध्ययन गर्दा सामुदायिक र संस्थागत दुइवटै विद्यालयको बालशिक्षा शिक्षण गर्ने शिक्षक मध्ये सामुदायिक विद्यालयको शिक्षकसँग पाठ्यक्रम, निर्देशिका, तालिमबाट प्राप्त सामग्री भएको पाइयो । संस्थागत विद्यालयको शिक्षकसँग पाठ्यक्रम, शिक्षक निर्देशिका, तालिमबाट प्राप्त सामग्री नभएको पाइयो । विद्यालयमा आधारित बालविकास केन्द्र भएको कारण विद्यालयको वार्षिक कार्यतालिका अनुरुप तयार गरी प्रयोग गरेको देखिन्छ । सामुदायिक र संस्थागत दुइवटै बालविकास केन्द्रमा वार्षिक कार्ययोजना र दैनिक योजनाका सम्बन्धमा लिखित रुपमा योजना बनाइ शिक्षण अभ्यास गरेको पाइँदैन तर मानसिक रुपमा तयारी भइ कार्य गरेको पाइयो । संस्थागत र सामुदायिक दुवै विद्यालयका बालविकासकेन्द्रमा किनेको सामग्रीको प्रयोग गरेको पाइयो । सामुदायिक र संस्थागत दुवै विद्यालयका शिक्षकले समय विभाजन गरेर शिक्षण गरेको पाइयो ।

यसरी पाठ्यक्रम शिक्षक निर्देशिका लगायतका सन्दर्भ सामग्रीको प्रयोग गरी दैनिक योजना बनाएर शिक्षण क्रियाकलाप हुन नसकेको पाइयो । सामुदायिक विद्यालयमा निर्देशिका भए पनि यसको खासै प्रयोग भएको पाइएन । शिक्षण गर्दा बजारमा पाइने सामग्रीको प्रयोग भएको पाइयो । स्थानीय स्तरमा उपलब्ध हुने सामग्रीको खासै प्रयोग गरेको पाइएन । त्यस्तै सामुदायिक र संस्थागत दुवै विद्यालयका शिक्षकले समय विभाजन गरेतापनि पाठ्यक्रममा दिएको समय तालिका अनुसार समय विभाजन गरेको पाइँदैन ।

### ४.३.२ शिक्षकको प्रस्तुतीकरण

प्रारम्भिक बालविकास केन्द्रमा शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्दा शिक्षक र सहयोगी कार्यकर्ताको तालिम, योग्यता, भाषा, धर्म अनुभव, वैवाहिक स्थिति, लिंग आदिले प्रभाव पार्दछ ।सकेसम्म शिक्षक महिला विवाहित र बच्चा भएको हुनु उपयुक्त मानिन्छ ।जसबाट बालबालिकाको बानी व्यवहार आदि पहिचान गरी स्वतन्त्र रुपमा सिक्ने वातावरण प्रदान हुन्छ । प्रारम्भिक बालविकास केन्द्रमा शिक्षकको व्यवस्थित प्रस्तुतीकरणबाट शिक्षण सिकाइ प्रभावकारी र अर्थपूर्ण हुन्छ । साथै बालबालिकाको सहभागिता रसक्रियता बढाउन सहयोग सिद्ध हुन्छ । तसर्थ कक्षा अवलोकन गरी शिक्षकको कक्षामा प्रस्तुतीकरण सम्बन्धी सूचना संकलन गरी निम्नानुसार विश्लेषण र व्याख्या गरिएको छ ।

**तालिका ४.४**

**शिक्षकको प्रस्तुतीकरण**

| विवरण | सामुदायिक | संस्थागत |
|---|---|---|
| ठिक समयमा सुरुवात | भएको | भएको |
| उत्प्रेरणा र पुनस्मरण | भएको | भएको |
| क्रमिकता | नभएको | नभएको |
| बोलीमा स्पष्टता | छ | छ |
| समावेशी बसाइ व्यवस्थापन | छ | छ |
| स्थानीय सामग्रीको प्रयोग | छैन | छैन |
| खाजा समय/विश्राम समय | छुट्याइएको | छुट्याइएको |
| सांगीतिक अनुभव प्राप्त | अनुभव भएको | अनुभव भएको |
| स्वतन्त्र खेल | समय दिएको | समय दिएको |
| मूल्यांकन | क्रियाकलाप गर्न लगाएर, प्रश्न सोधेरभन्न लगाएर लेख्न लगाएर | |
| पृष्ठपोषण | मौखिक सुझाव | मौखिक सुझाव |
| सारांश | छैन | छैन |
| गृहकार्य | दिएको | दिएको |
| कक्षाको अन्त्य र विदाइ गीत | नमस्कार, बाई बाई | Bye, Bye, see you |

स्रोतः स्थलगत अध्ययन, २०७० ।

माथिको तालिकालाई अध्ययन गर्दा सामुदायिक र संस्थागत दुवै विद्यालयको बालशिक्षा पढाउने शिक्षक न्यूनतम योग्यता भएका र अनुभवी पाइयो । सामुदायिक विद्यालयको शिक्षकले ८ दिने आधारभूत तालिम लिएको पाइयो भने संस्थागत विद्यालयका शिक्षकले कुनै पनि तालिम नलिएको पाइयो । दुवै बालविकास केन्द्रमा ठिक समयमा कक्षाकोठा सुरुवात भएको पाइयो । उत्प्रेरणा प्रदान गर्न अघिल्लो दिनको पुनःस्मरण गरेको पाइयो । संस्थागत र सामुदायिक दुवै बालविकास कक्षामा जातिगत/लैङ्गिक बसाइ व्यवस्थान, शौचालयको प्रयोग साङ्गितिक अनुभव प्रदान भएको पाइयो । प्रस्तुतीकरणमा क्रमिकता र स्थानीय सामग्रीको प्रयोग भएको पाइएन । दुवै बालविकास केन्द्रमा शिक्षकले क्रियाकलाप गर्न लगाएर, प्रश्न सोधेर लेख्न दिएर मूल्यांकन गरेको र पृष्ठपोषण दिएको पाइयो । गृहकार्य गर्न दिएको पाइयो भने नमस्कार गरेर बिदा भएको पाइयो ।

यसरी सामुदायिक र संस्थागत दुवैतर्फ न्यूनतम योग्यता भएका र अनुभवी शिक्षक पाइयो । ठिक सकयमा सुरुवात भए पनि प्रस्तुतीकरणमा क्रमिकता देखिएन । खाजा समय र विश्राम समय छुट्याइएको थियो ।

### ४.४ शैक्षिक व्यवस्थापनको अवस्था

प्रभावकारी र अर्थपूर्ण शिक्षण सिकाइ क्रियाकलापको लागि भौतिक व्यवस्थापन जत्तिकै शैक्षिक व्यवस्थापनको महत्व रहेको छ । शैक्षिक व्यवस्थापन अन्तर्गत शिक्षण विधिको छनोट, विद्यार्थी बसाई समूह विभाजन,मनिटर, काम, कर्तव्य र छनोट,समूहनेता काम कर्तव्य र छनोट कक्षामा अनुशासन सिकाइ क्षेत्रको व्यवस्थापन आदि पर्दछन् । विशेषगरी प्रारम्भिक अवस्थाको बालबालिकाको सर्वागिण विकास गर्ने खालको सिकाइ क्षेत्र व्यवस्थापन भएको कक्षाकोठाबाट शिक्षण सिकाइ प्रभावकारी बनाउन सकिन्छ । यहि कुरालाई आत्मसात गरी शैक्षिक व्यवस्थापनको अवस्था पहिचान गर्न स्थलगत अवलोकनका माध्यमबाट प्राप्त तथ्यांक निम्नानुसार विश्लेषण र व्याख्या गरिएको छ ।

### ४.४.१ विद्यार्थी व्यवस्थापनको अवस्था

विद्यार्थीलाई सम्पूर्ण क्रियाकलाप गर्न सजिलो होस् र शिक्षकलाई विद्यार्थीसँग प्रत्यक्ष सम्पर्क गर्न सजिलो हुने तरिकाले विद्यार्थी व्यवस्थापन गर्नुपर्दछ । यस अध्ययनमा गरिएको विद्यार्थी व्यवस्थापन निम्ननुसार उल्लेख गरिएको छ ।

**तालिका ४.५**

**विद्यार्थी बसाइ व्यवस्थापनको अवस्था**

| भौतिक विवरण | सामुदायिक | संस्थागत |
|---|---|---|
| प्रयोग विधि | छलफल, अभिनय, प्रदर्शन, निर्देशन वर्णन | अभिनय, छलफल, प्रदर्शन, निर्देशन वर्णन |
| विद्यार्थी वसाइ | Round shape | U shape |
| समूह विभाजन | छ | छ |
| मनिटर/टेलिफोन | छैन | छैन |

स्रोतः स्थलगत अध्ययन, २०७० ।

माथिको तालिका अध्ययन गर्दा सामुदायिक र संस्थागत दुवै विद्यालयमा छलफल, अभिनय निर्देशन, वर्णन र प्रदर्शन विधिहरु प्रयोग गरेको पाइयो । सामुदायिक विद्यालयको अमरजयोति बालविकास केन्द्रमा विद्यार्थी बसाइ गोलो आकारमा राखिएको पाइयो भने संस्थागत विद्यालय (एसियन) बालबाविकास केन्द्रमा U आकारको राखेको पाइयो ।

### ४.४.२ सिकाइ क्षेत्रको अवस्था

यो अध्ययन सामुदायिक र संस्थागत विद्यालयको बालकक्षाको शिक्षण सिकइक्रियाकलापको अवस्था पहिचान गर्नुपर्ने हुँदा सम्बन्धित क्षेत्रमा गई स्थलगत अवलोकन गर्दा निम्नानुसार शिक्षण सिकाइ क्रियाकलापको आन्तरिक व्यवस्थापन गरेको पाइयो ।

#### (क) भाषा सिकाइ क्षेत्रको अवस्था

बालबालिकाको भाषिक सीप विकासको लागि बालविकास केन्द्रको आन्तरिक वातावरणमा कुनै एटा कुनामा भाषिक सीप विकाससँग सम्बन्धित सामग्री राखी भाषा सिकाइ क्षेत्रको व्यवस्था गर्न सकिन्छ । यस अध्ययनमा बालविकास केन्द्रको भाषा सिकाइ क्षेत्रको अवस्था निम्नानुसार पाइयो ।

**तालिका ४.६**

**भाषा सिकाइ क्षेत्रको अवस्था**

| अवस्था | सामुदायिक | संस्थागत |
|---|---|---|
| क्षेत्र छुट्याएको | छैन | छैन |
| सामग्रीको अवस्था | colour chart - 1 | महिना, बाट लेखिएको |
| | Rhyme लेखिएको चार्ट-२ | चार्ट-३ |
| | नेपाली वर्णमाला वर्णमालाका गोत्तिहरु - ३६ | चराचुरुङ्गी, पशुपंक्षी |
| | काठको मानिसको नमुना | Tree chart, birthday chart |
| | चराचुरुङ्गी पशुपंक्षीको नमुना | Fruits name chart - 1 |
| | | Vegetables name chart - 1 |
| | | स्वरवर्ण - १ |
| | | नेपाली वर्णमाला-१ |
| | | फलफूल तरकारीको नमुना |
| सामग्री राखिएको स्थान | कक्षाकोठाभित्रै दराजमा | प्रदर्शन |
| शिक्षण सिकाइ विधि | प्रदर्शन, निर्देशन वर्णन | निर्देशन, वर्णन |

स्रोतः स्थलगत अध्ययन, २०७० ।

माथिको तालिका अध्ययन गर्दा सामुदायिक र संस्थागत दुवै विद्यालयको बालविकास केन्द्रमा भाषा सिकाइ क्षेत्र छुट्याइएको पाइँदैन । भाषा सिकाइको लागि आवश्यक सामग्रीहरु दुईवटै बालविकास केन्द्रमा पाइयो । दुवै बालविकास केन्द्रमा पाइयो । सामुदायिक विद्यालयको अमरज्योति बालविकास

केन्द्रमा मानिसको काठको नमुना पाइयो भने एसियन बालविकास केन्द्रमा पाइएन । क्षेत्र नछुट्याइएकोले भाषा क्षेत्रको सामग्री दराजमा राखेको पाइयो । चार्ट पेपरहरु भित्तामा झुन्ड्याइएको पाइयो । संस्थागत विद्यालयको भाषा सिकाइ क्षेत्रको सामग्री जुनियर ल्यावमा राखेको पाइयो । तर यसलाई प्रभावकारी रुपमा प्रयोग गरेको पाइएन । सामुदायिक विद्यालयमा टि.भि.को व्यवस्था भएको पाइयो तर यसलाई प्रभावकारी रुपमा प्रयोग गरेको पाइएन । दुवै बालविकास केन्द्रमा बालकथा पजल जस्ता सामग्री नभएको पाइयो । भएका सामग्री अनुसार दुवै बालविकास केन्द्रमा शिक्षक विद्यार्थीका क्रियाकलाप भएको पाइयो । विद्यार्थीलाई आफै चलाएर भन्दा पनि शिक्षकले प्रदर्शन गरी जनावर, चराचुरुङ्गी फलफूल, तरकारीको नाम भन्न लगाएको पाइयो ।

यसरी सामुदायिक र स.स्थागत दुवै बालविकास केन्द्रमा भाषा सिकाक्ष क्षेत्र छुट्याइएको पाएन । क्षेत्र नछुट्याए पनि भाषा सिकाइ सम्बन्धी क्रियाकलाप गरिएको पाइयो । सामुदायिक र संस्थागत दुवैतर्फ भाषा सिकाइका लागि समान अभ्यास गरेको पाइयो ।

**(ख) गणित सिकाइ क्षेत्रको अवस्था**

साना साना बालबालिकाहरुलाइ पूर्व संख्या अवधारणाको विकास गराउन, उनीहरुलाई आकृतिको मद्दतले उचाइ, लम्बाइ, चौडाइ फराकिलो, साँघुरो, ठूलो , सानो, परिणामको मद्दतले उनीहरुमा संख्याको अवधारणा विकास गराउनुपर्दछ । यसका लागि उनीहरुलाई अनौपचारिक तवरबाट विभिन्न क्रियाकलापमा संलग्न गराउनु पर्दछ । जसका लागि गणित क्षेत्र छुट्याउनु पर्दछ । दुवै विद्यालयको बालकक्षामा अवलोकन गर्दा गणित क्षेत्रको अवस्था निम्नानुसार पाइयो ।

**तालिका ४.७**

**गणित सिकाइ क्षेत्रको अवस्था**

| अवस्था | सामुदायिक | संस्थागत |
|---|---|---|
| क्षेत्र छुट्याइएको सामग्री | छैन<br>काठका आकारहरु - १० सेट<br>काठको घडी - २ वटा<br>बल-२<br>Number chart - 1 | छैन<br>Number chart - 1<br>Counting chart - 1<br>प्लाष्टिकको Ring - 1<br>प्लाष्टिकका आधारहरु - 50 |
| सामग्री राखिएको स्थान | दराज | जुनियर ल्याप र छलफल, निर्देशन, वर्थन |
| शिक्षण सिकाइ क्रियाकलाप | | |

स्रोतः स्थलगत अध्ययन, २०७० ।

माथिको तालिकालाई अध्ययन गर्दा सामुदायिक र संस्थागत दुइवटै बालविकास केन्द्रमा गणित सिकाइ क्षेत्र छुट्याइएको पाइएन । गणित सिकाइका लागि आवश्यक सामग्री दुइवटै बालविकास केन्द्रमा पाइयो । अमर ज्योति बालविकास केन्द्रमा सामग्रीहरु दराजमा राखेको पाइयो भने एसियन बालविकास केन्द्रमा जुनियर ल्यावमा राखेको पाइयो । चार्टपेपर दुवै बालविकास केन्द्रको भित्रामा झुन्ड्याएको पाइयो । गणत सिकाइका लागि प्रयाप्त सामग्री नभएको पाइयो । अंक गणित पजल रंगीन डोभिलो, स्थानीय स्तरमा विद्या काठ तथा ढुंगाका स-साना टुक्रा नभएको पाइयो । दुवै बालविकास केन्द्रमा भित्तानमा रहेको रंगीत चार्ट प्रयोग गरी देखाउँदै पढ्न लगाएको पाइयो । सरीरका भागहरु कति छन् ? हातका कतिओटा औंला छन् ? आँखा, नाक, कान कतिवटा छ ? भनी सोधेको विद्यार्थीले त्यसको उत्तर दिएको पाइयो । एसियन बालविकास केन्द्रमा प्लाष्टिकका आकारहरु प्रदर्शन गरी खेलाउन दिइयो । प्लाष्टिकका आकारहरु प्रदर्शन गरी खेलाउन दिइयो भने अमरज्योति बालविकास केन्द्रमा काठका आकारहरु प्रदर्शन गरी खेलाउन र आफै मिलाएर राख्न दिएको पाइयो ।

यसरी सामुदायिक र संस्थागत दुवै बालविकास केन्द्रमा गणित क्षेत्रको सामग्री रहेको पाइयो । रंगीन डोमिनो र स्थानीय स्तरमा उपलब्ध हुने सामग्रीको अभाव देखियो ।

**(ग) विज्ञान सिकाइ क्षेत्रको अवस्था**

प्रारम्भिक वाल्यावस्थाका केटाकेटीलाई आफ्ना वरिपरिका चिजहरुलाई जान्ने पत्ता लगाउने अनुसन्धान गर्ने आदि उत्सुकता हुन्छ । उनीहरुभित्र थुप्रै थुप्रै जिज्ञासाहरु हुन्छन् । यसलाई उनीहरु छोएर, सुँधेर, निरीक्षण गरेर आफ्नो सम्पूर्ण इन्द्रियहरु प्रयोग गरेर पत्ता लगाउन कोशिस गर्दछन् । वयस्कहरुको जस्तो वातावपरणमा ती साना नानीहरुलाई सिक्न गाह्रो पर्दछ । तसर्थ उनीहरुलाई विज्ञानबारे ज्ञान दिन उनीहरु सुहाउँदो रमाइलो वातावरण सिर्जना गरी सिकाउन सकिन्छ । जसका लागि विज्ञान क्षेत्र निर्धारण गर्नुपर्दछ । यस अध्ययनमा बालविकास केन्द्रमा अवलोकन गर्दा विज्ञान क्षेत्रको अवस्था निम्नानुसार पाइयो ।

**तालिका ४.९**

**विज्ञान सिकाइक्षेत्रको अवस्था**

| अवस्था | सामुदायिक | संस्थागत |
|---|---|---|
| १. क्षेत्र छुट्याइएको | छैन | छैन |
| २. सामग्री | घडी | विज्ञान क्षेत्रको सामग्री छैन |
| ३. सामग्री राखेको स्थान | | |
| ४. शिक्षण सिकइ क्रियाकलाप | देखिएन | देखिएन |

स्रोतः स्थलगत अध्ययन, २०७० ।

माथिको तालिका अध्ययन गर्दा विज्ञान सिकाइ क्षेत्रको लागि क्षेत्र छुट्याइएको पाएन । विज्ञान सिकाइका लागि तराजु, स्केल, माटो, बालुवा जस्ता बच्चाले अभ्यास गर्ने सामग्रीको अभाव रहेको पाइयो ।

यसरी सामुदायिक र संस्थागत दुवै विद्यालयको बालविकास केन्द्रमा विज्ञान क्षेत्र नछुट्याउनुका साथै सामग्रीको व्यवसथापन र शिक्षण सिकाइ क्रियाकलाप गरेको पाइएन ।

**(घ) अभिनय सिकाइ क्षेत्रको अवस्था**

हाउभाउ तथा अभिनयका माध्यमबाट बालबालिकाले छिटो सिक्ने गर्दछन् । साथै उनीहरु विभिन्न पेशागत नक्कल गर्ने गर्दछन् । नक्कल गरेर सिक्ने हुनाले बालविकास केन्द्रमा अभिनयसँग व्यवस्थापन गर्नुपर्दछ । सामुदायिक र संस्थागत विद्यालयको बालविकास केन्द्रमा अभिनय क्षेत्रको अवस्था निम्नानुसार पाइयो ।

**तालिका ४.१०**

**अभिनय क्षेत्रको अवस्था**

| अवस्था | सामुदायिक | संस्थागत |
|---|---|---|
| क्षेत्र छुट्याइएको | छैन | छैन |
| सामग्रीको अवस्था | वर्णमालाका गोटीहरु भाँडाकुटी | |
| सामग्री राखिएको स्थान | दराज | - |
| शिक्षण सिकाइ क्रियाकलाप | देखिएन | देखिएन |

स्रोतः स्थलगत अध्ययन, २०७० ।

माथिको तालिका अध्ययन गर्दा सामुदायिक र संस्थागत दुवै विद्यालयको बालविकास केन्द्रमा अभिनय क्षेत्र छुट्याइएको पाइएन । अमरज्योती बालविकास केन्द्रमा भाँडाकुटी रहेको पाइयो तर शिक्षण क्रियाकलाप गरिएको पाइएन ।

यसरी सामुदायिक र संस्थागत दुवै बालविकास केन्द्रमा अभिनय क्षेत्रका लागि चाहिने पुतली, भाँडाकुटी र अन्य सामग्रीहरु भएको पाइएन ।

**(ङ) संगीत सिकाइ क्षेत्रको अवस्था**

बालबालिकाहरु स्वभावैले संगीत रुचाउने हुन्छन् । उनीहरु काम गर्दा पनि संगीतको धुनमा गर्न मन पराउँछन् । संगीतको माध्यमबाट सिकाई गर्दा छिटो सिक्दछन् । तसर्थ प्रारम्भिक बालविकास केन्द्रमा संगीत क्षेत्रको व्यवस्थापन गर्नुपर्दछ । यस अध्ययनमा बालविकास केन्द्रमा अवलोकन गर्दा संगीत सिकाइ क्षेत्रको अवस्था निम्नानुसार पाइयो ।

**तालिका ४.११**

**संगीत क्षेत्रको अवस्था**

| अवस्था | सामुदायिक | संस्थागत |
|---|---|---|
| क्षेत्र छुट्याइएको. | छैन | छैन |
| शैक्षिक सामग्री | टि.भी. क्यासेट, ड्रम | क्यासेट, मादन, ड्रमसेट, sound, sytem |
| सामग्री रखिएको स्थान | टि.भी. - टेबलमा, ड्रम, मादल भित्तामा झुन्ड्.याइएको, क्यासेट, प्लेयर दराजमा राखिएको | दराज |

स्रोतः स्थलगत अध्ययन, २०७० ।

माथिको तालिका अध्ययन गर्दा सामुदायिक र संस्थागत दुवै बालविकास केन्द्रमा संगीत क्षेत्र छुट्याएको पाइएन । दुवै बालविकास केन्द्रमा मनोरञ्जनात्मक र सहभागीतात्मक शिक्षण सिकाइ क्रियाकलाप भएको पाइयो ।

यसरी दुवै बालविकास केन्द्रमा संगीत क्षेत्रको छुट्टै व्यवस्था नभएका पाइयो । मादल, ड्रमसेट, sound systgem, क्यासेट प्लेयर भए तापनि ती सामग्रीको खासै प्रयोग भएको देखिएन । स्वतन्त्र रुपले थपडि बजाएर नाच्न गाउने गरेको पाइयो ।

**(च) सिर्जनात्मक सिकाइ क्षेत्रको अवस्था**

प्रारम्भिक बालविकास केन्द्रमा सिर्जनात्मक क्षेत्र अति नै महत्वपूर्ण क्षेत्र मानिन्छ । उनीहरुले हातका औंलाका माध्यमबाट आफ्ना भावनाहरु व्यक्त गर्न चित्र कोर्न थाल्दछन् । यसको लागि आफ्नो वातावरण अनुकुल, खुला ठाउँ, चित्र, चित्र आदि प्रयोगमा ल्याउन सकिन्छ । यस अध्ययनमा सामुदायिक र संस्थागत विद्यालयमा सिर्जनात्मक क्षेत्रको व्यवस्थापनलाई निम्ननुसार उल्लेख गरिएको छ ।

**तालिका ४.१२**

**सिर्जनात्मक सिकाइ क्षेत्र**

| अवस्था | सामुदायिक | संस्थागत |
|---|---|---|
| सिकाइ क्षेत्र छुयाइएको | छैन | छैन |
| शैक्षिक सामग्री | विभिन्न रङ्गको कागज, रङ्ग, विभिन्न आकार बनाउने नरम रवर, रङगीन सिसाकलम | देखिएन |
| सामग्री राखिएको स्थान | र्‍याक | |

स्रोतः स्थलगत अध्ययन, २०७० ।

माथिको तालिका अध्ययन गर्दा सामुदायिक र संस्थागत दुवै बालविकास केन्द्रमा सिर्जनात्मक सिकाइक्षेत्र छुट्याइएको पाइएन । सामुदायिक विद्यालयको अमरज्योति बालविकास केन्द्रमा सिर्जनात्मक

सिकाइका लागि विभिन्न रङ्गीन कागजहरु रङ्गीन पेन्सिल विभिन्न आकार बनाउन नरम रवर र आकार बनाउने भाँडो रहेको पाइयो । एसियन बालविकास केन्द्रमा सिर्जनात्मक सिकाइका सामग्रीहरु पाइएन । अमरज्योति बालविकास केन्द्रका शिक्षकले बालबालिकालाई बलको चित्र भएको कार्ड र रंगीन पेन्सिल दिइ रङ्ग भर्न लगाएको पाइयो । विद्यार्थीले रङ्ग भरेका पाइयो ।

यसरी दुवै बालविकास केन्द्रमा सिर्जनातमक सिकाइ क्षेत्र छुट्याइएको पाइएन । सामुदायिकमा रंगीन पेन्सिल, कागज र विभिन्न आकार बनाउने सामग्री रहेको पाइयो भने संस्थागत विद्यालयको बालविकास केन्द्रमा सिर्जनात्मक क्षेत्र अन्तर्गतका सामग्री देखिएन । सिर्जनात्मक सिकाइ क्षेत्रका लागि चाहिने सामग्री ब्लक, पजल, उन्ने, बुन्ने, सामग्री रङ्ग, बुस, आकार, साइज मिलाउने छुट्याउने, विभिन्न रङ्गको कागज, माटो, बालुवा पानीको व्यवस्था नभएको पाइयो ।

समग्रमा हेर्दा सामुदायिक र संस्थागत दुवै विद्यालयमा सञ्चालित बालविकास केन्द्रमा विषयगत कुनाको व्यवस्थापन गरेको पाइएन । भाषा र गणित सिकाइका लागि प्रयाप्त सामग्रीको व्यवस्था भएको पाइयो भने संगीत, सिर्जनात्मक, अभिनय र विज्ञान क्षेत्रको लागि सामग्री पनि नभएको र क्रियाकलाप पनि नगरेको पाइयो । संस्थागत विद्यालयमा भन्दा सामुदायिक विद्यालयमा बढी शैक्षिक सामग्री पाइयो । दुवै विद्यालयमा भित्ते लेखन गरेर कक्षाकोठालाई आकर्षक बनाउने प्रयास गरेको देखियो ।

### ४.५ विषयवस्तुअनुसार शिक्षण क्रियाकलापको व्यवस्था

प्रारम्भिक बालविकास केन्द्रमा मुख्य विषयवस्तु बालकको इन्द्रियको विकास, शारीरक, विकास, बौद्धिक विकास, सहयोगात्मक भावनाको विकास जसता पक्षसँग सम्बन्धित हुने भएकोले यो अध्ययन गर्दा अनुसन्धानकर्ताले ती पक्षहरुमा जोड दिएर कक्षा अवलोकन गरी सूचना संकलन गरेको थियो ।

### ४.५.१ बौद्धिक विकासको लागि शिक्षण सिकाइ क्रियाकलापको अवस्था

विद्यार्थीको सोच्ने भावनाको विकास, ध्यानपूर्वक सुन्ने, ध्यान केन्द्रित गर्ने, बौद्धिक उत्सुकता, धारणा विकास, समस्या, समाधानका लागि आवश्यक सीपहरु प्रयोग, नयाँ ज्ञानको लागि उत्सुकता जगाउने कार्यहरु बौद्धिक अवधारणा र सीप अन्तर्गत पर्दछन् । जसका लागि बौद्धिक कार्य अन्तर्गतका शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्नुपर्दछ । बालविकास कक्षामा बौद्धिक विकासका लागि शिक्षण सिकाइ क्रियाकलापको अवस्था निम्नानुसार पाइयो ।

तालिका ४.१३

**बौद्धिक विकासको लागि शिक्षण सिकाइ क्रियाकलापको अवस्था**

| क्रियाकलाप | सामुदायिक | संस्थागत |
|---|---|---|
| कथा कविता भन्ने सुन्ने | भएको | भएको |
| कथाबाट घटनाक्रम, छलफल | नभएको | नभएको |
| भित्ते लेखनबाट अक्षर, वर्ण, संख्या चिनाउने | भएको | भएको |
| आफ्नो र साथीको उमेर, नाम सोध्ने बताउने | भएको | भएको |
| आफ्नो र साथीको नाम, जन्मदिन अभिभावकको नाम सोध्ने | भएको | भएको |
| क्रियाकलापको प्रत्यक्ष उदाहरण | शिक्षकः भित्ते लेखनका अक्षर, वर्ण देखाएर छलफल गरेको विद्यार्थीः भित्ते लेखननका अक्षर वर्ण देखाएर पढेको | शिक्षकः बाबा मसीको नाम सोधेको विद्यार्थी : बाबा भूमिको नाम बताएको |

स्रोतः स्थलगत अध्ययन, २०७० ।

माथिको तालिका अध्ययन गर्दा सामुदायिक र संस्थागत दुवै विद्यालयको बालविकास केन्द्रमा कथा कविता भन्ने सुन्ने गरेको पाइयो । दुइवटै बालविकास केन्द्रमा Rhyme वाचन भएको पाइयो । दुइवटै बालविकास केन्द्रमा भित्ते लेखन भएको पाइयो । बालकको लट्ठीले अक्षर, वर्ण, Alphabet र संख्या चिन्ने र गल्ती गर्ने गरेको पाइयो । अमरज्याति बालविकास केन्द्रमा रङ्गको बारेमा छलफल भएको पाइयो । दुइवटै बालविकास केन्द्रमा कथाबाट घटनाक्रम छलफल भएको पाइएन । दुइवटै बालविकास केन्द्रमा उमेर, जन्मदिन, अभिभावकको नाम आदिको बारेमा सोध्ने छलफल गर्ने गरेको पाइयो ।

यसरी सामुदायिक र संस्थागत विद्यालयमा सञ्चालित दुवै बालविकास केन्द्रमा बौद्धिक तथा दिमागको विकासको लागि समान क्रियाकलाप भएको पाइयो । दुवै बालविकास केन्द्रमा समानता र भिन्नता छुट्याउने, वर्गीकरण र सामान्यीकरण र्ने कार्य नभएको पाइयो ।

### ४.५.२ शरीरको लागि शिक्षण सिकाइ क्रियाकलापको अवस्था

विभिन्न चालहरु चल्न तथा शारीरिक क्रियाकलापमा संलग्न रही आवश्यक अनुरुप नियन्त्रण र सञ्चालनको माध्यमले शरीरलाई तन्दुरुस्त राख्ने, समूहमा सहयोग गर्ने बानीको विकास, चालद्वारा अभिव्यक्त गर्न र शारीरक क्रियाकलापमा रुचि राख्ने, नियम पालना गर्न र निर्देशन अनुसार कार्य गर्ने अनुशासित हुने । आफूले र अरुले गरेको असल कामप्रति गौरव गर्ने र अभिप्रेरित हुने जस्ता सीपहरु

शारीरक विकास सीप अन्तर्गत पर्दछन् । प्रारम्भिक बालविकासमा शारीरिक विकासका लागि गरिएका शिक्षण सिकाइ क्रियाकलाप निम्नानुसार पाइयो ।

**तालिका ४.१४**

**शरीरको लागि शिक्षण सिकाइ क्रियाकलापको अवस्था**

| क्रियाकलाप | सामुदायिक | संस्थागत |
|---|---|---|
| हिँड्ने, कुद्ने, उफ्रने, उक्लिने, ओर्लिने | भएको | भएको |
| कपडा, जुत्ता लगाउने खोल्ने | भएको | भएको |
| चित्र कोर्ने, रङ्ग भर्ने चलाउने, निर्माण गर्ने | रङ्गमात्र भरेको नभएको | नभएको |
| खेल खेल्ने | भएको | भएको |
| क्रियाकलापको प्रत्यक्ष उदाहरण | शिक्षकः कक्षाभित्र प्रवेश गर्दा जुत्ता खोलेर र्‍याकमा राख्न लगाएको<br>विद्यार्थीः जुत्ता खोलेर र्‍याकमा राखेर भित्र गएको | शिक्षकः रुमाल लुकाइ खेलाएको<br>विद्यार्थीः रमाइलो मानेर खेलेको |

स्रोतः स्थलगत अध्ययन, २०७० ।

माथिको तालिका अध्ययन गर्दा सामुदायिक र संस्थागत दुवै विद्यालयमा सञ्चालित बालविकास कक्षामा हिँड्ने, कुद्ने, उफ्रने, ओर्लिने, उक्लने, तुना, बाँध्ने, खोल्ने अभ्यास भएको पाइयो । चलाउने निर्माण गर्ने चित्र कोर्ने अभ्यास भएको पाइँदैन । अमरज्योति बालविकास केन्द्रमा चित्रण रङ्ग भर्ने अभ्यास भएको पाइयो ।

यसरी सामुदायिक र संस्थागत दुवैतर्फ शरीरको लागि हिँड्ने, कुद्ने, उक्लने, ओर्लने जुत्ता खोल्ने जस्ता समान अभ्यास भएको पाइयो ।

### ४.५.३ इन्द्रियको लागि शिक्षण सिकाइ क्रियाकलापको अवस्था

बालबालिकाहरुले इन्द्रियको माध्यमबाट सिकाइ गर्दछन् । वातावरणमा रहेका वस्तुहरुलाई छोएर, चलाएर सुँघेर, हेरेर सुनेर ती वस्तुहरुको बारेमा ज्ञान प्राप्त गरी धारणाको विकास गर्दछन् । सुनेर भाग भन्दा पनि हेरेर, चलाएर उनीहरु छिटो सिक्ने गर्दछन् । इन्द्रियको विकासको लागि गरिएका शिक्षण सिकाइ क्रियाकलाप निम्नानुसार पाइयो ।

**तालिका ४.१५**

**इन्द्रियको लागि शिक्षण सिकाइ क्रियाकलापको अवस्था**

| क्रियाकलाप | सामुदायिक | संस्थागत |
|---|---|---|
| गन्ध पहिचान | भएको | भएको |
| आवाज सुन्ने र सुनाउने | भएको | भएको |
| स्पर्ष अभ्यास | भएको | भएको |
| आकार रङ्ग छुट्याउने | भएको | भएको |
| मौसमी परिवर्तन | भएको | भएको |
| (बिहान, दिउँसो, झरी, बादल, वर्षा) | शिक्षक पानी पऱ्यो पानी पऱ्यो भन्ने गीत गाएको | शिक्षकः रङ्ग छुट्याएको, तिम्रो ड्रेसको रङ्ग कस्तो छ भनी सोधेकै |
| क्रियाकलापको प्रत्यक्ष उदाहरण | विद्यार्थी ! सँगै गाएको | विद्यार्थीः सेतो भनी जवाफ दिएको |

स्रोतः स्थलगत अध्ययन, २०७० ।

माथिको तालिका अध्ययन गर्दा सामुदायिक र संस्थागत दुवै विद्यालयमा सञ्चालित बाल विकास केन्दमा इन्द्रियका लागि गन्ध पहिचान आवाज सुन्ने, सुनाउने, स्पर्श अभ्यास आकार रङ्ग छुट्याउने, मौसमी परिवर्तन जस्ता क्रियाकलाप भएको पाइयो । अमरज्योति बालविकास केन्द्रमा आवाजको लागि घण्टीको आवाज सुनेपछि खाजा खाएको colour chart देखाएर रङ्ग छुट्याएको मौसमी परिवर्तन सम्बन्धी ज्ञान दिन पानी परेको देखाउँदै पानी पऱ्यो, पानी पऱ्यो भन्ने गीत गाएर सुनाएको पाइयो । संस्थागत विद्यालयको एसियन बालविकास केन्द्रमा गन्ध पहिचानतको लागि खाजा बनाउँदा आएको वास्ना सुघ्न लगाएको, आवाजको लागि घण्टी बजेको सुनेको, रङ्ग पहिचानको लागि ड्रेसको रङ्ग कस्तो छ भनी सोधेको, मौसमी परिवर्तनको लागि पानी परेको देखाएको, बिहान Good morning भन्न सिकाएको पाइयो । दुवै बालविकास केन्द्रमा आकार छुट्याउने र चिन्ने क्रियाकलाप भने भएको पाइएन ।

यसरी सामुदायिक र संस्थागत दुवै विद्यालयबाट सञ्चालित बालविकास केन्द्रमा गन्ध पहिचान, रङ्ग पहिचान, स्पर्ष अभ्यास, मौसमी परिवर्तन, आवाज सुन्ने, हेरेर वस्तुहरु चिन्ने, मौसमी परिवर्तन जस्ता इन्द्रियजन्य शिक्षण सिकाइ क्रियाकलाप भएको पाइयो । प्र.अ. सँगको अन्तर्वार्तामा इन्द्रियजन्य क्रियाकलाप भएको बताएका थिए ।

### ४.५.४ सामाजिक समायोजनको लागि शिक्षण सिकाइ क्रियाकलापको अवस्था

समाजमा आफ्नो स्थान, अरुको स्थान र सम्बन्ध पत्ता लगाउन सक्षम हुने, आफ्नो घरपरिवार, देश र समाजका लागि आफ्नो स्तरले गर्न सकिने कार्यप्रति सचेत भइ त्यस्ता कार्य गर्न उत्सुक हुने,

परिवार विद्यालयमा गरिने कार्यमा सहभागी हुने, ठूलालाई आदर र सानालाई माया गर्ने, समूहमा मिलेर बस्ने जस्ता कार्यहरु सामाजिक समायोजन अन्तर्गत पर्दछन् । तसर्थ उनीहरुलाई सामाजिक समायोजन गर्न विभिन्न सामाजिक कार्यहरु गर्नुपर्दछ । प्रारम्भिक बालविकास केन्द्रमा सामाजिक समायोजनको लागि शिक्षण सिकाइ क्रियाकलापको अवस्था निम्नानुसार उल्लेख गरिएको छ ।

**तालिका ४.१६**

**सामाजिक समायोजनको लागि शिक्षण सिकाइ क्रियाकलापको अवस्था**

| क्रियाकलाप | सामुदायिक | संस्थागत |
|---|---|---|
| सामूहिक प्रार्थना | भएको | भएको |
| समूह कार्य | भएको | भएको |
| पालो पर्खने | भएको | भएको |
| आफ्नो र घर परिवारको परिचय | भएको | भएको |
| अभिवादन | भएको | भएको |
| सरसफाई | भएको | भएको |
| माया गर्ने | भएको | भएको |
| समूहमा आफ्ना कुरा राख्ने | भएको | भएको |
| स्वागत गर्न उभिने र वस नभनेसम्म नबस्ने | नभएको | नभएको |
| क्रियाकलापको प्रत्यक्ष उदाहरण | कक्षा अवलोकनकर्ता कक्षामा प्रवेश गरेपछि नमस्ते भनेको | नयाँ मान्छे कक्षामा प्रवेश गरेपछि नमस्ते भनेको |

स्रोतः स्थलगत अध्ययन, २०७० ।

माथिको तालिका अध्ययन गर्दा सामुदायिक र संस्थागत दुइवटै विद्यालयमा सञ्चालित बालविकास केन्द्रमा सामुहिक प्रार्थना, सामूहिक गीत, अभिवादन समूहकार्य, पालो पर्खने, आफ्नो र परिवारको परिचय दिने, आफ्नो र परिवारको परिचय दिने, सरसफाई माया गर्ने जस्ता क्रियाकलाप भएको पाइयो । दुवै बालविकास केन्द्रमा समूहमा आफ्ना कुरा राख्ने स्वागत गर्दा उभिने र वस नभनेसम्म नबस्ने क्रियाकलाप नभएको पाइयो ।

यसरी सामुदायिक र संस्थागत दुवै विद्यालयमा विद्यालय आएपछि सुरमा सामूहिक प्रार्थना गर्ने अभिवादन गर्ने, पालो पर्खने, आफ्नो र अभिभावकके परिचय दिने सरसफाइ जस्ता समान सामाजिक समायोजनका क्रियाकलाप भएको पाइयो ।

### ४.५.५ हातको लागि शिक्षण सिकाइ क्रियाकलापको अवस्था

हातका मांशपेसीको विकासका लागि विभिन्न प्रकारका क्रियाकलाप गर्नुपर्दछ । उन्ने, बुन्ने, फ्याक्ने, हातलाई दायाँ बायाँ तलमाथि लगी कवाज खेलाउने आदि हातका मांशपेशीको विकासका लागि गरिने क्रियाकलाप हुन् । यस अध्ययनमा बालबालिकाको हातको विकासको लागि निम्नानुसार शिक्षण सिकाइ क्रियाकलाप गरेको पाइयो ।

**तालिका ४.१७**

**हातको लागि शिक्षण सिकाइ क्रियाकलापको अवस्था**

| क्रियाकलाप | सामुदायिक | संस्थागत |
|---|---|---|
| लेख्ने अभ्यास | नभएको | |
| बल फ्याकेर निशाना लगाउने | | |
| गेडागुडी राखेको स-साना बल फ्याक्न र समात्न | | |
| सियोमा धागो उन्ने माटोबाट आकार बनाउने | नभएको | नभएको |
| कैंचीले कागज काट्ने | नभएको | नभएको |
| गमले कागज टाँस्ने | नभएको | नभएको |
| मादल बाँसुरी बजाउने | नभएको | नभएको |
| क्रियाकलापको प्रत्यक्ष उदाहरण | शिक्षक<br>Hand side<br>Hand up<br>Hand down<br>कसरत गराएको<br>कक्षा कार्य दिएको<br>विद्यार्थी: शिक्षकको निर्देशन अनुसार गरेको | शिक्षक:<br>दुई समूहलाई १ मिटरको फरकमा विद्यार्थीलाई राखेको पालैपालो वल पास गर्न लगाएको<br>विद्यार्थी: शिक्षकले निर्देशन अनुसार पालैपालो खेलेको |

स्रोत: स्थलगत अध्ययन, २०७० ।

माथिको तालिकालाई अध्ययन गर्दा सियोमा धागो उन्ने, कैंचीले कागज काट्ने, माटोबाट आकार बनाउने, गमले कागज टाँस्ने, स-साना व्यागजहरु फ्याक्ने समात्ने जस्ता क्रियाकलाप दुवै बालविकास केन्द्रमा नभएको पाइयो । अमरज्योति बालविकासकेन्द्मा सामूहिक प्रार्थना गर्दा नियमित

P.T. खेलाएको पाइयो । विद्यार्थीले समूह विभाजन गरी बन फ्याक्ने र समात्ने अभ्यास, दैनिक लेखाइ अभ्यास गराएका पाइयो । एसियन बालविकास केन्द्रमा बल फ्याक्ने र समात्ने दैनिक लेखाइ अभ्यास गरेको पाइयो । शिक्षकसँगको अन्तर्वार्तामा सामाग्री उपलब्ध नभएका कारण सियोमा धागो उन्ने, माटोबाट आकार बनाउने गमले कागज टाँस्ने जसता क्रियाकलाप नभएको बताएका थिए ।

यसरी दुइवटै बालविकास केन्द्रमा हातका लागि क्रियाकलाप कम भएको पाइयो ।

### ४.५.६ सम्वेगात्मक विकासको लागि शिक्षण सिकाइ क्रियाकलापको अवस्था

सुरक्षा स्वतन्त्रताको अनुभूति, आत्मविश्वास, आफू र आफ्नो भन्ने भावनाको विकास, आफूप्रति सकारात्मक भावना विकास, उचित स्थानमा उचित संवेग प्रकट गर्नु, अरुका कुराहरु सुन्न र सकार्नका लागि सचेत हुनु, आफ्नो कुरा व्यक्त गर्नु, अवस्था र आवश्यकता अनुरुप संयमित रहनु आदि सम्वेगात्मक विकास अन्तर्गत पर्दछन । सम्वेगात्मक विकासका लागि सम्वेग पैदा गर्ने खालका क्रियाकलाप गराउनु पर्दछन् । सम्वेगात्मक विकासका लागि सम्वेग पैदा गर्ने खालका क्रियाकलाप गराउनु पर्दछ । बालविकास केन्द्रमा सम्वेगात्मक भावनाको विकास गराउन गरिएको क्रियाकलापलाई तल उल्लेख गरिएको छ ।

**तालिका ४.१८**

**सम्वेगात्मक विकासका लागि शिक्षण सिकाइ क्रियाकलापको अवस्था**

| क्रियाकलाप | सामुदायिक | संस्थागत |
|---|---|---|
| मायाँ र प्रेमको अभ्यास | भएको | भएको |
| फिल्म कार्टुन देखाउने | भएको | भएको |
| नक्कल गर्ने गराउने | भएको | भएको |
| कथा, दुःख, सुखका कुराकानी, प्रशंसा र पुरस्कार | भएको | भएको |
| क्रियाकलापको प्रत्यक्ष उदाहरण | शिक्षकः राम्रो लेखेकोमा चकलेट दिएको<br>विद्यार्थीः खुसी भएर खाएको | शिक्षकः मायाँ गरेको अभ्यास गरेर देखाएको<br>विद्यार्थीः मायाँ गर्न सिकेको |

स्रोतः स्थलगत अध्ययन, २०७० ।

माथिको तालिका अध्ययन गर्दा संवेगात्मक विकासका लागि प्रशंसा र पुरस्कार दिने, माया र प्रेमको अभ्यास आदि संवेगात्मक भावना पैदा गर्ने खालका क्रियाकलाप भएको पाइयो । सामुदायिक तर्फ अमरज्योति बालविकास केन्द्रमा बालगीत फिल्म कार्टुन देखाउने गरेको पाइयो । एसियन बालविकासकेन्द्रमा फिल्म कार्टुन देखाउने गरेको पाइएन ।

यसरी सामुदायिक र संस्थागत दुवै विद्यालयमा प्रशंसा पुरस्कार, माया र प्रेमको अभ्यास जस्ता सम्वेगात्मक भावना पैदा गर्ने क्रियाकलाप भएको पाइयो अन्य क्रियाकलाप भएको पाइएन ।

समग्रमा हेर्दा सामुदायिक र संस्थागत दुवै विद्यालयमा विषयवस्तु अनुसार विभिन्न क्रियाकलाप भएको पाइयो । बौद्धिक विकास शारीरक विकास, सामाजिक विकास, सम्वेगात्मक विकास जस्ता विभिन्न पक्षको विकासमा जोड दिइ शिक्षण सिकाइ क्रियाकलाप गरेको पाइयो तर दुवै विद्यालयले विषयवस्तुअनुसार समानुपातिक ढंगबाट क्रियाकलाप नगरेको पाइयो ।

### ४.६ बालबालिकाको सहभागिता र सक्रियता

प्रारम्भिक बालविकास केन्द्रमा विभिन्न पृष्ठभूमि भएका बालबालिका आउँछन् । उनीहरुको उचित सहभागिता विना शिक्षण सिकाइ क्रियाकलाप प्रभावकारी हुँदैन । बालबालिकाको अवधारणा अनुसार उनीहरुको पृष्ठभूमि व्यवस्थापन र उचित सहभागतिाबाट शिक्षण सिकाइ क्रियकलाप गर्नुपर्ने हुन्छ । बालबालिकाको उपस्थिति बिना शिक्षण सिकाइ क्रियाकलाप सम्भव छैन । कक्षा अवलोकनका क्रममा विद्यार्थी उपस्थिति सम्बन्धी सूचना संकलन गरिएको थियो । सहभागिता र सक्रियता सम्बन्धी सूचना कक्षा अवलोकन शिक्षक र प्र.अ.सँग अन्तर्वार्ता लिएर सूचना संकलन गरिएको थियो । बालबालिकाको सहभागिता र सक्रियतालाई निम्नानुसार विश्लेषण र व्याख्या गरिएको छ ।

#### ४.६.१ बालबालिकाको उपस्थिति

बालबालिकाको उपस्थितिले शिक्षण सिकाइ क्रियाकलापलाई निर्धारण गर्दछ । बालबालिका नियमित उपस्थित हुनाले उनीहरुको सिकाइ पनि राम्रो हुन्छ । उपस्थितिले उनीहरुको क्रियाशीलता र लगनशीलतालाई जनाउँछ । शिक्षण सिकाइ क्रियाकलाप राम्रो र आकर्षित भएमा विद्यार्थीको उपस्थिति पनि बढी हुने हुन्छ । बालबालिकाको उपस्थितिलाई निम्नानुसार उल्लेख गरिएको छ ।

**तालिका ४.१९**

**बालबालिकाको उपस्थिति**

| बालविकास केन्द्र | जम्मा संख्या | उपस्थिति | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | १ | २ | ३ | ४ | ५ | जम्मा |
| सामुदायिक (अमरज्योति बालविकास केन्द्र) | ३३ | २० | २२ | २१ | १९ | २४ | १०६ |
| संस्थागत (एसियन बालविकास केन्द्र) | १७ | १३ | १५ | १६ | १४ | १५ | |

स्रोतः स्थलगत अध्ययन, २०७० ।

माथिको तालिकालाई अध्ययन गर्दा सामुदायिक विद्यालयको बालविकास केन्द्र, अमरज्योति बालविकास केन्द्रमा ३३ जनासमध्ये औषत २१ जनाको उपस्थिति भएको पाइयो भने संस्थागत विद्यालय

एसियन बोर्डिङ स्कूलको बालविकास केन्द्रमा औषत १५ जना अर्थात् ८८ प्रतिशतको उपस्थिति रहेको पाइयो ।

यसरी हेर्दा सामुदायिकमा भन्दा संस्थागत विद्यालयमा उपस्थितिहरु बढी रहेको पाइयो ।

### ४.६.२ बालबालिकाको सहभागिता र सक्रियता

बालबालिकाको सहभागिता र सक्रियता विना शिक्षण सिकाइ हुन सक्दैन । बालबालिकाको पृष्ठभूमि व्यवस्थापन र सहभागिताबाट शिक्षण सिकाइ क्रियाकलाप प्रभावकारी बनाउन सकिन्छ । बालबालिकाको सहभागिता र सक्रियतालाई तलको तालिकामा उल्लेख गरिएको छ ।

**तालिका ४.२०**

**बालबालिकाको सहभागिता र सक्रियता**

| क्रियाकलाप | सामुदायिक | | संस्थागत | |
|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| पूरा समय बसेको | २१ | १०० | १७ | १०० |
| सक्रिय भएको | १८ | ८५ | १३ | ७४ |
| मनोरञ्जन मानेको | १६ | ७६ | १५ | ८८ |
| खेल्न मन पराएको | १८ | ८५ | १३ | ७४ |

स्रोतः स्थलगत अध्ययन, २०७० ।

१३, १४, १५, १६, १७, १८, १९, २०, २१ ले ५ दिनको औषत सहभागिता र सक्रियालाई जनाउँछ ।

माथिको तालिका अध्ययन गर्दा सामुदायिक र संस्थागत दुवै विद्यालयका सत् प्रतिशत विद्यार्थी पूरा समय बसेको पाइयो । संस्थागत विद्यालयको ८५ प्रतिशत विद्यार्थीले मनोरञ्जन मानेको पाइयो भने सामुदायिक विद्यालयका ७६ प्रतिशतले मनोरञ्जन मानेको ८५ प्रतिशतले खेल्न मन पराएको र सक्रिय भएको पाइयो ।

यसरी सामुदायिक र संस्थागत दुवै विद्यालया उपस्थित भएका सम्पूर्ण विद्यार्थी पूरा समय बसेको र ८० प्रतिशतभन्दा माथि सक्रिय रहेको, मनोरञ्जन मानेको र विद्यालय आएर खेल्न मन पराएको पाइयो । विद्यार्थीको सहभागिता र सक्रियता राम्रो देखिन्छ ।

### ४.७ अनुगमन र निरीक्षण

प्रारम्भिक बालविकास केन्द्रमा नियमित रुपमा अनुगमन र निरीक्षण गरी शिक्षण सिकाइ क्रियाकलापमा देखिएका समस्याहरु पृष्ठपोषण दिने गर्नाले अपेक्षित उपलब्धि प्राप्त हुन सक्दछ । त्यसले यससँग सम्बन्धित सूचना संकलन गर्दा अध्ययन कर्ताद्वारा सामुदायिक र संस्थागत दुवै बालविकास केन्द्रमा अवलोकन गरिएको थियो भने प्र.अ. र शिक्षकसँग अन्तर्वार्ता प्रश्नावलीद्वारा अनुगमन र निरीक्षण सम्बन्धी सूचना संकलन गरिएको थियो ।

सामुदायिक र संस्थागत दुवैतर्फको बालविकास केन्द्रमा अभिभावक र विद्यालय व्यवस्थापन समिति र जि.शि.अ. स्रोतव्यक्ति तथा अन्य कुनै पनि बाह्य निकायले अनुगमन र निरीक्षण नगरेको पाइयो । प्र.अ. सँगको अन्तर्वार्तामा दुवै विद्यालयका प्र.अ. ले हप्ताको एकपटक अनुगमन र निरीक्षण गरी आवश्यक बालविकास केन्द्रमा शिक्षण गर्ने शिक्षकले प्र.अ. ले कहिलेकाहीँ अनुगमन र निरीक्षण गर्ने गरेको र अन्य बाह्य निकायबाट अनुगमन र निरीक्षण नभएको बताएका थिए ।

सामुदायिक र संस्थागत दुवै विद्यालयमा प्रं.अ. ले मात्र कहिलेकाहीँ अनुगमन र निरीक्षण गरेको पाइयो । जि.शि.का. स्रोतव्यक्ति तथा अन्य बाह्य निकायले समय समयमा अनुगमन र निरीक्षण गरी आवश्यक पृष्ठपोषण दिनुपर्ने देखिन्छ ।

### ४.८ शिक्षण सिकाइ क्रियाकलापका सवल पक्षहरु र दुर्वल पक्षहरु

सामुदायिक र संस्थागत विद्यालयमा सञ्चालित बालकक्षाको तुलनात्मक अध्ययनगर्ने क्रममा काठमाडौंको स्यूचाटार गा.वि.स. मा रहेको एउटा सामुदायिक विद्यालय अमरज्योति उ.मा.वि. र संस्थागत विद्यालयतर्फ एसियन बार्डिङ्ग स्कूललाई लिएको थियो । सम्बन्धित क्षेत्रमा गइ अध्ययनकर्ता स्वयमले कक्षा अवलोकन, प्र.अ. शिक्षकसँग अन्तर्वार्ता गरी शिक्षणका सवल र दुर्वल पक्षहरुको विश्लेषण र व्याख्या गरिएको छ ।

#### ४.८.१ सवल पक्षहरु

सामुदायिक र संस्थागत दुवै विद्यालयका प्रारम्भिक बालविकास कक्षामा अवलोकन गर्दा सामुदायिक र संस्थागत दुवै विद्यालय ठीक समयमा सुरुवात भएको पाइयो । शिक्षक र विद्यार्थी नियमित रुपमा उपस्थित भएको पाइयो । सामुदायिक भन्दा संस्थागत विद्यालयमा विद्यार्थीको उपस्थिति प्रतिशत बढी पाइयो । दुवै बालविकास केन्द्रमा कक्षाकोठामा भित्ते लेखन भएको र शिक्षण गर्दा भित्ते लेखन र शैक्षिक सामग्रीको प्रयोग भएको पाइयो । विषयवस्तुअनुसार बौद्धिक विकास, शारीरिक विकास संवेगात्मक विकास सामाजिक विकासका लागि विभिन्न क्रियाकलाप भएको पाइयो ।

### ४.८.२ दुर्वल पक्षहरु

संस्थागत र सामुदायिक दुवै बालकक्षाका शिक्षकले वार्षिक कार्ययोजना र दैनिक योजनाका लिखित अभ्यास नगरी शिक्षण गरेको पाइयो । पाठ्यक्रम, शिक्षक निर्देशिका र अन्य सन्दर्भ सामग्रीको अभाव देखिन्छ । अमरज्योति बालविकास केन्द्रमा पाठ्यक्रम शिक्षक निर्देशिका भए तापनि त्यसको प्रयोग भएको पाइँदैन । कक्षा अवलोकनका क्रममा शिक्षकको प्रस्तुतीकरणमा क्रमिकता देखिएन । बाल फर्निचरको अभाव देखियो । अन्तर्वार्ताका क्रममा संस्थागत विद्यालयका शिक्षक इन्दिरा अधिकारीले बच्चालाई ठोकेर चोटपटक लाग्ने सम्भावना भएकोले फर्निचर नराखेको बताएका थिए । विद्यार्थीलाई स्वतन्त्र रुपले चलाएर सिकाइ गर्नु भन्दा शिक्षक निर्देशित क्रियाकलाप बढी भएको पाइयो । शैक्षिक सामग्रीको प्रयोगभन्दा बढी वर्णनात्मक विधि प्रयोग गरेको पाइयो । संस्थागत विद्यालयका शिक्षकले अन्तर्वार्ताका क्रममा शिक्षकले भएको सामग्रीको प्रयोग नगरेको बताएका थिए । विज्ञान र अभिनय सिकाइका लागि कुनै पनि सामग्रीको प्रयोग नभएको पाइयो । बौद्धिक विकास, शारीरिक विकास, सामाजिक विकास, सम्वेगात्मक विकासका लागि केही मात्र क्रियाकलाप भएको पाइयो । शिक्षक र प्र.अ. सँगको अन्तर्वार्तामा पनि सामान्य रुपमा त्यस्ता क्रियाकलाप भएको बताएका थिउ । शिक्षण सिकाइ क्रियाकलापका दुर्वल पक्षलाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ ।

- पाठ्यक्रम र शिक्षक निर्देशिकाको अभाव
- सिकाइ क्षेत्र व्यवस्थापनको अभाव
- शिक्षण क्षेत्रका क्रियाकलाप अन्तर्गत गणित क्षेत्र, विज्ञान क्षेत्र अभिनय क्षेत्रको क्रियाकलाप कम भएको पाइयो
- विषयवस्तुअनुसार हातको लागि सम्वेगात्मक विकास सामाजिक समायोजन सम्बन्धी क्रियाकलाप कम भएको पाइयो ।
- वर्णन, निर्देशन, प्रदर्शन र छलफल विधिको मात्र बढी मात्रामा प्रयोग भएको पाइयो ।

### ४.९ कक्षा शिक्षणका क्रममा शिक्षकले भोगेका समस्याहरु

प्रारम्भिक बाल्यावस्थाको शिक्षण एक जटिल र कठिन कार्य हो । विभिन्न भाषिक पृष्ठभूमि भएका र विभिन्न बौद्धिक क्षमता भएका बालबालिका विद्यालय आएका हुन्छन् । उनीहरुको उमेर पनि फरक-फरक रहेको हुन्छ । ३ वर्ष नपुग्दै विद्यालयले बालबालिकालाई भर्ना गर्ने गर्दछ । उनीहरु पढ्न भन्दा बढी खेल्न रुचाउँछन् तर अभिभावक विद्यालयले बढी पढाइ लेखाइका जोड दिएका हुन्छन् । शिक्षकसँगको अन्तवार्तामा विभिन्न भाषिक पृष्ठभूमि भएका समुदायबाट बालबालिका आउने हुँदा भाषागत समस्या रहेको बताएका थिए । साथै अभिभावक र विद्यालयले पढाइ र लेखाइका बडी जोड दिने हुनाले उनीहरुलाई लेखाउन समस्या परेको, विद्यालय प्रशासनले समयमा नै शैक्षिक सामग्री उपलब्ध गराउँदा शिक्षण गर्न गाह्रो पर्ने, समय समयमा पुनताजगि तालिम नभएकोले नयाँ नयाँ शिक्षण विधि

प्रविधि पहिचान गर्न कठिनाइ परेको बताएका थिए । सामुदायिक र संस्थागत दुवैतर्फ शिक्षकले भोगेका समस्याहरुलाई निम्नानुसार बुँदागत रुपमा प्रस्तुत गर्न सकिन्छ ।

- भाषिक समस्या
- विभिन्न उमेर समूह हुने हुनाले उमेरगत सिकाइमा कठिनाइ
- प्रयाप्त शैक्षिक सामग्रीको अभाव
- समयसमयमा पुनताजगी तालिम नभएकोले नयाँ नयाँ शिक्षण विधि प्रविधि चयन गर्न कठिनाई
- सामुदायिक विद्यालयको बालकक्षामा विद्यार्थी संख्या धेरै भएकोले कक्षा नियन्त्रणमा कठिनाई
- कक्षाकोठा बाहिर खेलाउन खेल सामग्री नभएकोले विद्यार्थीलाई कक्षाभित्रै नियन्त्रण गरिरहन कठिनाई

# परिच्छेद -पाँच

# प्राप्ति, निष्कर्ष र सुझाव

यस अध्ययन काठमाडौं जिल्लाको स्यूचाटार गा.वि.स. अन्तर्गत एउटा सामुदायिक र एउटा संस्थागत विद्यालयमा आधारित छ । त्यसका लागि दुइवटै विद्यालयमा सञ्चालित बालविकास केन्द्रमा शिक्षण सिकाइ क्रियाकलापको अवस्था पहिचान गर्न गरिएको थियो । त्यसका लागि दुइवटै बालविकास केन्द्रका शिक्षक बालविकास केन्द्रसँग सम्बन्धित विद्यालयका प्र.अ. सँग अन्तर्वार्ता, बालबालिका र अभिभावकसँग समूह छलफल जस्ता सूचना संकलनका साधनहरु प्रयोग गरी सूचना संकलन गरिएको थियो । यसरी संकलन गरिएका सूचनाहरुको विश्लेषण र व्याख्याका आधारमा निम्नानुसार निष्कर्ष सुझावहरु प्रस्तुत गरिएको छ ।

## ५.१ प्राप्ति

यो शोध अध्ययनको क्रममा संकलित सूचनाहरुको विश्लेषण र व्याख्याको आधारमा प्राप्त भएका प्राप्तिहरुलाई क्रमशः निम्नानुसार प्रस्तुत गरिएको छ ।

### पूर्वतयारीको अवस्था

i. अध्ययनको क्रममा छनोटमा परेका बालविकास केन्द्रसँग सम्बन्धित विद्यालयले वार्षिक कार्यतालिका बनाइ त्यसमा बालबालिका केन्द्रको शिक्षण सिकाइ कार्यक्रमलाई पनि समावेश गरेको पाइयो ।

ii. पाठ्यक्रम र शिक्षक निर्देशिका लगायतका सन्दर्भ सामग्रीको अभावमा वार्षिक योजना र दैनिक योजना बनाएर शिक्षक सिकाई क्रियाकलाप हुन नसकेको पाइयो ।

iii. दुवै विद्यालयमा स्थानीय सामग्रीको प्रयोग नभएको पाइयो । बजारबाट किनेर ल्याएको सामग्री प्रयोग गरेको पाइयो ।

### आन्तरिक व्यवस्थापन (सिकाइ क्षेत्र) को अवस्था

i. सामुदायिक र संस्थागत दुवै विद्यालयमा सञ्चालित बालविकास केन्द्रमा भाषा क्षेत्र छुट्याएर सामग्री राखेको पाइएन तर भाषा क्षेत्रका क्रियाकलाप भएको पाइयो ।

ii. बालविकास केन्द्रमा विज्ञान क्षेत्र छुट्याएको पाइएन । गोटी क्षेत्रमा हुने शिक्षण सिकाइ क्रियाकलाप भएको र विद्यार्थी आफै सहभागी भएर सिकेको पाइयो ।

iii. गणित क्षेत्रका सामग्री व्यवस्थापन र सो अनुसारका शिक्षण सिकाइका क्रियाकलाप भएको पाइयो ।

iv. अभिनय क्षेत्र नछुट्याउनुका साथै आवश्यक सामग्रीको अभाव भएको पाइयो ।

v. सृजनात्मक क्षेत्र नुछट्याएको उक्त क्षेत्रसँग सम्बन्धित सामाग्रीको अभाव भएको र शिक्षण सिकाइ क्रियाकलाप पनि सामान्य रहेको पाइयो ।

vi. संगीत क्षेत्रका सामग्री भए पनि त्यसको उचित प्रयोग भएको पाइएन ।

**बाह्य वातावरण अवस्था**

i. सबै बालविकास केन्द्रमा शौचालय र खानेपानीको व्यवस्थापन भएको पाइयो । शौचालयमा जाने हात धुने क्रियाकलाप गराएको पाइयो ।

ii. पिङ चाकाचुर्ल्ला, चिप्लेटी पुल, भऱ्याङ, सुरक्षित पर्खाल जस्ता सामाग्री व्यवस्थापन गरेर शिक्षण सिकाइ क्रियाकलाप भएको पाइएन ।

**विषयवस्तु अनुसार शिक्षण सिकाइ क्रियाकलापको अवस्था**

i. सबै बालविकास केन्द्रमा दिमागको विकासको लागि कथा, कविताका माध्यमबाट सत्य, असत्य, राम्रो नराम्रो छुट्याउने क्रियाकलाप भएको भित्ते लेखनबाट वर्ण र अक्षर चिनइएको पाइयो ।

ii. सबै बालविकास केन्द्रमा स्पर्श अभ्यास, स्वाद लिने, चाख्ने अभ्यास मौसमी परिवर्तनसँग सम्बन्धित क्रियाकलाप भएको पाइएन भने शरीरको अंग पहिचान, गन्ध पहिचान, आकार र आवाज सुन्ने चिन्ने इन्द्रियको विकासको लागि केही मात्र क्रियाकलाप भएको पाइयो ।

iii. सबै बालविकास केन्द्रमा शरीरको लागि हिँड्ने, उफिने, दौडिने, ओर्लिने, उक्लिने क्रियाकलाप भएको पाइयो भने भाँच्ने, गाँठो पार्ने, निर्माण गर्ने नभएको पाइयो ।

iv. सबै बालविकास केन्द्रमा सामाूहिक प्रार्थना, समूहकार्य, माया गर्ने, अभिवादन सरसफाई, परिचय जस्ता सामाजिक समायोजनका क्रियाकलाप भएको पाइयो ।

v. सबै बालविकास केन्द्रमा सहयोगात्मकको लागि अनुभव साट्ने र हात समाएर हिँड्ने क्रियाकलाप भएको पाइयो । अन्धो अपाङ्गलाई डोऱ्याएर हिँड्ने जस्ता क्रियाकलाप भएको पाइएन ।

vi. हातको लागि बल पास गर्ने क्रियाकलापमा भएको पाइयो । सियोमा धागो उन्ने, दाँत ब्रसिङ, रेडियो खोल्ने, माटोबाट आकार बनाउने घडी लगाउने फुकाल्ने, कैंचीले कागज काट्ने क्रियाकलाप भएको पाइएन ।

vii. संवेगात्मक विकासको लागि माया, प्रेम, सुख, दुःख, कुराकानी कथा भन्ने र छलफल गर्ने गरेको पाइयो भने अन्य क्रियाकलाप भएको पाइएन ।

**शिक्षकको कार्यकर्ताको प्रस्तुतीकरण**

i. सबै बालविकास केन्द्रमा सहयोगी कार्यकर्ताले ठीक समयमा शिक्षण सिकाइ सुरुवात गरेको पाइयो ।

ii. प्रस्तुतीकरणमा क्रमिकता भएको पाइएन ।

iii. बालबालिकाको लागि विश्राम समय र खाजाको समय छुट्यषएको पाइयो ।

**बालबालिकाको सहभागिता**

i. दुवै बालविकास केन्द्रमा बालबालिकाको सहभागिता र सक्रियता सन्तोषजनक भएको पाइयो ।

**अनुगमन र निरीक्षण**

i. सबै बालविकास केन्द्रमा सम्बन्धित विद्यालयका प्र.अ.बाट अनुगमन र निरीक्षण भएको पाइयो ।

ii. अभिभावक, व्यवस्थापन समिति, जि.शि.का र अन्य निकायबाट अनुगमन निरीक्षण भएको पाइएन ।

**सबल पक्षहरु**

i. फराकिलो कक्षाकोठा, हावा र प्रकाश छिर्ने झ्यालढोका र आकर्षक भित्ते लेखन भएको पाइयो । विद्यार्थी र सहयोगी कार्यकर्ताको नियमित उपस्थित भएको पाइयो ।

ii. स्वतन्त्र खेलको अवसर दिइएको र मनोरञ्जनात्मक तथा सांगितिक क्रियाकलाप भएको पाइयो ।

iii. बालविकास केन्द्रको शिक्षण सिकाइ क्रियाकलाप ठीक समयमा सुरुवात र अन्त्य भएको पाइयो ।

iv. स्थानीय सामग्रीको प्रयोग भएको पाएइन ।

**दुर्वल पक्षहरु**

i. सबै बालविकास केन्द्रमा पाठ्यक्रम, शिक्षक निर्देशिका र बालमैत्री फर्निचरको अभाव रहेको पाइयो ।

ii. बालबालिकाहरुले आराम गर्ने र खाना खाने समय नछुट्याएको पाइयो ।

iii. सहयोगी कार्यकर्ताको प्रस्तुतीकरणमा क्रमिकताको अभाव, प्रयाप्त मात्रामा खेल तथा संगीत सामग्री अभाव, सिकाइ क्षेत्र व्यवस्थापनको अभाव रहेको पाइयो ।

iv. सिकाइ क्षेत्रका क्रियाकलाप अन्तर्गत गोटी क्षेत्र, गणित क्षेत्र र विज्ञान क्षेत्रका क्रियाकलाप सन्तोषजनक नभएको पाइयो ।

v. विषयवस्तु अनुसार इन्द्रियका लागि, हातको लागि, सहयोगको लागि र संवेगात्मक विकासको लागि कम मात्रामा क्रियाकलाप भएको पाइयो ।

vi. शिक्षकले भाषिक समस्या, प्रयाप्त शैक्षिक सामग्रीको अभाव शिक्षण विधि छनोटमा कठिनाइ, कक्षा नियन्त्रणमा कठिनाइ जस्ता समस्या भोग्नु परेको अन्तर्वार्ताका माध्यमबाट थाहा पाइयो ।

## ५.२ निष्कर्ष

यस अध्ययनबाट प्राप्त भएका सूचना वा तथ्यांकहरको विश्लेषण र व्याख्या पछि प्राप्त प्राप्तिहरुको आधारमा निम्नानुसार निष्कर्ष निकालिएको छ ।

पाठ्यक्रम, शिक्षक निर्देशिका र अन्य सन्दर्भ सामग्रीको अभावमा पूर्वतयारी वा योजनाबद्ध शिक्षण सिकइ नभएको देखिन्छ । बजारबाट खरिद सामग्रीको तुलनामा स्थानीय सामग्रीको प्रयोग बढी भएको देखियो । बालविकास केन्द्रमा आन्तरिक व्यवस्थापन अन्तर्गत सिकाइ क्षेत्रका व्यवस्थापन नभएको सिकाइ क्षेत्रका क्रियाकलाप पनि नभएको देखियो । बाह्य वातावरण अन्तर्गत खानेपानी र शौचालयको व्यवस्थापन भए पनि पिङ, चाकाचुली चिप्लेटी भऱ्याङ र पर्खालको व्यवसथापन नभएको देखियो । विषयवस्तु अनुसार दिमागको लागि, शरीरको लागि, सामाजिक समायोजनको लागि सन्तोषजनक क्रियाकलाप भएता पनि इन्द्रियका लागि, हातको लागि र संवेगात्मक विकासका लागि कम मात्रामा शिक्षण सिकाइ क्रियाकलापहरु भएको देखिन्छ । स्थानीय सामग्रीको प्रयोगको सट्टा बजारबाट किनेको सामग्री प्रयोग गरेको पाइयो । स्वतन्त्र खेलको अवसर दिइएको र मनोरञ्जनात्मकम क्रियाकलाप भएको देखिन्छ ।

बालबालिकको सहभागिता र सक्रियता सन्तोषजनक देखिन्छ भने शिक्षण सिकाइको अनुगमन र निरीक्षण आएको देखिएन ।

सामुदायिक र संस्थागत बालविकास केन्द्रमा पाठ्यक्रम र शिक्षक निर्देशिकाको व्यवस्था गर्नुपर्ने, बालमैत्री फर्निचरको निर्माण गर्नुपर्ने, सिकाइ क्षेत्रको व्यवस्थापन गरी शिक्षण सिकाइ गर्नुपर्ने । विषयवस्तु अनुसारका क्रियाकलाप खासगरी इन्द्रियका लागि, हातका लागि, सहयोगको लागि र संवेगात्मक विकासको प्रशस्त क्रियाकलाप गर्नुपर्ने । शिक्षण सिकाइमा शिक्षकको प्रस्तुतीकरणको क्रमिकताको अभाव भएकोले पुर्नताजगी तालिम प्रदान गर्नुपर्ने आदि निष्कर्ष निकाल्न सकिन्छ ।

## ५.३ सुझाव

यस अध्ययनबाट प्राप्त निष्कर्षका आधारमा सामुदायिक र संस्थागत विद्यालयको प्रारम्भिक बालविकास केन्द्रको शिक्षण सिकाइ क्रियाकलाप सम्बन्धमा निम्नलिखित सुझावहरु प्रस्तुत गरिएको छ ।

- बालविकास केन्द्रमा पाठ्यक्रम शिक्षक निर्देशिका र अन्य सन्दर्भ सामग्रीको अभाव भएको कारण पूर्वतयारी र योजनाबद्ध शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्न पाठ्यक्रम, शिक्षक निर्देशिका वा अन्य सन्दर्भ सामग्रीको व्यवस्था तुरुन्त गर्नुपर्दछ ।

- बालविकास केन्द्रका फर्निचर बालकको स्तर सुहाउँदो नभएकोले बालमैत्री फर्निचरको व्यवस्था गर्नुपर्दछ ।

- बालविकास केन्द्रमा आन्तरिक व्यवस्थापन अन्तर्गत सिकाइ क्षेत्र (गोटी क्षेत्र, भाषा क्षेत्र, विज्ञान क्षेत्र, गणित क्षेत्र, सृजनात्मक क्षेत्र आदि) को व्यवस्थापन गरी प्रत्येक सिकाइ क्षेत्रका प्रशस्त क्रियाकलाप गराउनु पर्दछ ।

- बाह्य वातावरणलाई व्यवस्थित बनाइ खेल र मनोरञ्जनबाट प्रभावकारी शिक्षण सिकाइ क्रियाकलाप गर्न पिङ, चाकाचुली, चिप्लेटी,पुल, भऱ्याङ, सुरक्षित पर्खाल जस्ता कुराहरुको व्यवस्थापन गर्नुपर्दछ ।

- विषयवस्तु अनुसार इन्द्रियको लागि, हातको लागि, सहयोगको लागि र संवेगात्मक विकासको लागि सहयोग पुग्ने क्रियाकलाप गराउनुपदृछ । शरीरका लागि, दिमागको लागि र सामाजिक समायोजनको लागि थप क्रियाकलाप गर्नुपर्दछ ।

- शिक्षण सिकाइमा सहयोग कार्यकर्ताको प्रस्तुतीकरणमा क्रमिकता नदेखिएकोले पुर्नताजगी तालिम प्रदान गर्नुपर्दछ ।

- बालविकास केन्द्रमा हुने शिक्षण सिकाइ क्रियाकलापको अभिभावक, व्यवस्थापन समिति, स्रोतकेन्द्र, जि.शि.का., आदिबाट समय समयमा अनुगमन निरीक्षण गर्नुपर्दछ । निरीक्षण र अनुगमन पछि शिक्षण सिकाइ क्रियाकलाप सम्बन्धमा पृष्ठपोषण पनि प्रदान गर्नुपर्दछ । यसका लागि अभिभावक र व्यवस्थापन समितिलाई अभिभावक जागरण तालिम दिनुपर्छ ।

- स्थानीय खेल, गीत र मादलबाट मनोरञ्जनात्मक शिक्षण सिकाइ हुने गरेको भएता पनि शिक्षण सिकाइलाई थप रोचक र प्रभावकारी बनाउन प्रशस्त मात्रामा खेल तथा संगीत जस्तैः रिङ, गुडिया, विभिन्न गोटीहरु, चित्रहरु, लुडो, डोमिनोज, जोडा मिलाउने पत्ती आदि सामग्रीको व्यवस्था गर्नुपर्दछ ।

- सामुदायिक र संस्थागत दुवै विद्यालयका प्रारम्भिक बालविकास कार्यक्रमका योजना निर्माण र राम्रो पक्षहरुको एक अर्कामा साझेदारी गर्ने व्यवस्था गरे राम्रो हुन्छ ।

- नीतिगत व्यवस्थामा ३-४ वर्षको बालशिक्षा र ४-५ वर्षको पूर्व प्राथमिक शिक्षा गरी २ वर्षे बाल शिक्षा राखेको छ भने कार्यान्वयन पक्षमा ४ वर्षे बालशिक्षा देखिएको छ । तसर्थ नीतिगत पक्षमा हेरफेर गर्नुपर्ने देखिन्छ ।

## सन्दर्भ सामग्री


अधिकारी, विष्णुप्रसाद (२०६९), **माध्यमिक शिक्षक दिग्दर्शन,** आशिष बुक्स हाउस प्रा.लि., बागबजार, काठमाडौं ।

वेलवासे, नारायण प्रसाद र अन्य (२०६९), **शैक्षिक मनोविज्ञान, अक्सफोर्ड प्रकाशन,** कालिका स्थान, काठमाडौं ।

**केन्द्रहरुमा सहयोगी कार्यकर्ताको प्रभावकारी भूमिका,** कार्यगत अनुसन्धान, काठमाडौं : त्रि.वि. सेरिड ।

खनाल, पेशल (२०६६), **शैक्षिक अनुसन्धान पद्धति,** कीर्तिपुर, काठमाडौंः क्षितिज प्रकाशन ।

गौतम, चक्रपाणी (२०६८), **संस्थागत विद्यालयमा सञ्चालित बालशिक्षा शिक्षण सिकाइ क्रियाकलाप एक अध्ययन नामक शोधपत्र,** काठमाडौं, कीर्तिपुर ।

जबरा, स्वयंप्रकाश (२०६४), **बालविकास र सिकाइ,** विद्यार्थी पुस्तक भण्डार, भोटाहिटी, काठमाडौं ।

जोशी, राधाकृष्ण (२०५९), **विकासको निम्ति शिक्षा**, त्रिपुरेश्वर ।

रिजाल, जनार्दन (२०६६), **नेपालमा प्रारम्भिक बालविकास र बालविकास कार्यक्रमको कार्यान्वयन अवस्था र चुनौतीहरु,** पाठयक्रम तथा मूल्यांकन सम्प्रेषण, पाठ्यक्रम तथा मूल्यांकन विद्यार्थी समाज, त्रि.वि., कीर्तिपुर ।

सेरिड (२०६२), **समुदायमा आधारित बालविकास**, काठमाडौंः त्रि.वि. सेरडि ।

सेरिड (२०५५), **शिशु शिक्षा कार्यक्रमको प्रभावकारिता अध्ययन,** काठमाडौंः त्रि.वि. सेरिड ।

शर्मा (ढकाल), इश्वरी (२०६८), **प्रारम्भिक वाल्यवस्था विकास शिक्षण विधि,** हाइल्याण्ड प्रकाशन ।

शिक्षा विभाग (२०५९), **बालविकास आधारभूत तालिम पुस्तिका,** सानोठिमी भक्तपुरः शिक्षा विकास बालविकास शाखा ।

शिक्षा विभाग (२०६१), **प्रारम्भिक बालविकास कार्यक्रम सञ्चालन सम्बन्धी निर्देशिका**, सानोठिमी, भक्तपुरः नेपाल सरकार ।

शिक्षा विभाग (२०६१), **नेपालमा प्रारम्भिक बालविकास सम्बन्धी रणनीति पत्र,** सानोठिमी भक्तपुरः नेपाल सरकार ।

शिक्षा भिाग (२०६२), **प्रारम्भिक बालबविकास दिग्दर्शन,** सानोठिमी, भक्तपुरः नेपाल सरकार ।

शिक्षा मन्त्रालय (२०६६), **विद्यालय क्षेत्र सुधार योजना,** केशरमहल, काठमाडौंः नेपाल सरकार ।

शिक्षा विभाग (२०६७), **प्रारम्भिक बालविकास केन्द्रको राष्ट्रिय न्यूनतम मापदण्ड मार्गदर्शक पुस्तिका,** सानोठिमी, भक्तपुरः नेपाल सरकार शिक्षा मन्त्रालय ।

शैक्षिक जनशक्ति विकास केन्द्र (२०६४), **शिक्षण स्रोत सामग्री** (सजाय रहित शिक्षण सिकाइ तरिका), सानोठिमी, भक्तपुरः नेपाल सरकार ।

श्रेष्ठ (२००४), प्रारम्भिक बालशिक्षा एक चिनारी, पाठ्यक्रम तथा मूल्याङ्कन सम्प्रेषण, पाठ्यक्रम तथा मूल्याङ्कन, विद्यार्थी समाज, त्रि.वि. कीर्तिपुर ।

Aryal, Prem Narayan (2002). **A study of early childhood education programme in Nepal.** Faculty of Education, Banaras Hindu University, Banaras).

## अनुसूची-१

### छलफलमा सहभागी अभिभावक

| क.सं. | अभिभावकको नाम (सामुदायिक) | क.सं. | अभिभावकको नाम (संस्थागत) |
|---|---|---|---|
| १ | विष्णु तामाङ | १ | सरीता कडेल |
| २ | चमेली ढुंगाना | २ | फूलमाया तामाङ |
| ३ | अमृता खड्का | ३ | फूलमाया लामा |
| ४ | ज्ञानेश कुमार | ४ | विशेश्वर देवकोटा |
| ५ | पृथ्वी तिमल्सिना | ५ | लक्ष्मण बुढाथोकी |
| ६ | सबिना खड्का | ६ | शर्मिला लामा |
| ७ | रमेश उपाध्याय | ७ | दुर्गा गौतम |
| ८ | केदार पराजुली. | ८ | निर्मल ओझा |
| ९ | मंगला शर्मा | ९ | कविता रेग्मी |
| १० | पुष्पा मगर | १० | लक्ष्मण शाह |

## अनुसूची-२

## छलफलमा सहभागी बालबालिका

| क.सं. | बालबालिकाको नाम (सामुदायिक) | क.सं. | बालबालिकाको नाम (संस्थागत) |
|---|---|---|---|
| १ | सुदिप तामाङ्ग* | १ | दिप्सल कडेल* |
| २ | रुपेश तामाङ्ग | २ | सविन श्रेष्ठ |
| ३ | निसा थापा* | ३ | हार्दिक बुढाथोकी* |
| ४ | अमृत तामाङ | ४ | जेनिशा गौतम* |
| ५ | दाउत कटुवाल | ५ | सुकराज लामा |
| ६ | थलिसा मगर | ६ | सजिना रेग्मी* |
| ७ | सुजाता थापा मगर* | ७ | प्रिसिका मगर* |
| ८ | यूनिका श्रेष्ठ | ८ | हिमान्सु ओझा |
| ९ | विशाल धामी* | ९ | रोजिन खड्का* |
| १० | कुशल गुरुङ | १० | रेविना श्रेष्ठ |
| ११ | रमित | ११ | लक्ष्मी शाह* |
| १२ | विवेक खड्का* | १२ | प्रान्सु देवकोटा |
| १३ | विशाल कु. शाह | १३ | जेनिशा लामा* |
| १४ | अनुरुत शाह | १४ | रिजन ढकाल* |
| १५ | विशाल तामाङ | १५ | जेशन डेउला |
| १६ | यूनिसा तिमल्सेना | १६ | परिनिता बुढाथोकी |
| १७ | अर्चना पराजुली* | १७ | जेशन देउला |
| १८ | सुसान लामा | १८ | परिजिता बुढाथोकी |
| १९ | दिपा शर्मा | | |
| २० | सुशिल मगर | | |
| २१ | सुजल मगर* | | |
| २२ | आकृति हमाल | | |
| २३ | अदिनल थिगे | | |
| २४ | सुहाना खातुक | | |
| २५ | सानिया खातुक | | |
| २६ | सागर कु. शाह | | |
| २७ | विमल तामाङ | | |
| २८ | आरती कार्की* | | |
| २९ | सागर थापा | | |
| ३० | जेनिशा श्रेष्ठ | | |
| ३१ | प्रतिभा इटनी | | |
| ३२ | जुलियाना मेम्बा | | |
| ३३ | यूनिस थापा | | |

* छलफलमा सहभागी बालबालिका

## अनुसूची-३

## विद्यालय सर्वेक्षण फाराम

विद्यालयको नाम :

प्रधानाध्यापकको नामः

ठेगाना :

सर्वेक्षण मितिः

गा.वि.स.:

इमेलः

वडा नं.:

फ्याक्सः

टेलिफोन

**१. विद्यालयको भौतिक पक्ष**

**(क) बाह्य वातावरण व्यवस्थापन**

i) विद्यालयको स्वामित्वमा रहेको जमिन रोपनी/कठ्ठा

ii) भवनले ओगटेको क्षेत्रफलः

iii) भवनको प्रकारः

कच्ची ( ) पक्की ( ) निजी ( )

बहाल ( ) अन्य ( )

iv) कक्षाकोठाको साइज सानो ( ) मध्यम ( ) ठूलो ( )

v) कक्षाकोठाका उपयुक्तताः अति राम्रो ( ) राम्रो ( )

ठिकै ( ) निम्नस्तर ( )

vi) वातावरण

| वातावरण | उपलब्ध भएका सामग्री | प्रयोगको अवस्था |
|---|---|---|
| सुरक्षित वातावरण | | |
| उपकरण र सामग्री | | |

**(ख) आन्तरिक वातावरण व्यवस्थापन**

| झ्याल ढोका | छ | छैन | अवस्था |
|---|---|---|---|
| आराम गर्ने स्थान | | | |
| कार्यालय | | | |
| पुस्तकालय | | | |
| भण्डारण कोठा | | | |
| ल्याव | | | |
| किचन कोठा | | | |
| कक्षाकोठामा कार्पेट | | | |
| गुन्द्रि | | | |

| | | | |
|---|---|---|---|
| चगटी | | | |
| डेक्स | | | |
| बेन्च | | | |
| मेच/टेबुल | | | |
| कुर्ची | | | |
| कालोपाटी/सेतोपाटी | | | |

## २. शैक्षिक व्यवस्थापन/विद्यार्थी व्यवस्थापन

| i) सिकाइ क्षेत्र | उपलब्ध भएका सामग्री | अवस्था | विषयवस्तुअनुसार प्रयोग गरेको विधि/क्रियाकलाप |
|---|---|---|---|
| भाषा क्षेत्र | | | |
| गोटी क्षेत्र | | | |
| विज्ञान क्षेत्र | | | |
| गणित क्षेत्र | | | |
| सृजनात्मक क्षेत्र | | | |
| संगीत क्षेत्र | | | |

ii. समूह विभाजन गरिएको छ/छैन ?

iii. कक्षाकोठामा नक्सा, चार्ट आदि सामग्री प्रदर्शन गरिएका छन्/छैनन् ।

iv. प्राथमिक उपचार व्यवस्था छ / छैन ?

v. अन्य शैक्षिक सामग्रीको विवरण

| क.सं. | सामग्री | भएको | नभएको | भए संख्या | अवस्था |
|---|---|---|---|---|---|
| १ | कम्प्युटर | | | | |
| २ | फोटोकपी | | | | |
| ३ | फ्याक्स | | | | |
| ४ | टाइपराइटर | | | | |
| ५ | क्यासेट | | | | |
| ६ | टी.भी. | | | | |
| ७ | अन्य | | | | |

## अनुसूची-४

## कक्षा अवलोकन फाराम

विद्यालयको नाम र ठेगानाः कक्षाः समयः

उपस्थित विद्यार्थी संख्याः जम्माः छात्रः छात्राः

शिक्षकको नाम थर : तहः श्रेणीः योग्यता

अनुभव वर्षः

तालिमः

पाठ :

### १. पूर्व तयारी

| | छ | छैन | अवस्था |
|---|---|---|---|
| योजना निर्माण | | | |
| समूह विभाजन | | | |
| सन्दर्भ सामग्रीको तयारी | | | |
| शैक्षिक सामग्रीको तयारी | | | |

### २. प्रस्तुतिकरण

| | छ | छैन | अवस्था |
|---|---|---|---|
| ) ठिक समयमा सुरुवात | | | |
| ) उत्प्रेरणा | | | |
| ) पुनरावलोकन | | | |
| ) प्रस्तुतिकरणमा क्रमिकता | | | |
| ) धारणामा स्पष्टता | | | |
| ) समय सिमा | | | |
| ) हाउभाउ बोलीमा स्पष्टता | | | |
| ) समावेशी वसाइ व्यवस्थापन | | | |
| ) स्थानीय र विद्यार्थी निर्माण सामग्रीको प्रयोग | | | |
| ) सामुहिक अनुभवहरु | | | |
| ) खाजको समय | | | |
| ) विश्राम समय | | | |
| ) नाट्य र संगीत अनुभव | | | |
| ) स्वतन्त्रता | | | |

## ३. विषयवस्तुअनुरुप शिक्षण सिकाइ क्रियाकलाप अवलोकन

### (क) दिमागको लागि

| क्रियाकलाप | प्रयोग भएका सामग्री | प्रयोग भएको विधि क्रियाकलाप | |
|---|---|---|---|
| | | शिक्षक क्रियाकलाप | विद्यार्थी क्रियाकलाप |
| | | | |
| | | | |
| | | | |
| | | | |

### (ख) इन्द्रियको लागि

| क्रियाकलाप | प्रयोग भएका सामग्री | प्रयोग भएको विधि/क्रियाकलाप | |
|---|---|---|---|
| | | शिक्षक क्रियाकलाप | विद्यार्थी क्रियाकलाप |
| | | | |
| | | | |
| | | | |
| | | | |

### (ग) शरीरको लागि

| क्रियाकलाप | प्रयोग भएका सामग्री | प्रयोग भएको विधि/क्रियाकलाप | |
|---|---|---|---|
| | | शिक्षक क्रियाकलाप | विद्यार्थी क्रियाकलाप |
| | | | |
| | | | |
| | | | |
| | | | |

### (घ) सम्वेगात्मक विकासको लागि

| क्रियाकलाप | प्रयोग भएका सामग्री | प्रयोग भएको विधि/क्रियाकलाप | |
|---|---|---|---|
| | | शिक्षक क्रियाकलाप | विद्यार्थी क्रियाकलाप |
| | | | |
| | | | |
| | | | |
| | | | |

**(ङ) सामाजिक समायोजनको लागि**

| क्रियाकलाप | प्रयोग भएका सामग्री | प्रयोग भएको विधि/क्रियाकलाप | |
|---|---|---|---|
| | | शिक्षक क्रियाकलाप | विद्यार्थी क्रियाकलाप |
| | | | |
| | | | |
| | | | |
| | | | |

**(छ) हातको लागि**

| क्रियाकलाप | प्रयोग भएका सामग्री | प्रयोग भएको विधि/क्रियाकलाप | |
|---|---|---|---|
| | | शिक्षक क्रियाकलाप | विद्यार्थी क्रियाकलाप |
| | | | |
| | | | |
| | | | |
| | | | |

**(छ) सहयोगात्मकको लागि**

| क्रियाकलाप | प्रयोग भएका सामग्री | प्रयोग भएको विधि/क्रियाकलाप | |
|---|---|---|---|
| | | शिक्षक क्रियाकलाप | विद्यार्थी क्रियाकलाप |
| | | | |
| | | | |
| | | | |
| | | | |

**४. मूल्याङ्कन**

| सिकाइ प्राप्तिका लेखाजोखा | छ | छैन | अवस्था |
|---|---|---|---|
| पृष्ठपोषण | | | |

**५. निष्कर्ष**

सारांश प्रस्तुति गृहकार्य

| कक्षा अन्त्य र विदाई | छ | छैन | अवस्था |
|---|---|---|---|
| गीत | | | |

**अन्य पक्षमा अवलोकनकर्ताको टिप्पणी**

(क) शिक्षकले कक्षामा धेरैजसो समय कुन क्रियाकलापमा व्यतित गरेको छ ?

विषयवस्तुको व्याख्यामा ( )

विद्यार्थीसँगको अन्तरक्रिया ( )

मूल्याङ्कनमा ( )

तालिममा सिकेका कुरा कक्षाकोठामा प्रयोग भएको नभएको ?

(ख) शिक्षकको व्यक्तित्वः

(i) विषयवस्तुको ज्ञान

(ii) कोलीको स्पष्टता

(iii) भाषाको स्तर

(iv) प्रभावकारी सञ्चार

(v) मिलनसारिता

(vi) आत्मविश्वास

(vii) सफासुग्घर

(ग) अवलोकनमा पाइएका राम्रा पक्षहरु

(i)

(ii)

(iii)

(iv)

(v)

| **समस्याहरु** | **कारणहरु** |
|---|---|
| | |
| | |
| | |

**अवलोकनकर्ताको नामः** **कक्षा शिक्षकको हस्ताक्षर**

**हस्ताक्षरः** **मितिः**

## अनुसूची-५

## प्रारम्भिक बालविकास (पूर्वप्राथमिक) शिक्षकका लागि अन्तर्वार्ता प्रश्नावली

| | |
|---|---|
| विद्यालयको नाम: | मिति: |
| शिक्षकको नाम : | शैक्षिक योजना: |
| ठेगाना: | तालिम: |
| वैवाहिक स्थिति: | पद: |

१. तपाइले बालविकास केन्द्रको पाठयक्रम प्राप्त गर्नुभएको छ ? प्राप्त गर्नुभएको भए कुन स्रोतबाट प्राप्त गर्नुभयो ?

२. तपाईसँग शिक्षक निर्देशिका छ ?

३. छ भने निर्देशिकामा दिएको निर्देशन अनुसार शिक्षण गर्नभएको छ ?

४. तपाइले शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्न के पूर्वतयारी गर्नुहुन्छ ? गर्नुहुन्छ भने कसरी गर्नुभएको छ ?

५. पूर्वतयारी अनुसार कार्य गर्नुभएको छ ?

६. तपाईले कक्षाकोठामा सिकाइ केन्द्रको छ कुना व्यवस्थापन गर्नुभएको छ ?

७. तपाईले प्रारम्भिक बालविकास सम्बन्धी तालिम प्राप्त गर्नुभएको छ ?

८. तालिम प्राप्त गर्नुभएको भए कक्षा शिक्षणमा तालिम सामग्रीको प्रयोग गर्नुभएको छ ?

९. के शैक्षिक सामग्रीहरु प्रयाप्त छन् भने कसरी प्रयोग गर्नुहुन्छ ?

१०. शिक्षण सिकाइ गर्दा कुन-कुन विधिको प्रयोग गर्नुहुन्छ ?

११. शिक्षण सिकाइमा बालबालिकालाई कसरी सहभागी गराउनुहुन्छ ?

१२. के शिक्षण गर्दा इन्द्रियको लागि, दिमाग, सामाजिक समायोजन संवेगात्मक विकास जस्ता पक्षलाई जलोड दिइ शिक्षण गर्नुहुन्छ ?

१३. गर्नुहुन्छ भने इन्द्रियको लागि के क्रियाकलाप गर्नुहुन्छ ?

१४. दिमागको लागि के के क्रियाकलाप गर्नुहुन्छ ?

१५. सामाजिक समायोजनको लागि गरिने क्रियाकलाप गराउनुभएको छ ? के-के क्रियाकलाप कसरी गराउनु हुन्छ ?

१६. हातको लागि के के क्रियाकलाप कसरी क्रियाकलाप गराउनु हुन्छ ?

१७. सम्वेगात्मक विकासको लागि क्रियाकलापहरु गराउनु भएको छ ? के के क्रियाकलाप कसरी गराउनु हुन्छ ?

१८. बालबालिकाको शिक्षण सिकाइमा सहभागिता र सक्रियता बढाउन के के प्रयासहरु गर्नुभएको छ ?

१९. बालबालिकाको व्यवहार परिवर्तनको मूल्याङ्कन कसरी गर्नुहुन्छ ?

२०. शिक्षण सिकाइ क्रियाकलाप गर्दा भोगेका समस्याहरु के के छन् ?

२१. तपाईको विचारमा पूर्वप्राथमिक कक्षालाई व्यवस्थित गर्न के गर्नुपर्ला ?

२२. तपाईको विचारमा प्रभावकारी शिक्षण सिकाइ क्रियाकलाप गर्न के के गर्नुपर्ला ?

## अनुसूची-६

## प्रारम्भिक बालविकास केन्द्र (पूर्व प्राथमिक विद्यालय) रहेको विद्यालयको प्र.अ.सँग लिएको अन्तर्वार्ता प्रश्नावली

प्र.अ. को नाम : अन्तर्वार्ता मितिः

विद्यालयको नाम : शैक्षिक योग्यताः

अनुभव वर्ष : तालिम

१. तपाइले पूर्वप्राथमिक कक्षाको शिक्षण सिकाइ क्रियाकलापसँग सम्बन्धित के के योजना निर्माण गर्ने/गराउने गनुभएको छ ?

२. योजना बनाउँदाक-कसको सहभागितामा बनाउनुहुन्छ ?

३. निर्माण गरेको योजना कार्यान्वयन गनुभएको छ ?

४. पूर्वप्राथमिक कक्षाको कक्षाकोठा व्यवस्थापन कस्तो छ ?

५. कक्षाकोठामा सिकाइक्षेत्रको व्यवस्थाका साथै कक्षाकोठाको आकार क्रियाकलाप गर्न प्रयाप्त छ ? छैन भने के गर्नुपर्ला ?

६. पूर्वप्राथमिक शिक्षासँग सम्बन्धित पाठ्यक्रम पाठ्यपुस्तक निर्देशिका र अन्य सन्दर्भ सामग्रीको उपलब्धताको अवस्था कस्तो छ ?

७. शैक्षिक तथा खेल तथा संगीत सामग्रीको उपलब्धता के कस्तो छ ?

८. शिक्षण सिकाइ क्रियाकलाप गर्दा विद्यालयमा भएका शैक्षिक सामग्रीका प्रयोग भएको पाउनु भएको छ ? छ भने कुन-कुन र कसरी प्रयोग भएको छ ?

९. दैनिक समय तालिका विभाजन गरी सोही अनुसार कार्य भएको छ ?

१०. समय समयमा पुनर्ताजगी तालिम सञ्चालन गर्ने गरिएको छ ?

११. बालशिक्षा (पूर्वप्राथमिक) कक्षाको शिक्षण सिकइ क्रियाकलापको कुन-कुन समय कतिपटक अनुगमन गर्नुहुन्छ ?

१२. बाह्य निकायबाट अनुगमन र सुपरिवेक्षण हुने गरेको छ ?

१३. विद्यार्थीको व्यवहारको मूल्याङ्कन कसरी गरिन्छ ?

१४. पृष्ठपोषणको स्थिति के छ ?

१५. अभिभावकको सहभागिता र सक्रियता कस्तो छ ?

१६. अभिभावकको सहभागिता र सक्रियता बढाउन कस्ता क्रियाकलाप गरिएको छ र के गर्नुपर्ला ?

१७. अभिभावकबाट कस्ता कस्ता गुनासाहरु आउने गरेका छन् ?

१८. पूर्वप्राथमिक कक्षाको शिक्षण सिकाइ क्रियाकलाप देख्नुभएको सवल पक्षहरु के के छन् ?

१९. समस्या र कमजोर पक्षहरु के के हपाउनु भएको छ ?

२०. कमीकमजोरीलाई सुधार गर्न के गर्नुपर्ला ?

## अनुसूची-७

## अभिभावकको लागि समूह छलफल निर्देशिका

**छलफल सञ्चालन प्रक्रिया**

- परिचय
- सहभागीलाई कार्यक्रमबारे जानकारी
- समूह विभाजन
- छलफल सुरुवात
- सुचनाको रेकर्ड

**१. अर्थबोध**

**२. आशा**

**३. प्रतिक्रिया**

## अनुसूची-८

## बालबालिकाका लागि समूह छलफल निर्देशिका

पूर्व प्राथमिक कक्षाको शिक्षण सिकाइ क्रियाकलापमो अवस्था पहिचान गर्ने बालबालिकासँग गरिने समूह छलफल निर्देशिका

**१) समूह छलफल सञ्चालन प्रक्रिया**

(क) परिचय आदानप्रदान

(ख) कार्यक्रमको सामान्य जानकारी

(ग) समूह विभाजन

(घ) छलफल सुरुवात

(ङ) सूचनाको रेकर्ड राख्ने ।

**समूह छलफल हुने विषयहरु**

**(१) परिचय आदानप्रदान अन्तर्गत**

(क) आफ्नो परिचय बताउने दक्षता

(ख) अभिभावकको नाम, पेशा बताउने दक्षता

(ग) विद्यालयको नाम बताउने क्षमता

**२) आफ्नो रुचीहरु भन्ने क्षमता**

खेल खेल्ने, बालकथा, कविता, गीत भन्ने क्षमता सम्बन्धमा

**३) विद्यालयीय अनुभव बताउने क्षमता**

- विद्यालय आउन मनपर्ने/नपर्ने
- शिक्षकले माया गर्ने/गाली गर्ने भन्न सक्ने क्षमता
- साथीसँग राम्रो लाग्ने वा नलाग्ने
- नाटक अनुभव, संगीत अनुभव
- विश्राम, शौचालय प्रयोग

## अनुसूची-९

## फोटोग्राफ




छनोटमा परेका सामुदायिक सामुदायिक विद्यालय




छनोटमा परेका संस्थागत विद्यालय




सहभागी बालबालिकाहरु (सामुदायिक)



संस्थागत विद्यालयको जुनियर ल्याब



छलफलमा सहभागी संस्थागत विद्यालयका बालबालिकाहरु



संस्थागत विद्यालयको प्र.अ. सँग गरिएको अन्तर्वार्ता

# Amar Jyoti Higher Secondary School
# अमर ज्योति उच्च माध्यमिक विद्यालय
**Co-Educaton**

सह शिक्षालय

Syuchatar-5, Kathmandu, Nepal.

Esta. 2041


०६०।८।५

जो जससँग सम्बन्धित छ।

त्यस शिक्षा शास्त्र केन्द्रिय विभाग कीर्तिपुरबाट पाठ्यक्रम तथा मूल्याङ्कन अन्तर्गत एम.एड. दोस्रो वर्षका विद्यार्थी शान्ता महर्जनले यस विद्यालयमा ५ दिन E.C.D सम्बन्धि अध्ययन अनुसन्धान गर्नु भएको व्यहोरा अनुरोध छ।

सुन्दर पन्त।
प्राचार्य
अमर ज्योति उच्च मा. वि.


G.P.O. Box : 23523, Tel. No. : 01-4270944, e-mail : amarjyotiss69@yahoo.com

Reg. No. 990/065/066 DEO, KTM

Gov. Regd. 50617/064/065

# Adroit Scholar's Int'l Academy Nepal

(ASIAN SCHOOL)

Estd. 2007

Pan No.: 303021397

Ref. No. 38/070

Date: 2070-04-16

## TO WHOM IT MAY CONCERN

This is to certify that Miss Shanta Bhatta, the daughter of Mr. Ishwori Prasad Bhatta, an inhabitant of Maidi VDC, Ward no.:2, Dhading district, has studied research activity concerned with E C D. for five days as referred by Education Faculty Central Department, Kirtipur.

Founder Principal

Gopal Prasad Kadel

Syuchatar-2, Dadapatichowk, KTM, Tel.: 4036510, www.adroitacademy.edu.np, E-mail: info@adroitacademy.edu.np

ञ